6) The comments of Dowman (1981) p. 212 are thus no longer applicable: "Then in 1505 in another major restoration, which Yol-mo-pa Sakya bzang-po patronised, the wheel and pinnacle were placed on top by gTsang-smyon, the crazy yogin Sangs-rgyas rgyal-mtshan from West Tibet." Concerning sNgags-'chang Sakya bzang-po and the rediscovery of the stupa of Bodnath see Ehrhard (1990) pp. 7-9. This setting matters straight should not, of course, detract from the fact that the work done by gTsang-smyon He-ru-ka at Svayambhunath and by sNgags-'chang Sakya bzang-po at Bodhnath Stupa took place at approximately the same time (which may likewise have contributed to the confusion). Cf. *rTogs-brjod*, fol. 16a/2-4: "At this time gTsang-pa (= gTsang-smyon) also came to perform his service at [the stupa of] *Shing-kun*. On account of a test of their magical prowess he [i. e., gTsang-smyon] spoke *phat* into the cloudless sky, and clouds gathered At the second *phat* there was a clap of thunder; at the third [*phat*] gold rained down. The great mantradhara [i. e., sNgags-'chag Sakya bzang-po] spoke three times [the syllable] *hum* and made three times the gesture of threat, at which the forests of Nepal and all the mountains bowed their heads [to him]." (*de'i tshe gtsang pa yang shthg kun gyi zhabs tog la byon pa dang rdzu 'phrul 'gran pas/kong gi* (= gis) *nam mkha' sprin med pa la phat ces brjod pas / phrin* (= sprin) *'dus / phat gnyis pa la 'brug sgra grag / gsum pa la ser ba phabs so / rigs sngags 'chang ba chen po 'di ni / hum gsum brjed cing phyag 'dzub gug pa gsum mdzad pas / bal yul gyi nags tshal ri bo dang bcas pa thams cad mgo gug gug byed pa byung*).

mation concerning the donors who helped defray expenses:

"Afterwards the mast broke. The great teacher Sariputra set it up [again]. Faithful persons such as the great rulers of Central Tibet, the provincial regents (*khri dpon*) of lHo and Byang, the sher (= shar ?) mkhan-po of Khams me-nyag [all] offered countless wealth and acted as donors."

"The king of Nepal, Sri Jayajotirmalla-deva, superintended and, after having praised the assembled *bares* in an official writing, called together the craftsmen under his charge. The parasol together with the accompanying discs was completed in a proper manner on the full moon day of the fourth month in the serpent year [= 1413].[7]"

We can at least identify the person responsible for setting up the mast, Maha-pandita Sariputra, from a historical work. In the process we obtain at a stroke some insight into the power relationships in the southern Tibetan provinces at the beginning of the 15th century.

During the division of Central Tibet into 3 regions (*chol kha*, from Mongolian *colge*) with 13 provinces (*khri skor*) undertaken in the 13th century (that is, two hundred years earlier) under Kubilai Khan and the Sa-skya-pa bla-ma 'Phags-pa (1235-1280), two spheres of power were established in gTsang: *La-stod lho* and *La-stod byang*. Provincial regents, or myriarchs (*khri dpon*), exercised control over these territories, having been entrusted with the post in recognition of their political and religious services. Thus we know the first regent of the province of *La-stod byang*, for instance, to have been a servant of Bla-ma 'Phags-pa and subsequently to have exercised the office of spiritual teacher to Kubilai Khan.

In spite of the decreasing political influence of the Sa-skya-pa school the post of provincial regent remained in the hands of the previously established families, and so it was, in particular, in the case of the province of *La-stod byang*, where at the beginning of the 15th century a pair of brothers shared the task of ruling and administering between themselves: bDag-chen rNam-rgyal grags-bzang (1395-1475) and his younger brother dKon-mchog legs-pa. According to a historical work by the Fifth Dalai Lama (1617-1682), the elder brother studied principally under two spiritual teachers: 'From Upadhyaya Sariputra of Bodhgaya in India and Bo-dong Phyogs-las rnam-rgyal (1375-1451) he heard many deep

7) *dKar chag* I, fols. 4b/6 5a/3: *de nas shing chag pa / pandita chen po sa ri bhu tras btsugs ste / dbus pa gong ma chen po lho byang gi khri dpon / sher mkhan po khams me nyag sogs dad ldan rnams kyis nor dpag tu med pa phul nas sbyin bdag mdzad ste bal po'i rgyal po Sri dza ya dzo ma la dhe bos / do dam gyi gtso bo mdzad nas 'khor 'ba' ro rnams gser yig la bsngags nas / mnga' zhabs kyi gzo rigs mkhas pa rnams bsdus te / gdugs chos 'khor rtogs* (=gtogs) *dang bcas pa sprul lo zla ba bzhi pa'i tshes bco lnga la yang dag par grub.* Concerning the period of Jayajyotirmalla's reign (1408-1428) cf. Petech (1984) pp. 161-168, particularly pp. 167-168: "The inscriptions show that the king made substantial offerings to Pasupati on the one side and to Svayambhunath on the other." One of the earliest inscriptions at Svayambhunath Stupa was erected on the occasion of the renovation just described; see the information provided by Riccardi Jr. (1973) p. 336.

and comprehensive teachings.'[8]

I shall forego treatment of other persons mentioned in connection with this renovation and instead merely once again highlight the relation between the Indian teacher Sariputra and the regent of the province of *La-stod byang*. In the future it may be possible to determine whether it was that very bDag-chen rNam-rgyal grags-bzang who acted as donor (in 1413 he was only 18 years old) or one of his predecessors; however, in my opinion, we can take it as certain that a Buddhist teacher from India was responsible for erecting the mast. This is no cause for surprise, in consideration of the fact that Vanaratna (1384-1468), the so-called 'last pandit' to reach Tibet, stayed at the beginning of the 15th century at Svayambhunath, in the vihara of Santapuri.[9] The stupa of Svayambhunath accordingly continued to be a religious centre during this period, a way station for the transmission of Buddhist teachings from India to the southern provinces of Tibet.

4. Tha Renovation in the Second Half of the 13th Century:

The last renovation to be presented in this rough survey of Tibetan activities at the stupa of Svayambhunath is the first one specified by *dKar-chag* I. From what I have seen upto now, the information provided pertains to the earliest instance of the mast being replaced at Svayambhunath Stupa:

"After a certain time the mast there broke. *dPon-chen* Sakya bzang-po donated three large dronas and 50 ounces of gold. The *kalyanamitras* from dBus and gTsang, the *bares* from Nepal, [and] the *thakuras* from India having donated much wealth, the [new]

8) *rGyal-rabs*, fol. 66b/2: *rgya gar rdo rje gdan gyi mkhan po sha ri pu tra dang / bo dong phyogs las rnam rgyal ba la zab rgyas kyi chos mang du gsan*. Concerning the period of the two brothers' rule and that of the other lords of *La-stod byang* see also Tucci (1971) p. 192: "Especially during the time of the two brothers rNam-rgyal grags-pa and dKon-mchog legs-pa .. there was no reason for great disturbances... Besides the Sa-skya-pas whom they revered as their own bla-mas, they honoured as their master the Jo-nang-pas, the Bo-dong-pas... and impartially they rendered service to the Colleges and to the works of the dGe-ldan-pas being under their authority...Their great wealth and the wonderful extent of their devotion to the three jewels still lasts." On the significance of bDag-chen rNam-rgyal grags-bzang as a master of Kalacakra tantra and a founder of one tradition of Tibetan medicine see Stearns (1980) p. 108. Stress is also laid there on, among other things, his patronship of Vanaratna (1384-1468,) concerning whom see also fn. 9.

9) See Vajracharya (1987) pp. 35-36. The *Blue Annals* of 'Gos Lo-tsa-ba gzhon-nu dpal (1392-1481) , which he draws on, mention-invitation proffered by prince Rab-brtan kun-bzang 'phags-pa (*1389) to Vanaratna to visit rGyal rtse. in the biography of this prince who built the famous sKu 'bum in rGyal-rtse in 1427, Mahapandita Sariputra is also referred to: *rNam thar* II, pp. 49-52. Further, we find mentioned there not only the year 1413 and a renovation of the stupa 'Phags-pa shing-kun but also an invitation offered in the following year to Pan-chen Sakya-sri sa-ri pu-tra to visit the royal court of rGyal-rtse.

mast was set up by the bla-mas from Central Tibet, father and son. The base of the mast had [a circumference of] 7 *'dom* the length was 72 *'dom*[10].

In order to identify dPon-chen Sakya bzang-po we must recur to the political situation during the period of Kubilai Khan and Sa-skya-pa bla-ma 'phags-pa in the 13th century. The division of Central Tibet into 3 regions with 13 provinces led to the appointment of a chief administrator (*dpon chen*), who was responsible for governing the whole of the kingdom of Central Tibet, and was answerable to the Mongolian leader. In the dPon-chen Sakya bzang-po mentioned as a donor in connection with the renovation of Svayambhunath we have, in my opinion, the first chief administrator appointed Bla-ma 'phags-pa.

An important piece of evidence supporting this identification is the presence of dPon-chen Sakya bzang-po at the royal court of Gung-thang in the second half of the 13th century. One of the two most important trade routes to Tibet ran through this kingdom, which at the time bordered directly on Nepal, and it is quite that, during his stay in Gung-thang, dPon-chen Sakya bzang-po established contact with the royal court at Kathmandu.[11]

In order to arrive at a rounded assessment of the cultural exchange between the Kathmandu Valley, the chief administrator of Tibet and the Mongolian kingdom we must, in conclusion, refer to a well-known event from the year 1260. In that year Kubilai Khan put to his spiritual teacher 'Phags-pa the request that a 'Golden pagoda' be built at the monastery of Sa-skya. The Newar king Jayabhimadeva (1258-1271) thereupon sent 80 craftsmen from the Kathmandu Valley to

10) *dKar-chag* I, fol. 3b/2-5: *der te shig nas srog shing chag ste / dpon chen shakya bzang pos gser bre gsum dang gser* (=srang) *lnga bcu phul / gzhan yang dbus gtsang gis* (=gi) *dge bshes bal po'i 'ba' ro rgya gar gyi khra kur rnams kyi* (=kyis) *mang pos phul nas / bla ma dbus pa yab sras kyis srog shing btsug / srog shing gi rtas ba la mdom* (='dom) *bdun srid du mdom* (='dom) *bdun cu rtsa gnyis yod do.* Data such as these on the leugth of the mast may have caused confusion among later authors with regard to the measurement of particular parts of the stupa. See, for example, Wylie (1970) p. 19: "Bla-ma-Btsan-po was obviously misinformed as to the height of the spire of circular disks surmounting the stupa. high;He says it was seventy *'dom*, or fathoms, bui that would make it 420 feet whereas the actual height is about 120 feet." The lama evidently confounded the figure giving the length of the entire mast with the length of the mast containing the 13 discs.

11) See Jackson (1978) p. 211: "The importance of Gung-thang during this period in the eyes of the Sakya rulers of Tibet is indicated by the fact that when the young Gung-thang king, 'Bum-lde²mgon (1253 1280) returned home from Sakya after visiting his uncle 'Phags pa, he was accompanied to Ngari by an army headed by the famous official Sakya bzang po." The source of this information is the text *Deb gter* of Kah-thog Rig-'dzin Tshe-dbang nor-bu (1698 1755). Concerning the rule of King 'Bum-lde mgon it is further stated that the latter in 1270 completed the palace of rDzong-dkar and shortly afterwards also invited Nepalese craftsmen to build a stupa for it. The stupa was later filled with relics deriving from the treasure of Nepalese kings; ibid., p. 106.

Tibet under the leadership of the promising artist Arniko (1244–1306). As the most recent research has established, the task involved the building of a *gser-thog* (temple with a golden roof) at Sa-skya Monastery, the funds for which were managed by dPon-chen Sakya bzang-po. Work took place in the years 1261–1262.

Without wishing to posit a direct connection between the work of Arniko at Sa-skya and the renovation of the stupa at Svayambhunath, I should nevertheless like to point to the figure of dPon-chen Sakya bzang-po, who acted as financial backer in both cases, thus remaining true to his role as chief administrator.[1]

With these remarks concerning the oldest renovation work at Svayambhunath according to Tibetan sources[13] I conclude this first presentation of the so called *'Phags pa shing-kun dkar-chag*. This catalogue should be able to provide still further insight for the work of assessing the relation between Tibetan pilgrims and scholars and the stupa.

Tibetan Texts

1. o *dKar chag* I = *Dus gsum sangs rgyas tham cad kyi thugs kyi rten 'phags pa shing kun dkar chag*, 5 fols. In *Rare Tibetan Texts from Nepal*. Dolanji: Tashi Dorji, 1976,pp. 81–90.
2. o *dKar-chag* II = *Bal yul mchod rten 'phags pa shing kun dang de'i gnas gzhan rnams kyi dkar chag*, 10 fols. In Wylie 1970 pp. 43–48 (Appendix B).
3. o *sKu bstod* = sTag-rtse sku-skyes Mi-pham phun-tshogs shes-rab (17th/18th cent): *Grub dbang rig ras pa'i sku bstod kyi 'grel bshad rdo rje gsung ei mdzes rgyan*, n.p., n.d.
4. o *rGyal rabs* = Fifth Dalai Bla-ma Ngag-dbang blo-bzang rgyal-mtsho (1617–1682) *Gangs can yul gyi sa la dpyod pa'i mtho ris kyi rgyal blon gsto bor brjod pa'i deb ther / rdzogs ldan gzhon nu dga' ston dpyid kyi rgyal mo'i glu dbyangs*, n.p., n.d.
5. o *Chos 'byung* = sTag-sgangmkhas-mchog Ngag-dbang blo-gros,

12) Concerning the invitation made to the Newar craftsmen to go to Tibet see, among other sources, Lo Bue (1985) p. 265. In a very recent work Vitali (1990) pp. 103–105 refers at length to the relation between the Sa-skya-pa rulers, the Kathmandu Valley and the rulers of the Yuan dynasty; there too documented evidence is given for the first commissioned work done by Arniko at Sa-skya Monastery.

13) According to Snellgrove (1961) p. 96 , the oldest inscription at the stupa of Svayambhunath is datable to the year 1372; it documents the stupa's renovation after it was destroyed in the wake of the Muslim invasions (1346 and 1349). See also Petech (1984) p. 125. Dowman (1981) p. 212 describes this in the following words: "the first evidence of restoration informs us that the damage just repaired was not caused by nature but by man." Dowman's identification of this renovation with that made by dPon-chen Sakya bzang-po approximately 100 years earlier is no longer tenable in light of the remarks just made.

Gu-ru bKra-shis (18th/19th cent.) : *bsTan pa'i snying po gsang chen snga 'gyur nges don zab mo'i chos kyi 'byung ba gsal bar byed pa'i legs bshad mkhas pa dga' byed ngo mtshar gtam gyi rol mtsho.* 5 vols. Delhi: Lama Ngodrup and Sherab Drimed, 1986.

6. o *rTogs brjod* = Yol-mo-ba sPrul-sku bstan-'dzin nor-bu (1598-1644): *rTogs brjod mkhas pa'i rna rgyan.* In *The Autobiography and Collected Writings of the Third Yol-mo-ba sPrul sku,* vol. 1. Dalhousie, H. P.: Damchoe Sangpo, 1977.

7. o *Deb gter* = Kah-thog rig-'dzin Tshe-dbang nor-bu (1698-1755): *Bod rje lha btsad po'i gdung rabs mnga' ris smad gung thang du ji ltar byung ba'i tshul deb gter dvangs shel 'phrul gyi me long.* In *Bod kyi lo rgyus deb ther khag lnga,* vol. 9. Hsinhua, 1990.

8. o *rNam thar* I = Brag-dkar Lha-btsun Rin-chen rnam-rgyal (1473-1557): *Grub thob gtsang pa smyon pa'i rnam thar dad pa'i spu slong g. yo-ba.* In *Ras chung snyan brgyud,* vol. 1. Leh: S. W. Tashigangpa, 1971.

9. o *rNam thar* II = Bo-dong Pan-chen 'Jigs-med grags-pa (1375 1451): *rGyal rtse chos rgyal gyi rnam par thar pa dad pa'i lo thog dngos grub char 'bebs.* Hsinhua, 1987.

10. o *gSung mgur* = Rang-rig ras-pa (17th/18th cent.): *rJe btsun khyab bdud chen po rang ras chen gyi gsung mgur dang zhal gdams 'du med bdud rtsi'i rlabs chen.* Leh: S. W. Tashigang, 1982.

Secondary Literature

Dowman, K.

1981 : "A Buddhist Guide to the Power Places of the Kathmandu Valley." *Kailash: A Journal of Himalayan Studies,* vol. 8, nos. 3-4, pp. 183-291.

Ehrhard, F. K.

1989 : "A Renovation of Svayambhunath-Stupa in the 18th Century and its History (according to Tibetan Sources)." *Ancient Nepal: Journal of the Department of Archaeology,* no. 114, pp. 1-9.

1990 : "The Stupa of Bodhanath: A Preliminary Analysis of the Written Sources." *Ancient Nepal: Journal of the Department of Archaeology,* no. 120, pp. 1-9.

Jackson, D. P.

1978 : "Notes on the History of *Serib,* and Nearby Places in the Upper Kali Gandaki Valley." *Kailash; A Journal of Himalayan Studies,* vol. 6, no. 3, pp. 195-227.

Lewis, T. T. and Jamspal, L,
1988 : "Newars and Tibetans in the Kathmandu Valley: Three New Translations fromTibetan Sources." *Journal of Asian and African Studies,* no. 36, pp. 187-211.

Lo Boe, E.
198? : "Cultural Exchange and Social Interactions between Tibetans and Newars from the Seventh to the Twentieth Century." *International Folklore Review,* vol. 6, pp. 84-113.
1985 : "The Newar Artists of the Nepal Valley: An Historical Account of their Activities in Neighbouring Areas with Particular Reference to Tibet I." *Oriental Art, New Series,* vol. 31, no. 3, pp. 262-277.

Petech, L.
1984 : *Mediaevel History of Nepal* (c. 750-1482). (=Serie Orientale Roma, no. 54). Rome.
1988 : *Selected Papers on Asian History.* (=Serie Orientale Roma, no 60). Rome.

Riccardi Jr., T.
1973 : "Some Preliminary Remarks on a Newari Painting of Svayambhunath." *Journal of the American Oriental Society,* vol. 93, no. 3, pp. 335-340.

Smith, G. E.
1968 : Introduction to *The Autobiographies and Diaries of Si-tu Panchen* =Sata Pitaka Series, vol 77). New Delhi, pp. 5-23.
1969 : Preface to *The Life of the Saint of Gtsan.* (=Sata Pitaka Series, vol. 79). New Delhi, pp. 1-37.

Snellgrove, D.
1957 : *Buddhist Himalaya.* Oxford.
1961 : "Shrines and Temples of Nepal." *Arts Asiatiques,* vol. 8, no. 1, pp. 3-10; no. 3, pp. 91-120.

Stearns, C. R.
1980 "The Life and Teachings of the Tibetan Saint Thang-stong rgyal-po, 'King of the Empty Plain'." Master's thesis, University of Washington.

Tucci, G.
1931 : "The Sea and Land Travels of a Buddhist Sadhu in the Sixteenth Century." *The Indian Historical Quarterly,* vol. 7, no. 4, pp.683-702.
1971 : *Deb t'er dmar po gsar ma: Tibetan Chronicles by bSod nams grags pa.* (=Serie Oriental Roma, no. 24). Rome.

Varjacharya, G.
1987 : "An Interpretation of Two Similar Nepalese Paintings in the Light of Nepalese Cultural History." *In Heritage of the Kathmandu Valley,* ed. Niels Gutschow and Axel Michaels. (=Nepalica, vol. 4). Sankt Augustin, pp. 31-42.

Vitali, R,
1990 : *Early Temples of Central Tibet.* London.

Wylie, T.
1970 : *A Tibetan Religious Geography of Nepal* (= Serie Orientale Roma, no. 42). Rome.

डोल्पाका प्रसिद्ध त्रिपुरासुन्दरी भगवती

—रत्नाकर देवकोटा

विषय प्रवेश

डोल्पा कर्णाली अञ्चलको पूर्वी भागमा अवस्थित एक जिल्ला हो । यस जिल्लाको भू-भागलाई मुख्य तीन रूपमा बाँड्न सकिन्छ । जिल्लाको पश्चिमी भेकलाई तलि भोटान, मध्यवर्ती भेकलाई भोटान र माथिल्लो भेकलाई छार्काभोट (भोट क्षेत्र) भनिन्छ । यस जिल्लाको सदरमुकाम दुनै (सरस्वती तीर) समुद्री सतहदेखि करीब ६ हजार फीटको उचाइमा छ । यो सदरमुकाम जिल्लाको मध्यवर्ती भेकमा छ ।

यस जिल्लाका प्रसिद्ध ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक र पर्यटकको दृष्टिले ज्यादै महत्त्वपूर्ण मानिएका विभिन्न स्थलमध्ये त्रिपुरासुन्दरी भगवती मन्दिर, मुकुटेश्वर हिमाल,काञ्जीरूवा हिमाल, फोक्सुन्धो ताल (तीनकुने दह), जग दुल्ला ताल, ताम्रवर्णी नदी, भैरवी गङ्गा, सुन्दरी नदी, जगदुल्ला नदी, छार्का भोट, शहर तारा, गुम्बा तारा, व्याँस गाड, कोट तारा, टुप्पा तारा, व्याँस (ऋषि) आश्रम, छयादुल गुम्बा र अरू विभिन्न स्थल छन् । यस छोटो लेखमा यस जिल्लाको मध्यवर्ती त्रिपुराकोट गाउँ विकास समिति वडा नं. २ कोट गाउँस्थित प्रसिद्ध त्रिपुरासुन्दरी भगवती मन्दिरको बारेमा केही जानकारी दिन खोजिएको छ ।

त्रिपुराकोटको भौगोलिक बनोट

यस मन्दिरको उत्तर तर्फ उच्च कागमारा हिमाल, अनि यसै हिमालको मोहडादेखि दक्षिणतिर प्रसिद्ध मुकुटेश्वर हिमाल अवस्थित छ । यसै हिमालबाट दक्षिणतिर ओरालोमा बगेर छलगाड आइरहेको छ । यसै छलगाड खोलालाई स्थानीय कोट गाउँका जनताले ताम्रवर्णी नदी भन्ने नाम राखी नदीकै रूपमा आदर भाव गरेर यहाँ आई किनारमा स्नान गर्ने र अर्चना तथा बन्दना गर्ने गरेका छन् । पूर्वतिरको मुस्ताङको लेक र पूर्वोत्तर छार्का भोटतिरबाट बगेर शहर तारा, गुम्बा तारा, टुप्पा तारा, कोटे तारा र दुनै सरस्वती तीर हुँदै एउटा नदी भन्ने गरिएको छ । पूर्वबाट दक्षिणतिर हुँदै पश्चिमतिर एउटा अर्को नदी बगेर आएको छ । यस नदीलाई भैरवी गङ्गा भन्ने गरिएको छ । उत्तरबाट आएको ताम्रवर्णी पूर्वबाट आएकी सुन्दरी र दक्षिणतिरबाट आएकी भैरवी गङ्गाको संगम यसै त्रिपुराकोटको स्थलमा भएको छ । यो तीनै नदीको यहाँ सङ्गम भई यी तीनै नदी र खोलाले आफ्नो पूर्व नाम बदलेर एउटै विशाल भेरी नदीको नामले प्रसिद्ध पाएर दक्षिणतिरको होलु गोताम हुँदै राप्ती अञ्चलको रूकुम र भेरी अञ्चलको जाजरकोट जिल्लाको बीचबाट बगेर गई आखिर भेरी अञ्चलको भेरी नदी नै हुनगएका छन् । पूर्वबाट बगेर त्रिपुराकोटमा आइपुग्दासम्म पनि सुन्दरीको अर्को नाम गल्लीगाड भन्ने गरिएको छ । तर यस त्रिपुराकोटमा तीनवटा नदीको संगम भएर बनेकी भेरी नदीको विशाल कायलाई प्रसिद्ध नदी (भेरी)

को नाम रहनु सार्थक भएको छ। भेरी अञ्चलको भेरी नदीको मुहानलाई कर्णाली (अञ्चल र नदी दुइटै) ले आफूमा अन्तर्निहित गरी आफ्नो आधा अङ्गलाई बाहिर भेरीको नामले बगाउन सकेकोमा कर्णालीलाई आफैमा गौरवको कुरा छ।

यसै त्रिपुराकोट भन्ने ठाउँमा बगिरहेकी सुन्दरी नदीको दक्षिण किनारा र ताम्रवर्णीको पूर्वी किनारको बीचमा कोट भन्ने ठाउँ छ र यसै कोटको नामबाट प्रसिद्ध कोट भन्ने गाउँ छ। तीनतिरको नदीको संगम-स्थलको बीचमा रहेको एउटा सानो डाँडा र त्यहाँको फाँटलाई समेटेर कोट भन्ने गढिएको छ। यसै कोट भन्ने गढीमा प्रसिद्ध त्रिपुरासुन्दरी भगवतीको ऐतिहासिक मन्दिर छ। तलबाट सिढी चढेर माथि डाँडामा जानु पर्ने अवस्था आएको ठाउँलाई गढी भन्ने चलन छ।

हाम्रो धार्मिक र पौराणिक ग्रन्थ स्वस्थानीमा वर्णित त्रिपुरा नामक राक्षसलाई मार्ने देवीको नामबाट त्रिपुरासुन्दरी भगवतीको नाम रहन गएको कुरा स्थानीय एकथरी बूढापाकाहरूको भनाइ छ। अर्कोतर्फ सोही धार्मिक ग्रन्थ स्वस्थानीमा उल्लेखित भगवान् शङ्करकी अर्धाङ्गिनी सती देवीको अङ्ग पतन हुँदा यसै ठाउँमा सती देवीको कन्ड्याउलो पतन भई भगवान् मुकुटेश्वर महादेवको पीठको सिर्जना भएको हो भन्ने कुरा पनि स्थानीय केही बूढापाकाहरूको भनाइ छ। यसै मुकुटेश्वर हिमालको काखमा अवस्थित गाउँ ठाउँमा स्थानीय मानिसले जे चितायो त्यही पुऱ्याउन सक्ने दैवी शक्ति भएकी मध्य भवानी (भ्वानी) का थानहरू प्रशस्त पाइन्छन् भन्ने पनि सुनिएको छ।

त्रिपुरासुन्दरी भगवतीको उत्पत्ति र विस्तार

डोल्पा जिल्लाका केही बूढा पुराना मानिसहरूको भनाइ अनुसार, त्रिपुरासुन्दरी भगवतीको उत्पत्ति विस्तार र गुठी सम्बन्धमा यस्तो कथन पाइन्छ।

त्रिपुराकोटको यही कोट गढीमा कुनै बेला राजा विक्रम शाही महाराजको दरबार थियो। विक्रम शाहीले यसै कोट गाउँका विष्ट (क्षेत्री) हरूलाई आफ्ना काजीका रूपमा राखेका थिए। अहिलेको त्रिपुरासुन्दरी भगवतीको मन्दिर पछाडिको कोट परेको ठाउँमा राजा विक्रम शाही महाराजको दरबार रहेछ। त्यस दरबार क्षेत्रभित्र धान कुटने एउटा ठूलो ढुंगाको ओखल रहेछ। त्यसै क्षेत्रभित्र वेणुको एउटा रूख थियो। त्यसै वेणुको फूल फुलेपछि त्यही फूल टिपेर तिनै राजाले प्रयोग गर्थे। तिनै राजाका काजी (विष्ट) की कञ्जिनीहरू त्यसै ओखलमा सधैं धान कुटने गर्दथिन्। ती कञ्जिनीहरूले धान कुट्दा कहिले चार माना धानको आठ माना चामल हुने, कहिले आठ माना धान कुट्दा भुस र ढुटो केलाएर चार माना हुने गर्दथ्यो। आठ माना धान कुटेर ४ माना चामल हुनु स्वाभाविकै हो। तर चार माना धान कुटेर धानको भुस र ढुटो पर्याँकी शुद्ध आठमाना चामल निस्कनु आश्चर्य-लाग्दो असाधारण कुरा भएकोले सबैले आश्चर्य माने। यस्तो अनौठो कुरा हुनलाई यस ओखलभित्र केही रहस्य लुकेको छ भनी सबैजना तर्क वितर्क गर्न थाले। यसैले सबैले त्यो रहस्य बुझ्नलाई आ-आफ्नो बुद्धि र बर्कत लगाउन थाले। आखिर सबैको एउटै मत भयो कि त्यस ओखल मुन्तिर कहीं अनौठो चीज लुकेर रहेको छ। ती राजाले आफ्ना बिष्ट काजीहरूलाई त्यो ओखल खुन्न लगाए। त्यस ओखल मुन्तिरको खाडलसम्म लगातार खुन्दा पनि केही चीज भेटिएन। अहोरात्रको परिश्रमले त्यो ओखल मन्तिरसम्मको माटो खनी ओखललाई माथितिर तानी २।३ मानिस डुब्न सक्ने गहिरो खाडल खनी माटो पर्याँक्दा त्यस ओखलको तलतिरको गहिरो जमीनमा अष्ट दल र षट्कोण भएको यन्त्रमाथि विराज-मान भएकी भगवतीको एउटा शिला भेटियो। त्यस शिलालाई त्यस गहिराईबाट उठाई माथि राखुँभन्दा त्यस खाडल (खाल्डो) बाट अनेकौं देवीका मूर्तिहरू पुतलीको रूपमा उडेर माथि आउन थाले। त्यहाँबाट उडेर आएको देवी स्वरूपकी एउटा पुतली त्यसै कोटदेखि पारिपट्टि (पश्चिमतिर) को गुदुमाको टाकुरामा बसिन्। त्यस टाकुरामा बस्ने देवीलाई मालिका भनिन्छ। अर्को मूर्ति रूपकी पुतली त्यहाँबाट उडेर जुम्लाको सिजादराको ऐतिहासिक लामा थाडाको टाकुरामा गएर रोकियो। त्यो ठाउँ अहिले कनकासुन्दरी भगवतीको मन्दिरले प्रसिद्ध छ। त्यस कोटको खाल्डोबाट उडेको अर्को पुतली

बाँकेको नेपालगञ्जमा गई बागेश्वरीको नामले प्रसिद्ध छ । अर्की देवीको मूर्ति पुतलीस्वरूप भएर उडी सल्यान-को खैराबाङ्गमा गएर बस्यो । हाल सो ठाउँ खैराबाङ्ग भगवतीको नामले प्रसिद्ध छ । त्यहाँबाट उडेको अर्को पुतली हालको बैतडी जिल्लाको पाटनमा गएर रोकिएको थियो । जसलाई हाल त्रिपुरेश्वरी (भगवती) को नामले पुकारिन्छ । अर्को पुतली कालीकोट, बाजुरा र डोटी जिल्लाको बीचको बडीमालिकामा गएर बस्यो ।

त्यहाँबाट उत्पन्न भएकी अरू बाला त्रिपुरा र सुन्दरी देवी (भगवती) हरू त्यसै कोटमा अवस्थित छन् ।

त्यसबेला उक्त खाल्डोबाट पुतलीस्वरूप उडेकी देवीहरूमध्ये मानिसले छोएसम्मकी देवीहरू शिला भएर पत्थरिएकी छन् भने मानिसले छुन र समात्न नपाएकी देवीहरू मूर्तिको रूपमा रहेकी छन् । त्यसबेला उक्त खाडलबाट उत्पन्न भएकी देवीहरूमा त्रिपुरा, बाला, सुन्दरी र मालिका (डोल्पा जिल्लामा), काली खैराबाङ्ग (सल्यान जिल्लामा), बागेश्वरी (नेपालगञ्ज-बाँके जिल्ला-मा), कनकासुन्दरी (जुम्ला-लामाथाडामा), त्रिपुरेश्वरी (बैतडी जिल्लाको पाटनमा) र बडीमालिका (बाजुरा) नौबाहिनीको रूपमा देखापरेकी हुन् ।

डोल्पाको यस त्रिपुरासुन्दरी भगवतीको मन्दिर-मा बाला, त्रिपुरा, सुन्दरी, देवी र महाकालीका बेग्ला बेग्लै ५ ओटा सालिक (शिला) छन् भने ब्रह्मायणी, इन्द्रायणी, बाराही, चामुण्डा, चण्डिका र अष्टदल (अष्ट नामले छोइएका अष्ट मूर्ति भन्ने देवी) का साथसाथै राजा विक्रम शाही, रानी अग्रावती र युवराज बद्री शाही (शाह पनि भन्ने गरिएको) का बेग्लाबेग्लै विभिन्न धातुका मूर्तिहरू छन् । त्यस मन्दिरमा स्थापित शिला र मूर्तिहरूमा बालाको मूर्ति खण्डित, सुन्दरीको मूर्ति धेरै नै खण्डित तथा त्रिपुरा र देवीको मूर्ति सट्टे अवस्थामा छन् । उपर्युक्त पुतलीले पश्चिम नेपालका विभिन्न भागमा त्रिपुरासुन्दरी भगवतीको अस्तित्व र महत्त्व दर्शाउँदै विभिन्न देवीको कामलाई व्यापक रूपमा ढाकेको पाइन्छ ।

त्रिपुरासुन्दरी भगवतीका पूजारीहरूको नियुक्ति र यिनको वंशक्रम

यस मन्दिरभित्र बाला, त्रिपुरा र सुन्दरी ३ ओटी देवीका मुख्य मूर्ति भए तापनि बालाको नाम लोप भई त्रिपुरा र सुन्दरी दुइटीको संयुक्त नामबाट त्रिपुरा-सुन्दरी भगवतीको मन्दिर भन्ने चलेको छ । यस मन्दिर-मा पूजा गर्ने पूजारीहरूको परम्परामा यस मन्दिरको स्थापना भएका केही वर्षसम्म तिनै राजा विक्रम शाहीका काजी बिष्टहरूले नै यिनी भगवतीको पूजाआजा गर्ने प्रारम्भिक कार्य शुरू गरेका थिए । त्यसपछि जुम्लाका चौलागाईं, त्यसपछि जुम्लाका सिंखाडाका ब्राह्मण र त्यस-पछि (हाल कालिकोट जिल्ला) घनाड गाउँका न्यौपाने ब्राह्मणहरूले पूजा गर्ने गरेका थिए । त्यसपछि जुम्ला खल्लाल बाडा (बाहुली गाउँ)का न्यौपाने थरका उपाध्याय ब्राह्मण-हरूले यस ठाउँमा पूजा गर्न थालेका हुन् । आजसम्म पनि यिनै खल्लाल बाहुनका सन्तान-दरसन्तानले पूजाआजा गरिरहेका छन् । यस कोट गाउँका न्यौपाने ब्राह्मण थानीहरू यसै खल्लालबाडा (गाउँ) का न्यौपानेहरूका सन्तान हुन् । यिनै कोटाल थानीले यहाँका मुख्य पूजारी भएर नित्यपूजा गरिरहेका छन् । कोट गाउँका बासिन्दा-हरूमा बिष्टहरू नै यहाँका पुराना बासिन्दा मानिन्छन् । यहाँको प्रसिद्ध ऐतिहासिक सो ओखल खनेर माटो झिकी खाडल बनाएर देवीहरूलाई झिकेकाले हाल यहाँका बिष्टहरूसंग माटो (जग्गा जमीन)नभई आर्थिक अवस्था-ले कमजोर हुनपरेको छ भन्ने स्थानीय बूढापाकाहरूको भनाइ छ ।

सो कोट गाउँका तात्कालिक टाकुरे राजा विक्रम शाही र यिनका यहाँका काजी-बिष्टहरूले यस कोट भन्ने ठाउँमा भगवती बाला, त्रिपुरा र सुन्दरीदेवीको स्थापना गरिसकेपछि एक पटक यही जुम्ला अशीदरा खल्लालबाडा गाउँबाट एक जना थानी उपाध्याय न्यौपाने ब्राह्मण मुस्ताङको मुक्तिनाथको दर्शन र तीर्थ गर्ने भनी जाँदा यसै कोट गाउँमा पुगेछन् । त्यहाँ उनको सामान्य परिचय भइसकेपछि राजा विक्रम शाही र यिनै खल्लाल बाहुनलाई सो भगवतीका पूजारी भई यहीं बस्नु पऱ्यो भनी आग्रह गर्दा ती बाहुनले म अहिले तीर्थ गर्ने भनी हिंडेको छु, मुक्तिनाथमा पुगेर मुक्तिनाथको दर्शन गरी पिण्ड प्रदान गरेर आफ्नो घरमा पुगी शुद्ध भई पितृ व्रत पूरा गरिसकेपछि म आफ्नो भार्या समेतलाई साथ ल्याई आउँछु भनेछन् । त्यसपछि उनले आफूले भने जस्तै

गरी आफ्नो वचन पूरा गरे। खल्लालबाडा कोट गाउँमा पूजारी हुनगएका ती दुई भाइको नाम उदयराम न्यौपाने र नन्दराम न्यौपाने हो। यी दुई दाज्यू भाइका पिताको नाम शुकदेव न्यौपाने हो। यिनी शुकदेवले पनि भगवती त्रिपुरासुन्दरीको पूजा गरेका हुन्। खल्लाल-बाडाबाट यहाँ आएका पूजारीमध्ये तिन शुकदेव पहिला पूजारी हुन् भन्ने भनाइ छ। यिनै भगवतीका पूजारीहरू-को वंश भेटिएसम्म यस प्रकार छ–



छोरा अनिरुद्र, अनिरुद्रका छोरा नमानन्द र यिनका छोरा बालकृष्ण र यिनका छोरा भानुचन्द्र, भक्तिप्रसाद समेत ३ ओटा छोरा छन्।

यस मन्दिरमा विधिपूर्वक पाठपूजा गर्न जात मिल्दो अरू कोही नभएकोले जुम्ला गमदरा चैन गाउँ (हाल मुगु जिल्ला) का चौलागाईं ब्राह्मणलाई झिकाइयो। यस मन्दिरका पहिला ब्राह्मण पूजारी यिनै चौलागाईंलाई मानिन्छ। उनी पछि जुम्ला अशीदरा सिमखाडा गाउँका तिमिल्सिना ब्राह्मणलाई बोलाई पूजा गर्न लगाइएको हो। ती तिमिल्सिना ब्राह्मणको मृत्यु भएपछि तेस्रा पूजारीका रूपमा जुम्ला धनाड गाउँ (हाल कालीकोट जिल्ला) का न्यौपाने ब्राह्मणले पूजा गरे भने चौथो पूजारीका रूपमा खल्लाल न्यौपाने ब्राह्मण नियुक्त गरिए। यसरी जुम्लाका विभिन्न थरका ब्राह्मणद्वारा यस मन्दिरको पूजा गराइए पछि आखिरमा आएर खल्लाल ब्राह्मणद्वारा पूजारीको आसनमा स्थायित्व आएको पाइन्छ।

तिनै शुकदेव न्यौपानेका नवौं पुस्तासम्मका सन्तानले हाल उक्त मन्दिरमा नित्यपूजा पाठ चलाइ-रहेका छन्। शुकदेवका नाति शिवराम (स्युराम), उदय-राम वा नन्दराममध्ये कुन चाहिं भाइका छोरा हुन् त्यो कुरा पत्ता लगाउन सकिएको छैन तापनि यस मन्दिरका शुरूदेखिका पूजारीहरूको थर र वंशावलीको केही हद-सम्म टुंगो लाग्न सकेकोमा सन्तोषकै कुरा छ।

शुकदेवको चौथो पुस्ताका एक गरी पनाती (जेठा वा कान्छा) हरि पाध्याको ७१ वर्षको उमेरमा यिनका सर्पानन्द पाध्या (उपाध्याय) भन्ने छोरा जन्मेका हुन् भन्ने भनाइ छ। यिनै हरि पाध्याले २२ धार्नी तामाको नगरा (दमाहा) र ३६ धार्नी काँसाको घण्ट बनाई यिनै भगवतीका मन्दिरमा चढाएका थिए। यिनका छोरा सर्पानन्द पाध्याले काठमाडौंमा गई तात्कालिक श्री ५ महाराजाधिराजबाट आफ्नो र आफ्ना सन्तानको नाममा यिनै त्रिपुरासुन्दरी भगवतीको नित्य पूजाआजा गर्ने लालमोहरिया पण्डित र यस मन्दिरको गुठीको व्यवस्था गरी सनद र लालमोहर गराएर आएका थिए भन्ने भनाइ छ। यिनै सर्पानन्दले गुल्मी अर्घाखाँचीमा गई त्यहाँका प्रसिद्ध पण्डितसंग १५ दिनसम्म बसी त्यस बेलाको १५ दिनसम्म बडा दशैं मनाउने चलनको दशैं बिधि सारेर ल्याई कोटमा भगवतीको नित्यपूजा गर्ने विधि र बडादशैंमा नवरात्रको चलन चलाएका हुन्। पछि यिनैका एकथरि सन्तान रामशर्ण न्यौपानेले सो मन्दिर-मा एउटा अर्को ठूलो घंटा चढाएका थिए भन्ने कुरा पाइन्छ। उक्त वंशावलीमा सो रामशर्णको नाम समावेश हुनसकेको छैन। निज रामशर्णका छोरा अनिरूद्ध, अनिरुद्धका छोरा नयाँनन्द, यिनका छोरा बालकृष्ण र यिनका छोरा– भानुचन्द्र, भक्तिप्रसाद समेत ३ ओटा छोरा छन्।

भगवतीको उदयकाल र पार्श्ववर्ती अन्य मन्दिरहरू

वि. सं. १४१० सम्म यहाँ यस मन्दिरको कुनै चर्चा थिएन। करीब वि. सं. १४११ मा धान कुट्ने त्यस ओखलको विशेषता झल्किन थाल्यो। उपर्युक्त तरीकाले त्यस ओखलबाट भुर्र गरी उड्ने पुतलीलाई ती कुमाई बिष्टले पक्रे। बिष्टद्वारा पक्रिएका ३ ओटा पुतली नै बाला, त्रिपुरा र सुन्दरी हुन् भन्ने कुरा माथि उल्लेख भइसकेको छ। राजा विक्रम शाहीले जन सह-योग जुटाई ती तीन देवीलाई विराजमान गराए। ओखलबाट पुतलीको रूपमा निस्केका ती नवै देवीका रङ्ग तथा रूप एउटै किसिमको छ भन्ने कुरा सुनिन्छ। त्रिपुरा सुन्दरी भगवतीको मन्दिर शुरू शुरूमा सामान्य थियो। पुरानो ओखलको पूर्वपट्टिको भीरको टुप्पामा पाटी जस्तो मन्दिर बनाई ती देवीहरूलाई स्थापना गरिएको हो। सो मन्दिर मात्र पाटीको नामले प्रसिद्ध छ। त्यस पछि समय समयमा सो मन्दिरको रूप र आकार बढाउँदै लगिएको छ। यस मन्दिरको पश्चिमतर्फ राजा विक्रम शाहीको बिगुलेको सम्झनास्वरूप स्थापित वीर स्थान छ। उक्त भगवती मन्दिरकै छेउछाउमा भगवतीको बाहनस्वरूप स्थापित टाँके बाहनको स्थान बनाइएको छ।

पाठपूजाको लागि गरिएको केही ऐतिहासिक क्रम

यिनै पंक्तिका लेखकको प्रधान सम्पादकत्वमा सम्पादित 'वेणु' चौथो अङ्क (पत्रिका) मा यिनै पंक्तिका

लेखकद्वारा सङ्कलित एउटा लेख २०२९ सालमा प्रकाशित भएको छ। उक्त ऐतिहासिक पत्र संग्रहमा त्यस बेलाको जुम्लाका १८ दराका विभिन्न भाग र स्थानमा पूजिने विभिन्न देवीदेवताको पाठ पूजा गर्ने ब्राह्मणहरूको निम्ति दक्षिणाको व्यवस्था र पाठपूजाका आवर्त्तीको उल्लेख गरिएको छ। त्यस पत्रमा तिबृकोट दराका यसै मन्दिरमा गरिने पाठ आवर्त्त, दक्षिणा र पाठकी ब्राह्मणहरूको सम्बन्धमा यस्तो कुरा उल्लेख भएको छ।

श्री त्रि पुरा सु न्दरि का स्थान मा चतु र्मासा चं डी आवर्त्ति ९६ का दछी ना बिस्नु पति बिस्नु भक्त जो सी के— १२

अँज न का स्थान मा नव रा त्री वे द चं डी आबर्त्ति के द छीना भवा नी प्रसाद पांडे देउ कृष्ण पाध्याके— २

अँज न का स्थान मा चं डी का आबर्त्ति ९ के तुलाराम जो सी के— १

अँज न का स्थानमा चतु र्मा सा चं डी आबर्त्ति १४४ के द छी ना दामो दर जो सी के लर्मी गाउँ का ज्मा मध्य— १८

एं स्थानमा चतु र्मासा चं डी आ बर्त्ति २८८ के दछिना (कृ) पा रामै स्य राम जोसी के घोडया पोषरि गाउँ का ज्मा अध्ये— ३६

श्री त्री पुरा सुन्दरी देवी का स्थानमा नित्ये चं डी पाठ आ वर्ति ३६० को दछि ना राम सर्व विस्नु भक्त पाध्याके व्यास त ली फा ल गाउँ का ज्मा मध्ये— ४

नि जका स्थानमा नित्ये वेद पाठ आवर्त्ति ९ के दछि ना ही रा भक्त पुर्णानन्द पाध्याके व्या स त ली फा ल गाउ के १८ नि ज का थानमा नि त्ये त्री पुर सहश्र ना म आ बर्त्ति ३६० के दछि ना जीव नाथ पाध्या के गल्लि गाउँ १ के ज्मा रु.— २४

यस ऐतिहासिक पत्रमा उल्लिखित बिष्णुपति, बिष्णुभक्त, भवानीप्रसाद, देउकृष्ण, तुलाराम, दामोदर, कृपाराम, स्युराम, सहदेउ, बद्रीप्रसाद, रामशर्ण, हीरानन्द र पूर्णानन्दहरूको समय र उपर्युक्त पूजारीहरूको वंशक्रम, नाम र समय मिल्दोजुल्दो छ।

सो वंशावलीमा वर्णित स्युरामको नाम उक्त ऐतिहासिक पत्रमा पनि देखा पऱ्यो। उक्त वंशावलीमा विष्णुपद, विष्णुकान्त, विष्णुदत्त र विष्णुरुद्र भन्ने ४ जना व्यक्ति एउटै सन्तानको क्रममा चारौंदेखि सातौं पुस्तासम्म भेटिए तर सो ऐतिहासिक पत्रमा उल्लिखित विष्णुभक्त भन्ने व्यक्ति उक्त वंशावलीमा देखा परेनन्। तर पनि त्यो वंशावली बनाउने व्यक्तिलाई विष्णुभक्त भन्ने व्यक्तिको नाम थाहा नभई छूट हुन पनि सक्छ। त्यस वंशावलीभित्रका विष्णुकान्त र त्यस ऐतिहासिक पत्र भित्रका विष्णुभक्त भन्ने व्यक्ति एउटै सन्तानभित्रका दुइटा व्यक्ति हुन् भन्ने पनि कसैकसैको भनाइ छ।

उपर्युक्त वंशावलीमा शुकदेवका दुई जना छोरा उदयराम र नन्दराममध्ये एक जनाको वंशक्रम जोडिएका र अर्काको नजोडिएकोले पनि केही पूजारीको नाम छूट हुनसक्छ।

उपर्युक्त वंशावलीभित्र देखानपरेका तर उनै शुकदेव न्यौपानेको वंशक्रमभित्र परेर यिनै त्रिपुरासुन्दरी भगवतीका पूजारीभित्र गनिएका विष्णुभक्त र पूर्णानन्दको त्यस बेला वेद, रुद्री, चण्डी र अरू षडशास्त्रबाट विभिन्न वैदिक मन्त्र तथा श्लोकहरू सारेर पाठ गर्ने चलन चलाउनुका साथै स्वयं आफैले पनि धार्मिक श्लोक र स्तोत्र रच्ने गर्दथे। यिनी २ जनाको लेखाइ (ह्याण्ड राईटिङ्ग) बढी राम्रो थियो। त्यस बेला यी दुई जनालाई त्यस क्षेत्रका पुराना लेखकको रूपमा मानिन्थ्यो भन्ने कुरा जुम्ला असीदरा तलिचौर गाउँबाट उक्त कोट गाउँमा बसोबास गर्न गएका बिष्णुलाल उपाध्याय देवकोटाका जेठा छोरा करीब ७३ वर्षीय रत्नप्रसाद उपाध्याय देवकोटाले बताउनु भएको छ। माथिको ऐतिहासिक पत्रमा नाम दिइएका पूजारीहरूको समय वि. सं. करीब १९११ देखि १९५० का बीचको मानिएको छ।

यस मन्दिरका शुरूका पूजारी चौलागाईं, त्यस पछिका दोस्रा पूजारी तिमिल्सिना (सिमखाड्या), त्यस पछि तेस्रा पूजारी धनाडे न्यौपाने र त्यसपछिका चौथा पूजारी शुकदेव न्यौपानेसम्मको समय करीब वि. सं. १७५० देखि वि. सं. १९०० सम्मको मानिन्छ।

यसै त्रिपुराकोट गाउँ विकास समितिका केही

उत्साही युवकहरूको प्रयासबाट २०३५ सालमा स्थापित त्रिपुरा सांस्कृतिक समितिले २०३७ साल माघ महीनामा त्रिपुरा सहस्र नाम स्तोत्रमको संशोधन सहित २३+६= २९ पृष्ठको सानो पुस्तक प्रकाशित गरेको छ। यो स्तोत्र यस मन्दिरका पूजारी पूर्णानन्द उपाध्याय न्यौपानेद्वारा वि. सं. १९१४ सालमा प्रकाशित उक्त पुस्तकको प्रकाशकीयमा उल्लेख भएको छ।

धार्मिक ग्रन्थमा त्रिपुरासुन्दरीको स्थान

हाम्रो तन्त्रशास्त्रमा शक्तिको ठूलो महत्त्व छ। त्यसमध्ये त्रिपुरासुन्दरी भगवती पनि एउटा चर्चित स्वरूपिणी मानिन्छन्। सुन्दरी भगवती पनि एउटा चर्चित शक्ति स्वरूपिणी मानिन्छन्। तन्त्रशास्त्रमा यस्ता शक्ति दश प्रकारका छन्। जसलाई दश महाविद्या पनि भनिन्छ। ती महाविद्या यस प्रकार छन्– काली, तारा, षोड्शी, भुवनेश्वरी, छिन्नमस्ता, भैरवी, धुमावती,बगलामुखी, मागङ्गी र कमला। उपर्युक्त १० महाविद्या मिलकी एक षोडशी भन्नु यिनै त्रिपुरासुन्दरी हुन्। त्रिपुरासुन्दरीको सेवा गर्न तान्त्रिक विधि नै अपनाउनु पर्दछ भन्ने शास्त्रीय कथन छ।

जुम्लाको तात्कालिक १८ दरामध्येको एक तिवृकोट दराको यस कोट गाउँमा त्रिपुरासुन्दरीको पीठको स्थापना कसरी हुन पुग्यो, त्यो कुन समय होला भन्ने कुराको यकिन अहिलेसम्म हुनसकेको छैन। तर जुन समयमा बङ्गलामा पाल र सेनहरूको पतन भयो, जुन बेला मुसलमानहरूले भारतमा हिन्दूहरूलाई लखेटे त्यसै बेला हाम्रा हिन्दू धर्मानुयायी पुर्खा र तान्त्रिक आचार्यहरूले आफ्नो बचाउको लागि हिमालयको एकान्तस्थलमा रहेका कन्दराहरूतिर आए। तिनै तान्त्रिकहरूले यस मनोरम (कोट) स्थलमा पनि यस त्रिपुरासुन्दरी नामक शक्ति पीठको स्थापना गरे। अर्को कुरा नेपालको मध्यकालिक अवस्थामा कर्णाली प्रदेश जुम्ला राज्यको सिजा क्षेत्रका मल्ल राजाहरू निक्कै शक्तिशाली थिए। यी मल्ल राजाहरूको समयमा यिनीहरूको प्रभाव क्षेत्र पश्चिम बद्रीकेदारदेखि मुक्तिनाथसम्म र उत्तरमा तिब्बतको गुर्मे प्रान्तदेखि पश्चिममा कुमाउसम्म थियो। यिनै खस मल्ल राजाहरूको समयमा पनि यस पीठको स्थापना भएको हुन सक्छ।

पूर्णप्रकाश नेपाल यात्रीद्वारा सङ्कलित एवं सम्पादित नेशनल रिसर्च एशोसिएशन काठमाडौंद्वारा २०३९ सालमा प्रकाशित राजा गगनिराजको यात्रा नामक पुस्तकमा मुगु श्रीकोटका राजा गगनिराजले वि.सं. १५५० (शाके १४१५) तिर मुस्ताङ्गी राजा गगनिराजबाट बाह्र वर्षको कर उठाउन मुस्ताङ्गमा जाँदा बाटोमा पर्ने त्रिपुराकोटकी त्रिपुरासुन्दरी भगवतीको दर्शन गरेको कुरा उक्त पुस्तकको पृष्ठ नं. ७६ मा उल्लेख गरिएको छ। त्यस बेला मुगु श्रीकोटदेखि मुस्ताङसम्म ३५ कोसको दूरी देखाइएको छ। राजा गगनिराजले त्यस बेला मुस्ताङ्गमा जाँदा त्रिपुरासुन्दरी भगवतीको दर्शन गरेर गएको कुरा यदि सत्य र प्रामाणिक हो भने त्यस कोट गाउँमा भगवती त्रिपुरासुन्दरीको उदय भई वि. सं. चौधौं शताब्दीमा नै बाहिर स्पष्ट रूपमा अस्तित्व कायम भैसकेको रहेछ भन्ने कुरा एक पत्रबाट सिद्ध हुन्छ भने राजा विक्रम शाही आजभन्दा २०० वर्षअघिका हुन् भने पूर्ण प्रकाशजीको लेखाई बिलकूल गलत देखिन्छ।

मन्दिर निर्माण, पूजाविधि, गुठी र अन्य आवश्यकीय व्यवस्था

वि. सं. १४११ सम्म उपर्युक्त टाकुरामा एक साधारण ढुंगाको ओखलमात्र थियो। यस ओखलको रोमाञ्चकारी उत्खनन् भएको कुरा माथि दर्शाइ सकिएको छ। एकदिन बिहान कलिलो सूर्यको किरणको साथसाथ ओखलको पींध छिचोल्दा शिरमा घृतपूर्ण घडा भएकी भगवती त्रिपुरासुन्दरीको ९ बहिनीका मूर्तिहरू देखा परे। उत्खनन् कुमाई विष्टले भगवतीका शीरबाट सो घिउको घडा झिकी पर सारे। उक्त घडा पर सार्ने बित्तिकै घडामुनि बिराजमान भएकी भगवतीका नौ मूर्ति अलप भई नौ ओटा पुतलीको रूप धारण भएर भगवती उड्न थालिन्। अरू ६ बहिनी उपर्युक्त ठाउँमा गएर बसिन् तर बाला, त्रिपुरा र सुन्दरी तीन बहिनी सोही गाउँको एकै मन्दिरमा शक्ति स्वरूपिणी भई बसिन्।

संयुक्त शक्ति स्वरूपिणी यी ३ बहिनीले पुतलीको

रूप लिई उड्ने अवस्थामा कुमाई बिष्टले समाते। समाल्ने बित्तिकै बिष्ट बेहोश भए। त्यसै बखत बिष्टमाथि देवी चढी दैवीशक्तिबाट उनी बोल्न थाले। सो बोली यस प्रकार छ हामी नौ बहिनी भगवती हौं। अरू बहिनी उपर्युक्त (बाजुरा, जुम्ला, सल्यान, बाँके र बैतडी) विभिन्न ठाउँमा गएर बसेका छन्। हामी बाला, त्रिपुरा, सुन्दरी भगवती हौं। तिमी कुमाई बिष्टले हाम्रो पूजाआजा गरी राम्रो तरहसंग सुरक्षित गरी राख्नु। ती देवीका यस्ता अद्भुत कुराहरूबारे ती बिष्टले आफ्ना राजा विक्रम शाही समक्ष जाहेर गरे। यसपछि कोट गढीका राजा विक्रम शाहीले आफ्ना सबै जना भेला गराई जन श्रमदानबाट मन्दिरको स्थापना गरी भगवती बाला-त्रिपुरा-सुन्दरीलाई मन्दिरमा विराजमान गराए। उपर्युक्त विभिन्न ठाउँमा ती देवीहरू विभाजित भएका छन् तापनि सबैको रङ्ग तथा आकार प्रकार एउटै छ भन्ने भनाइ छ।

भगवतीको मन्दिर शुरूमा नाम मात्रको थियो। शुरू शुरूका पूजारीहरूको पालामा त्यसै सामान्य मन्दिरमा पूजा पाठ चल्यो। त्यसपछि ऐतिहासिक पुरानो ओखलको पूर्व पट्टिको टाके भीरको टुप्पामा पाटी जस्तो मन्दिर बनाई ती ३ भगवती त्यहीं राखेर पूजा पाठ चलाइयो। त्यसपछि क्रमशः ठूलो मन्दिर र अन्य आवश्यक पाटी, पौवा, धर्मशालाहरू बनाई मन्दिरको भव्यता बढ्न थाल्यो। पहिलेका ३ जना पूजारी (चौलागाईं, सिमखाड्या र धनाड्या) ले कैले बिहानमात्र धूपबत्ती गर्ने र तीन अध्याय चण्डीपाठ गर्ने गर्थे। अरू चाडपर्वको बेलामा भने केही पूजा पाठ बढी गरिन्थ्यो। चौथा पूजारी शुकदेव न्यौपानेको पालादेखि बिहान-बेलुका व्यवस्थित रूपले नित्यपूजा पाठ चल्न थाल्यो। त्यस बखतदेखि बिहान भगवतीको पूजा पाठ र साँझ आरती घुमाइनुका साथै प्रतिदिन एक एक आवृत्ति चण्डी पाठ र बिष्णु सहस्र नाम पाठ तथा २ अध्याय वेद पाठ गरिन थाल्यो। यसै गरी विजया दशैं र चैते दशैंका पूरा दिन, श्री कृष्णजन्माष्टमी, कर्कट संक्रान्ति, मालिका चतुर्दशी (श्रावण शुक्ल चतुर्दशी), ऋषी तर्पणी, दीपावली (यम पञ्चक) श्रीपञ्चमी र शिवरात्रि जस्ता ठूला पर्वका दिनहरूमा विशेष धूमधामका साथ पूजा पाठ गरिनुका साथै त्यसमध्येका विशेष पर्वहरूमा ३६० आवृत्ति चण्डीपाठ, २ आवृत्ति वेद पाठ, ९ आवृत्ति बिष्णु सहस्रनाम पाठ र ३९० श्लोकको त्रिपुरा सहस्रनाम स्तोत्रको पनि पाठ गरिन्छ।

बडादशैं र चैते दशैंमा सो मन्दिरमा पूजा गर्दा माछो, राँगो, बोका, सेता भेंडा र कुष्माण्ड (कुभिण्डो) समेतको पञ्चबलि चढाउने चलन छ।

तिब्बतको राज्य जित्न भनी जुम्लाबाट गएको गोर्खालीको फौजलाई कोट गडीबाट यिनै भगवतीका पूजारी सर्पानन्द पाध्या र बिष्णुपद पाध्या पश्चिम रिमी गाउँ पुगेका थिए। रिमी गाउँमा महाराज सुत्ती शाहीका ३ ओटा मूर्ति छन् भन्ने सुनिएको छ।

पूर्वबाट आएको गोर्खाली फौजले भगवती त्रिपुरा सुन्दरीलाई बोल कबुल गरी धूपबत्तीको व्यवस्था गरे अनुसार खानी र बैंजीबाडा गाउँका जनताले आफ्नो नाउँबाट मालपोत उठाई यी भगवतीको धूपबत्तीको निमित्त शुरूमा यिनै कोटाल थानी एवं पूजारी बिष्णुपद पाध्या हस्ते बुझाउने गरेका थिए भन्ने कुरा अरू बूढापाकाहरूबाट सुनिन्छ।

हाल यस मन्दिरमा डोल्पा जिल्लाका कोला, ताछीन, व्यास, बैंजीबाडा, वनटाँडोरह, रसी, लाउन, छल, गधु (गद्दु), लुम, कलिकाँडा, खानिगाउँ र अनारल्ली गल्ली आदि गाउँका जनता गुठीयारमा खटिई बोका, धूप, अक्षेता र अन्य सामानहरू ल्याई यसै मन्दिरको गुठीमा बुझाउने गर्दथे।

यस मन्दिरमा व्यवस्थित रूपले पूजापाठ हुन थालेपछि विभिन्न श्रद्धालु व्यक्तिबाट प्राप्त दानको रकम र देवीको गुठीको रूपमा आयस्थाको लागि जग्गाको व्यवस्था भयो। त्यसै गरी स्थानीय कठायत परिवारले चलाएको चाँदीको छडी, लौरो बोकेर मन्दिरको ढोकामा पर्खेर झाडु बढारू र छडीयारको काम गर्ने कुनै पनि पूजारी परिवारले पूजापाठको काम, राजा विक्रम शाहीका नजीकका सन्तानले निशानीको काम र बिष्ट परिवारले फूलपाती जम्मा गर्ने र बत्ती काट्ने आदि

कोमको जिम्मा लिएका छन् ।

भगवतीको आयस्रोत र व्यवस्थित पूजापाठको लागि गरिएको व्यवस्था अनुसार मन्दिर वरपरका ५० गाउँबाट बलिको लागि १।१ बोका त्याई रु. ।३२ पैसामा दिनु पर्ने भयो । उक्त बोका बडादशैं, चैतेदशैं र यथा शक्य प्रत्येक अष्टमीमा काटिन्छन् । भगवतीको पूजाआजा गरी खानु भनी पूजारीका नाममा १८ औं शताब्दीदेखि दिइएका खेत सम्बन्धित पूजारीहरूले भागबण्डा गरी भोगचलन गरी आएका छन् । पुरानो गुठीको जग्गाबाट तिरोस्वरूप स्थानीय गल्ली गाउँकी जग्गाबाट आएका आयस्ता रु. ३३३।- र स्वर्गीय श्री ५ महेन्द्र २०२० सालमा जुम्लामा सवारी भएको बखतमा मौसूफबाट हुकुम बक्से अनुसार प्रति वर्ष थप आउने गरेको रु. ३६०। बाट दैनिक पूजाको खर्च जेनतेन प्रकारमा चलाइएको छ ।

उक्त मन्दिरको पश्चिमतर्फ राजा विक्रम शाहीका विगुले वीरे दमाईंको सम्झनास्वरूप वीरस्थान छ । भगवतीको मन्दिरकै आसपासमा त्रिपुरासुन्दरीको बाहन भनी मानिएको ठाँके बाहनको स्थान छ । सो मन्दिरको पश्चिमतर्फ हरिकीर्त्तन मन्दिर छ । सो मन्दिरमा ब्रह्मा, विष्णु, महेश्वर, कृष्ण, बुद्ध, लक्ष्मी, सरस्वती र श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका मूर्तिहरू छन् । यसै प्रकार मन्दिरको वरपर निकै अग्लाअग्ला लिङ्ग र ती लिङ्गमा टाँगिएका ध्वजा पताकाहरूले पनि अपूर्व शोभा दिएको देखिन्छ । ती मध्ये त्रिपुरासुन्दरी, गुरु चन्दननाथ, चण्डीका देवी र महाराज विक्रम शाहीका चार ओटा झण्डाको विशेष महत्त्व मानिन्छ ।

भगवतीको मुख्य मन्दिरमा सुनको गजूर सुशोभित छ । सो गजूर वि. सं. १८ औं शताब्दीमा राखिएको हो र यो गजूर १३ तोला सुनबाट बनेको हो भन्ने सुनिन्छ । तर कसको, कुन प्रेरणा र स्रोतबाट उक्त सुनको गजूर रहन गएको हो सो कुरा थाहा हुनसकेको छैन ।

भगवतीको मुख्य मन्दिरमा विद्यमान मूर्तिहरू मध्ये बाला, त्रिपुरा, सुन्दरी, जोगमाया आदिमा शिलाका मूर्तिहरू छन् । यस अतिरिक्त धातुका अन्य ८ मूर्ति छन् । ती मूर्ति सो मन्दिर स्थापनाकालदेखिका मानिन्छन् । त्यस्तै बिशलिङ्ग, शालिग्राम, लक्ष्मीनारायण आदि देवताका शिला मूर्तिहरू पछि राखिएका हुन् भन्ने भनाइ छ । त्यस्तै चण्डीका, चामुण्डा, नृसिंह र वैष्णवका मूर्तिहरू गत २०२९ सालमा चोरी भैसकेका छन् भन्ने सुनिन्छ । उक्त मूर्तिहरू पञ्च धातुबाट बनेका हुन् र अन्य मूर्तिमध्ये धेरै जसो नयाँ थिए भन्ने भनाइ छ ।

यस मन्दिरको वरपरको अवस्थालाई ध्यानमा राख्दा यस मन्दिरको स्थापनाकालदेखि नै यसको समुचित व्यवस्था हुँदै आएको पाइन्छ । यस मन्दिरको क्षेत्रभित्र देवी सार्ने कोठा, बज्र शाला, पाठ, होम, ध्यान एवं यज्ञ गर्ने कोठा, दमाईंले बाजा बजाउने कोठा, श्रद्धालु भक्तजनहरू बस्ने धर्मशाला र अरू पाटी पौवाहरूको निर्माण भएको देख्दा यस मन्दिरप्रति सबै क्षेत्रको ध्यान गएको पाइन्छ ।

विगत केही वर्ष अघिसम्म उक्त मुख्य मन्दिर लगायत भवन, स्थान, मठ तथा पाटी पौवा समेत पूरै जीर्ण अवस्थामा थिए । २०३५ सालदेखि यता श्री ५ को सरकारको रु. ५०,०००।— अनुदान र स्थानीय जनताको करीब १ लाख बराबरको श्रमदानबाट उक्त मन्दिर र अन्य भवनको जीर्णोद्धार भई मन्दिरको पूरै क्रियाकलाप गरिएको छ र हाल कोट गाउँमा खानेपानी र बिजुली बत्तीको समेत व्यवस्था भइसकेको छ ।

वि. सं. २०१८ मा नेपाल अधिराज्यमा ७५ जिल्लाको स्थापना भइसकेपछि जुम्ला मालबाट २०२२ सालमा डोल्पा माल अड्डा फाटेर गएको हो । यही अवस्थादेखि त्रिपुरासुन्दरी मन्दिरको मालपोत र गुठीको आयस्ता सम्बन्धी कुरा डोल्पा माल कार्यालयले नै हेर्न थालेको छ ।

विभिन्न राजनीतिक दृष्टिबाट छुट्टै तिब्रकोट जिल्ला कायम भएपछि काई गाउँ, मनि, झारज्वाला र देपाल गाउँमा क्रमशः सदरमुकाम सर्दै आए । करीब वि. सं. २०२८ मा देपाल गाउँका भवानीप्रसाद न्यौपाने र प्रयागदत्त देवकोटाले सो देपाल गाउँमा

तिब्बतको जिल्लाको नामले त्रिपुरासुन्दरीको तथाकथित मन्दिर खडा गरी वास्तविक त्रिपुरासुन्दरी भगवतीको नामको करीब रु. ६५।– जुम्ला मालबाट बीचैमा आज–सम्म जफत गरिरहेको कुरा सुन्दा सो रकम सम्बन्धमा चित्त बुझेको छैन।

गोर्खालीको विजय र राजा विक्रम शाहीको निधन

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले वि. सं. १८२५ मा काठमाडौं उपत्यका विजय गरेपछि नेपाल अधिराज्यका विभिन्न ठाउँमा रहेका अन्य राज्यलाई एकीकरण गरी विशाल नेपालको निर्माण गर्दा यसको प्रभाव यस कर्णाली प्रदेशमा पनि पऱ्यो।

वि. सं. १८३१ मा मौसूफको स्वर्गारोहण भएपछि श्री ५ सिंह प्रताप शाहको करीब ४ वर्षको कार्यकालमा पनि यस प्रदेशतिर हेरिएन। वि. सं. १८३४ मा मौसूफको निधन भएर श्री ५ रणबहादुर शाह गद्दीनसीन होई बक्स्यो। मौसूफबाट राज्यारोहण भएको ठीक १२ वर्ष पछि मौसूफका काका श्री ५ पृथ्वीनारायणका छोरा अधिराज बहादुर शाहको निर्देशनमा नेपाल अधिराज्यका कुना कुनामा बाँकी रहेका टाकुरे राजा र थिनीहरूको राज्यलाई जित्न भनी पठाइएको सरदार प्रबल राना, काजी शिवनारायण खवी र भुपाल थापा समेत भएको एउटा टोली गण्डकी प्रदेश हुँदै कर्णाली प्रदेशतर्फ लाग्यो। यो समय वि. सं. १८४६ तिरको हो। यस टोलीलाई गोर्खा राज्य (नेपाल अधिराज्य) जित्ने गोर्खाली टोली भनिन्थ्यो। यो एउटा टोली पूर्व मुस्ताङ्गबाट ठाँकेको लेक भई पश्चिम तिब्बतितिर आइरहेको थियो। यो टोली मुस्ताङ्गबाट आएर छार्का भोटमा पुग्यो। छार्का भोटबाट उठेको सो टोली रानी ढुंगा र यहाँबाट पनि हिंडेर स्थानीय प्रसिद्ध छ्याँदुला गुम्बामा आई बस्यो।

त्यस बेला कर्णाली प्रदेशको विभिन्न टाकुरे राज्यमा कल्याल वंशी राजाहरूले राज्य गरिरहेका थिए। कर्णाली प्रदेश बाइसे राज्यभित्र पर्दछ। सो टोली छ्याँदुला गुम्बाबाट त्यहाँको भैरवी नदी (भैरवी गंगा) र तराप खोलाको संगममा आइपुगेछ। गोर्खालीलाई गोर्खा भन्ने पनि गरिन्थ्यो। हामीसंग लडाई गरेर हाम्रो राज्य जित्न गोर्खा यतातिर आइरहेको छ भन्ने थाहा पाएर स्थानीय खानी गाउँका कल्याल वंशी राजा खन्यालले आफ्नो गाउँ ठाउँ नजीकका नदी, खोला र बगरमा लगाइएका काठका साँघु र लाप्का (पुलेसा) हरू झिकी वारपार गर्न रोकी खोला र नदीमा बगाई दिए अनि त्यो गोर्खा आफ्ना गाउँ घरमा लड्नकोलागि आउन नसकोस् भन्ने उद्देश्यले खन्याल राजाले गाउँ भरि जाडे र भोटे कुकुर छोडेर आफ्ना घर दैलोमा काँडा बाँडेर बसे। ती गोर्खालीहरूले त्यस ठाउँ वरपरका अरू मानिसलाई यो के ठाउँ हो र यहाँ कस्ता मानिस बस्दछन् भनी सोद्धा उनीहरूले यो गाउँ हो र यहाँ कल्याल वंशी खन्याल राज राज्य गरी बस्दछन् भन्ने जवाफ दिए।

भैरवी र तराप खोलाको त्रिवेणी (दोभान) वरपरका खोला तथा बगरहरूमाथि लगाइएका साँघु र लाप्काहरू नहुँदा नदी र खोला तर्न नसकी त्यहाँ त्यो गोर्खाली टोली रोकिएर रह्यो। ती गोर्खालीहरूले आफ्नो साथमा आएको फौज र स्थानीय गाउँलेहरूको सहयोगबाट त्यहाँका वन जङ्गलमा प्रशस्त रूख काटी गाउँ ठाउँमा साँघु र लाप्काहरू लगाउन खोजे। तर साँघु र लाप्का लगाउने जतिसुकै प्रयास गरे पनि बीचैमा रूख पटापट भाचिंदा साँघु र लाप्का लाग्न सकेनन्। जतिसुकै गोटा र अग्ला रूख काटे पनि साँघु र लाप्काका काठ भाँचिने गरी आफ्नो प्रयास असफल भएकोमा ती गोर्खालीहरू बडो चिन्तामग्न भए। अनि त्यसपछि त्यहाँ कसको प्रभावले यस्तो बिघ्न हुनगएको हो भनी गोर्खालीहरू सोच्न लागे। अनि उनीहरूले स्थानीय गाउँलेहरूले यस ठाउँमा प्रसिद्ध त्रिपुरासुन्दरी देवी भगवतीको महत्त्व भएकोले ती गोर्खालीहरूलाई उनको प्रभाव बारे प्रकाश पारे। अनि ती गोर्खालीहरूले तिमी देवीको कृपाले यी साँघु र लाप्काहरू लागुन्। यो साँघु तारेर हामी यहाँबाट पार भई यहाँका राजालाई जितेर हाम्रो विजय भएमा यो खानी र बैजी बाडो भन्ने दुइटा गाउँ तिमी त्रिपुरासुन्दरी भगवतीलाई चढाउँला यी दुई गाउँबाट उठेको रकमबाट तिमीलाई धूप बत्ती चढाउँला

भनी ती दुई गाउँको नाम लिई हातले कुश मट्टि (संकल्प) गरी ती भगवती त्रिपुरासुन्दरीलाई चढाउने ठूलो भाकल गरे। त्यसपछि त्यहाँका सबै नदी, खोला र बगरहरूमा ठूल्ठूला साँघु र लाप्काहरू लगाउने प्रयास सफल भयो। अनि गोर्खालीको सबै फौज त्यहाँबाट तरी पारितिर पुगी त्यस फौजले खन्याल राजालाई मारे। अनि त्यसपछि त्यो गोर्खाली टोली स्थानीय दार भन्ने गाउँमा पुगेर त्यस टोलीले त्यहाँका कल्लायल वंशी राजा दन्याललाई मान्य। त्यसपछि टोलीले त्यहाँबाट आएर व्यास गाडका कल्याल वंशी राज व्याँसगाडीलाई मान्यो। यसै व्याँस गाउँलाई हाम्रा पौराणिक प्रसिद्ध व्याँस ऋषिले तपस्या गरेको तपभूमि भनिन्छ। त्यहाँबाट त्यो टोली दुनैमा आई बस्दा त्यहाँका राजाले कटार रपी आत्म-हत्या गरी मरे। त्यहाँका कल्यालवंशी राजाले आत्म-हत्या गरी स्वत: मरेकाले त्यहाँबाट उक्त टोली जुफाल गाउँमा बसेता पनि त्यहाँबाट नजिकैको सो त्रिपुरा सुन्दरी भगवतीको मन्दिर भएको प्रसिद्ध कट गाउँका राजालाई मारी सो कोट राज्य आफ्नो हातमा लगाउने ठूलो मनसुवा उक्त टोलीले राखेको थियो। त्यस बेला सो कोट भन्ने ठाउँमा कल्लायल वंशी राजा उनै विक्रम शाही राज्य गर्दथे।

यो त भयो पूर्व मुस्ताङ्गका तिरबाट आएको गोर्खाली टोलीले राज्य जित्नै आएको कुराको कथन। जुम्लाबाट पूर्वतिरको तिबूकोट राज्य जित्न भनी गएको गोर्खाली टोलीको सम्बन्धमा स्थानीय गाउँ ठाउँमा पाइने एक अर्को ऐतिहासिक कथन यस प्रकार छ-

वि. सं १८४६ कै कुरा हो। सरदार प्रबल राना र काजी शिवनारायण खत्रीकै नेतृत्वमा प्यूठान, सल्यान र जाजरकोट हुँदै जुम्ला राज्य जित्न भनी आएको टोली जुम्लामा पुगेको थियो। यही सालमा उक्त टोलीले जुम्ला राज्य सहजै जित्यो। उक्त टोलीले जुम्ला राज्य जित्दा जुम्लाको अन्तिम कल्याल वंशी राजा शोभान शाही जुम्लाबाट भागेर उत्तर हुम्लातिर गए। यसै बेला जुम्लीहरूले भनेको एउटा उखान (लोकगीत) यस प्रकार छ-

भातु खायो शोभान शाहीले, ताउली हाल्यो कुम्ला जीती आयो गोरखय, जनीनमार जुम्ला।

अर्को कल्याल वंशी जुम्ली राज सुर्त्ती शाही महाराज जुम्लाबाट भागेर पूर्व तिबूकोटतिर लागे। ती गोर्खालीद्वारा धपाइएका वा गोर्खालीको भयले स्वयं धपिएका सुर्त्ती शाही तिबूकोट दराको रिमी गाउँमा आई बसे। यसै रिमी गाउँमा महाराज सुर्त्ती शाहीका ३ ओटा मूर्तिहरू छन्। त्यस गाउँमा बस्ने कल्याल राजाका सन्तानहरूले ती मूर्तिलाई र शाहीका मूर्ति आजसम्म पूजा गरिरहेकै छन्। तिनै सुर्त्ती शाहीका आफ्नै एउटा भाइ हुन् वा उनका कुनै एउटा सन्तान हुन् त्यस रिमी गाउँबाट यसै दराको च्युं भन्ने गाउँमा आई बसेका छन्। तिनको सन्तान आजसम्म यस च्युं गाउँमा पाइन्छ। रिमी गाउँबाट तिनै सुर्त्ती शाही कोट गाउँमा गई बसेका हुन् भन्ने भनाइ छ। कोटका राजा विक्रम शाही तिनै सुर्त्ती शाहीका छोरा हुन् भन्ने पनि एक अर्को कथन पाइन्छ। कोटका राजा विक्रम शाहीको दरबार त्रिपुरा सुन्दरी भगवतीको मन्दिरभन्दा पछाडिपट्टि थियो भन्ने स्थानीय जनताको भनाइ छ।

त्रिपुरासुन्दरी भगवतीको र यिनका भक्त राजा विक्रम शाहीको बारेमा केही लेखकको लेखाइ र स्थानीय जनताको भनाइलाई सङ्कलन गर्दै जाँदा राजा विक्रम शाहीको दरबार सम्बन्धमा एक थरी लेखाई यस्तो पाइन्छ-

राजा विक्रम शाही भगवती त्रिपुरासुन्दरीका साह्रै ठूला भक्त थिए। यिनको दरबार सो मन्दिरको सीधा उत्तर मुकुट हिमाल (मुकुटेश्वर हिमाल) को नजीकैको अग्लो पहाडको टुप्पामा थियो। सो दरबारको भग्नावशेष अद्यापि बाँकी नै छ। उक्त दरबारबाट प्रति-दिन २ कोश तल भेरी नदीमा आई स्नान गरी यिनै भगवतीको पूजापाठ गरेर सो मन्दिर नजीकैको ढुंगाको गद्दीमा बसी राजा विक्रम शाही राजपाठ चलाउँथे। उनै भगवतीलाई साक्षी राखी जनताको न्यायनिसाफ हेरी सो काम सकेर मात्र पुन: २ घण्टाको उकालो चढेर उनी भोजन गर्दथे। यो कठीन दिनचर्या सामान्य मानिसको लागि २

दिनको काम हो । धेरै वर्षसम्म यिनले कोट राज्यको शासन चलाएका हुन् ।

मार्थि (पूर्व) छार्का भोटतिरबाट आएको एउटा गोर्खाली फौज जुफाल गाउँमा आई बसेको र तल (पश्चिम) जुम्लाबाट गएको अर्को गोर्खाली फौज यसै कोट गाउँको वारिपट्टिको गुद्धमा टाउको भन्ने ठाउँमा आई बसेको थियो । सो टाउकोबाट नजीकै पारिपट्टि राजा विक्रम शाहीको दरबार देखिन्थ्यो । कोटबाट यो टाउको धेरै नजीक (करीब आधा घण्टाको) छ र जुफाल गाउँ कोट गाउँबाट करीब ३ घण्टाको दूरीमा छ । जुम्लाबाट जाने गोर्खालीको फौजले त्यस गुद्धमाको टाउको-बाट बिगुल (अथवा कुनै आवाज आउने बाजा) बजाउँदा त्यसको ठीक पारिपट्टि राजा विक्रम शाही र उनको लुगा सिउने बिगुल र अन्य बाजा बजाउने वीरे भन्ने सगुनी दमाईले त्यस बिगुलको बाजा सुने । त्यस टाउको र कोटको दरबारको बीचमा छल गाड (ताम्रबर्णी नदी) ले छेकेको छ । त्यस बीरे दमाईले पनि त्यस बिगुलको प्रत्युत्तरमा पारिबाट दमाहा बजायो । राजा विक्रम शाहीको तर्फबाट बाजा (दमाहा) बजाउने त्यस मानिस-लाई मार्छौं भनी त्यस टाउका (टाकुरा) बाट गोर्खाली-को फौजले भरेको बन्दूक सोझ्याउँदा त्यस बन्दूकबाट गोली गई सोझै पारिपट्टिको वीरे दमाईको पेटमा लागेर तत्काल त्यस दमाईको मृत्यु भयो ।

त्यस कुराबाट ती गोर्खालीको फौज तल छल-गाडतिर झर्न थाल्दा पारि राजा विक्रम शाही आत्तिएर अब यस फौजले मलाई पनि मारी मेरो राज्य लिने भयो । यो गोर्खालीको हातबाट मुर्नभन्दा सेरिएर (आफैले आफ्नो घाँटीमा धारिलो हतियार प्रयोग गर्ने) म आफै मर्छु र म ज्युँदो हुँदा पनि यो राज्य मेरै थियो । तथा म मरे पनि यो राज्य मेरै कायम गर्छु भन्ने विचारले उनले आफ्नो छातीमा राखेको खाँडो र फलाम-को कटारो लिई आफ्नो छातीमा धसी उनी आत्महत्या गरी मरे । यिनको मृत्यु भएकोले यिनकी रानी अग्रावती र यिनका छोरा बद्री शाहीले आफ्ना श्रीमान् र बाबुको शोच बारेर कपालमा छाप्रो हालेर बसे । यति गर्दैमा गोर्खालीको त्यो फौज छलगाड तरेर कोटतिरको उकालो लाग्यो । तिनीहरू यहाँ पुगेर हामीहरूलाई पनि मार्छन् भन्ने विचारले यिनीहरूको हातबाट मर्नुभन्दा हामी दुई आमा छोरा पनि कटारो रोपी मर्छौं भनी रानी अग्रावती र युवराज बद्री शाही छातीमा कटारो रोपी भगवती त्रिपुरासुन्दरीको शरणमा परी आत्महत्या गरी मरे । एक डेढ घण्टाको बीचमा राजा, रानी र युवराज-को मृत्यु भयो । यी तीनै जनाले आत्महत्या गरी मरेकाले जुम्लाबाट गएको गोर्खाली फौजले यस तिबू-कोटको ठूलो राज्य सजिलैसंग आफ्नो हातमा लगायो । जुफालबाट आएको गोर्खाली फौज र जुम्लाबाट गएको गोर्खाली फौजको त्यहीं त्यतिखेर भेट भयो । जताबाट गएको गोर्खाली फौजले तिबूकोट राज्य जिते पनि आखिरमा कल्यालवंशी राजाको हार भई गोर्खाली फौज-को विजय भई तिबूकोट राज्य विशाल नेपालमा मिलाई आफ्नो विजयपताको चिन्ह गाडेर ती दुवै फौज मिली पश्चिमका अरू राज्य जित्न हिंडे ।

यस तिबूकोट भेगमा हिजोआज कसैलाई पेट दुखेमा उही वीरे दमाई र मुटु दुखेमा उनै राज विक्रम शाही लागे भनी वीरे दमाईलाई कुखुरा र राजालाई सेतो भेडो र सेतो ध्वजा, तोरन र खुँडो चढाउने चलन छ । वीरे दमाईलाई चामल चढाउने चलन छ । यति चढाएपछि पेट दुखन र मुटु दुखन छोड्छ भन्ने पनि भनाइ छ ।

ऐतिहासिक कथनमा देखापरेका केही विवाद-पूर्ण कुराहरू

यो लेख यस लेखकको परिशिष्ट खण्डमा दिइएका सन्दर्भ सामग्री र डोल्पा जिल्लाका इतिहास प्रेमी केही बूढापाकाहरूको ऐतिहासिक कथनलाई संग्रह गरी लेखि-एको हो । सम्बन्धित क्षेत्रमा पाइने सनद, लालमोहर, रूक्का, आदेश र ऐतिहासिक पत्रको प्रशस्त अध्ययनविना यसमा देखापरेका विवादपूर्ण कुराहरूको निर्णय दिन सकिदैन । ठोस विषयवस्तु प्रस्तुत गर्नुका साथै यहाँनेर विवादित कुरा देखापरेको छ भनी औंल्याइदिनु यहाँ अर्को उपादयता ठानिएको छ ।

विवादपूर्ण कुराहरू

१) जुम्ला र तिब्रकोट राज्य जित्न आएको गोर्खाली टोली एउटै हो वा फरक ? जुम्ला राज्य जित्न आउने टोली नेताहरूमा काजी शिवनारायण खत्री र सरदार प्रबल रानाको नाम छ। मुस्ताङ्ग भएर छार्का भोट हुँदै तिब्रकोटमा आउने गोर्खाली टोलीहरूको नेतृत्व गर्ने व्यक्तिमा पनि उपर्युक्त दुई जनाको साथै भूपाल थापाको नाम पनि संलग्न छ। यी पंक्तिका लेखकद्वारा लिखित जुम्लाको सामाजिक रूपरेखा नामक पुस्तक (२०२७) मा कर्णाली प्रदेशभित्रका २२ ओटै राज्यको नाम उल्लेख भएको छ। जुम्ला राज्य जित्न भनी आएको टोली पूर्वबाट पश्चिम हुँदै जुम्ला जितेर तिब्रकोटतिर फर्केको होइन, बरू जुम्लाबाट पूर्व तिब्रकोटतिर लागेको गोर्खाली फौजले तिब्रकोट (खास त्रिपुराकोट) का राजा विक्रम शाहीलाई जितेर तिब्रकोट राज्य आफ्नो हातमा लगायो भन्ने उल्लेख छ। पूर्वबाट आएको टोली जुफाल गाउँमा आई बसेको र टोलीका प्रमुखहरूको नाम समेत उक्त कथनमा समाविष्ट छ। तर तिब्रकोटको कोट जितेको श्रेय जुम्लाबाट गएको गोर्खालीको टोलीलाई दिइएको छ परन्तु छार्का भोटतिरबाट आएको टोलीलाई दिइएको छैन, तर पूर्व र पश्चिम दुवैतिरबाट आउने टोली प्रमुखहरूको नाम आएको छ।

२) कर्णाली प्रदेशको विशाल भू–भागमा जम्मा १८ दरा २२ पाखा कायम गरिएका छन्। तीमध्ये तिब्रकोट दरा पनि एक हो। यही तिब्रकोट दरालै अहिले डोल्पा जिल्लाका २३ गाउँ विकास समितिलाई ढाकेको छ। पुरानो यही त्रिपुराकोट शब्दको अपभ्रंश हाल तिब्रकोट शब्द बन्न गएको छ। यस त्रिपुराकोटको मुख्य थलो नै यिनै त्रिपुरासुन्दरी भगवतीको उत्पत्ति भएर यिनको मन्दिर स्थापना भएको कोट (गाउँ र ठाउँ) हो। त्रिपुरा र कोट दुई शब्दको संयुक्त नाम नै त्रिपुरा–कोट (तिप्रीकोट) हो। त्रिपुरा शब्दले भगवती त्रिपुरा–सुन्दरीको संकेत गर्दछ भने कोट शब्दले सानो टाकुरो भएको भौगोलिक (ठाउँको) परिचय दिन्छ।

अब कुरो आयो यस तिप्रीकोटको कोटमा भगवती त्रिपुरासुन्दरी माई लुकाई राखेको उपर्युक्त ऐतिहासिक ओखलको उत्खनन् भएर भगवतीको अस्तित्व कायम भई मन्दिरको स्थापना र पूजापाठको प्रचलन पहिले भएको हो कि अथवा यहाँका राजाको पहिले राज्य कायम भई सकेपछि मन्दिरको रूप आएको हो। अर्थात् त्यस ठाउँमा पहिले राजाद्वारा देवीको अस्तित्व कायम भयो वा अहिले ती देवीले त्यहाँ राजा र दरबारको व्यवस्था गरिन्। अथवा अर्को भाषामा विष्ट गिरी र कठायत आदि थरका मानिसको साथै कोटराज्यको चहल पहल पहिले भएको हो कि वा त्रिपुरासुन्दरी भगवती उत्पत्ति भएर ती देवीद्वारा त्यहाँ मानिसको बस्ती बसाल्न थालिएको हो ? यसमा दुइटै कुरा हुन सक्छ। अण्डा पहिले कि कुखुरा पहिले भने जस्तै समस्या यहाँ देखापरेको छ। राजा विक्रम शाही महाराजको दरबारको छेउमा एउटा ओखलमा धान कुट्ने विष्ट कजिनीहरूले धान कुट्दा देखापरेको आश्चर्यलाग्दो धान र चामलको कुरा र त्यो ओखल खन्दा ओखलको मुन्तिरबाट बाबा, त्रिपुरा, सुन्दरी आदि नौ बहिनीको प्रादुर्भाव भएको कुरा माथि उल्लेख भएकै छ।

गोर्खालीदेखि त्रस्त भएर आफै आत्महत्या गरी मर्ने राजा पनि तिनै विक्रम शाही हुन् भन्ने कुरा पनि माथि उल्लेख भइसकेको छ। त्यसो भए राजा विक्रम शाहीले आत्महत्या गरी मरेको साल, महीना र गते एवं गोर्खाली फौजले तिप्रीकोटको कोट राज्य स्वाधीन गरेको मिति उही १८४६ हुन आउँछ। अर्थात् जुम्लाकोटको कोट राज्य ठीक दुई सय दुई वर्ष पहिले विशाल नेपालमा मिलेको हो। तिप्रीकोटमा प्रसिद्ध त्रिपुरासुन्दरी भगवतीको उदय भई स्थापना भएको के २०२ वर्ष मात्र भयो त ?

डोल्पा जिल्लाका तात्कालिक का. मु. जि. शि. अ. विश्वनाथ ढकालद्वारा लिखित डोल्पाली सेरोफेरो नामक पुस्तकको पृष्ठ नं. ४७ र ४८ मा ढकालजीले वि. सं. १४११ मा सो ओखलको उत्खनन् भएको कुरा उल्लेख गर्नु भएको छ। माथिका कुराहरूले वि. सं. १४११ को कुरालाई खण्डन गरी दिएका छन्।

वि. सं. १८४६ र वि. सं. १४११ मध्ये कुन कुरा ठीक हो ? यो अध्ययनको विषय बनेको छ ।

३) सहकर्मी पूर्ण प्रकाश नेपाल 'यात्री' को राजा गगनि राजको यात्रा भन्ने पुस्तकमा मुगु जिल्ला खत्याद दरा श्रीकोटका राजा गगनि राजको अधीनमा मुस्ताङ्ग–सम्मका राजाहरू रहेछन् भन्ने कुरा दर्सिन्छ । मुस्ताङ्गी राजाले राजा गगनिराजलाई १२ वर्षसम्मको तिरो र अन्य रकम नबुझाएकोमा राजा गगनिराज आफ्ना दला बल सहित श्रीकोटबाट आफ्नो यात्रा शुरू गरी चौथा-माझा गएर जुम्लाको छिनासिमस्थित प्रसिद्ध चन्दननाथ-को दर्शन गरी जुम्लाको गर्ज्याङकोट, कुंडी, मुनि, चोत्र हुँदै मौरेको लेक काटेर तिप्रीकोटतिर लागेका थिए । उनले तिप्रीकोटको कोटमा गई भगवती त्रिपुरासुन्दरीको दर्शन गरेको कुरा यात्रीजीले सो पुस्तकमा उल्लेख गर्नु भएको छ ।

राजा गगनिराजले मुस्ताङ्गसम्मको यात्रा गरी आफूले उठाउनु पर्ने कर उठाएको समय शाके १४१५ संवत् १५५० को आसपासमा हो भनी उक्त पुस्तकको पृ. नं. ७३–७७ मा उल्लेख गरिएको छ । वि. सं १५५० तिर राजा गगनिराजले तिप्रीकोटकी त्रिपुरासुन्दरी भगवतीको दर्शन गरिसकेका थिए भने वि. सं. १८४६ तिर तिप्रीकोटका राजा विक्रम शाहीका काजी विष्टहरूले ओखलको उत्खनन् गरेर बाला, त्रिपुरा, सुन्दरी सहितकी ६ बहिनी देवीका मूर्ति र पुतली कसरी फेला पारे ? स्थानीय जनताको भनाइ, किंवदन्ती र लोकोक्तिहरू पनि झूठा हुन् भन्न सकिंदैन । इतिहासका पूर्वाधार नै यस्तै लोकोक्ति र किंवदन्तीहरू नै हुन् । यात्रीजीको सो लेखाइ कतिसम्म तथ्य र आधारपूर्ण छ, सो कुराको जिम्मेवार उहाँ नै हुनुहुन्छ ।

त्रिपुराकोटमा स्थापित त्रिपुरासुन्दरी देवीको मन्दिरका मूर्ति र सालिकको साथसाथै प्रतिष्ठापित राजा विक्रम शाही, उनकी महारानी र उनका छोराको मूर्ति र सालिकलाई स्थानीय जनताले त्यसै ठट्टा र हल्का किसिमले राखेका हुन् भन्न पनि कुनै हालतमा सकिंदैन । त्यस ठाउँमा ओखलको उत्खनन् गरी ६ ओटी देवीको उत्पत्ति पहिले भएर त्यसपछि यहाँ राजाको व्यवस्था भएको हो कि अथवा राजाको व्यवस्था भएर दरबार बनि-सकेपछि राजाका काजी विष्टहरूद्वारा ओखलको उत्खनन् भएर देवी प्रकट भएकी हुन् ? यो ठूलो प्रश्नवाचक चिन्ह आजका इतिहास, संस्कृति र भाषाका अन्वेषकहरू-को अगाडि राखिएको छ । तर लोकोक्ति अनुसार राजा विक्रम शाहीको कार्यकाल वि. सं: १८ औं शताब्दीको मध्यतिरको देखिन्छ भने सो ओखलको उत्खनन् वि. सं. १४ औं शताब्दीतिर भएको हो । हाम्रा लेखकहरू पूर्ण–प्रकाश नेपाल, विश्वनाथ ढकाल र जनकलाल शर्मा आदि डोल्पा जिल्लासम्बन्धी कुरा लेख्ने विभिन्न लेखकहरूको भनाइ कतिसम्म सत्य हो भविष्यमा निरूपण हुने कुरामा यो लेखक विश्वास गर्दछ ।

२०४५ सालमा राजपरिवारको डोल्पा जिल्लाको यसै कोट गाउँमा सवारी भई यस त्रिपुरासुन्दरी भगवती-को दर्शन गर्दाखेरी यस मन्दिरको पुनर्निर्माण गर्न आव-श्यक भएको महसूस गरिएको थियो ।

श्री ५ को सरकारको रु. ४ लाखको लागतमा यस मन्दिरको पुनर्निर्माण गर्ने कार्यक्रम अनुसार २०४७ साल वैशाख महीनादेखि शुरू भएको थियो ।

अत्याधुनिक ढङ्गले बनाइएको यस मन्दिरका पर्खाल-मा चुन, सिमेन्ट र बालुवा लगाउने र छानामा ढुंगाको छाना लगाउने गरी बनाइएको यस कार्यक्रमले यस मन्दिर-को आकार प्रकार र रूप स्थायी रूपमा हुने आशा गर्न सकिन्छ । यस मन्दिरको नाममा जम्मा २८ मुरी (७ रोपनी) जग्गा दर्ता भएको छ जसमा ८ मुरी कोट गाउँ-मा र २० मुरी गल्ली भन्ने गाउँमा छ ।

श्रीबाला त्रिपुरासुन्दरी भगवीतको मानसिक आरती (संक्षिप्त रूप)

१) उचे देवल निचे देवल चारलिङ्गा ध्वजा धारी
त्रिपुरा सुकमारनकरी माता तिन बर्णाकारी
जय जय माता बालत्रिपुरा–सुन्दरी भक्तजन गुं
चारिणी ।

२) दक्षिण भेरी वामगङ्गा उत्तरशिर मुकुटधारी
विराट स्वरूपकी विराजी माता त्रिभुवनके अधिकारी

जय जय माता बाला–त्रिपुरा–सुन्दरी भक्ताजन गुं
तारिणी ।

(इत्यादि)

परिशिष्ट खण्ड

सन्दर्भ सामग्री

१) रत्नाकर देवकोटा– जुम्लाको सामाजिक रूपरेखा- पुस्तक -२०२७

२) " " –वेन्नु पुस्तिका- ४ –२०२९, पृ. नं १३

३) जनकलाल शर्मा– डोल्पा यात्राको ७ अध्याय, 'नेपाली' त्रैमासिक साहित्यिक पत्रिका- पूर्णाङ्क ४५- (२०२९ ?)

४) विश्वनाथ ढकाल– डोल्पाली सेरोफेरो पुस्तक– २०३५ ।

५) सम्पादक
लक्ष्मीनारायण न्यौपाने- त्रिपुरा सहस्रनामक स्तोत्रम- पुस्तक, २०३७ ।

६) पूर्णप्रकाश नेपाल यात्री– राजा गगनिराजको यात्रा पुस्तक, २०३९ ।

७) जनकलाल शर्मा– ताम्रवर्णी पुस्तिका, २०३९ ।

८) रत्नाकर देवकोटाको स्मृति संचिका (डायरी) २०४५ ।

९) रत्नप्रसाद देवकोटाको स्मृति संचिका (डायरी); २०४७ ।

१०) यी पंक्तिका लेखकको डोल्पा जिल्लाको २ पटकको भ्रमणका केही अनुभवहरू ।

११) पेशल दाहाल– डोल्पाको त्रिपुरासुन्दरीको मन्दिर, गोरखापत्र (२०३६ आश्विन) ।

जीतबहादुर : एक उपेक्षित नेपाली कूटनीतिज्ञ

–डा० तीर्थप्रसाद मिश्र

नेपालको कूटनीतिक सम्बन्ध कायम भएको पहिलो राष्ट्र भोट (तिब्बत) नै हो। यी देशको आपसी सम्बन्धमा घनिष्टता र विवाद दुवै ल्याउनमा नेपालद्वारा नियुक्त आवासीय दूतहरूले प्रमुख भूमिका निर्वाह गरेका थिए। १९४० ई. भन्दा पूर्व नेपालका आवासीय दूतावास भोट र भारतमा मात्र रहने व्यवस्था थियो। भारतस्थित दूत (वकील) हरूको तुलनामा विविध कारणबाट भोटमा रहने कूटनीतिज्ञहरूको कार्यक्षेत्र र उत्तरदायित्व विस्तृत थियो। नेपालमा भारत सरकार (ब्रिटीश इण्डिया) का आवासीय दूत रहने र नेपालका सरकार प्रमुखहरूको र अंग्रेज कूटनीतिज्ञहरूको भ्रमणको आदानप्रदान भैरहने हुँदा भारतका नेपाली वकीलको भूमिका भोटको तुलनामा न्यून भएको हो। नेपालका आवासीय दूतहरू भोटको राजधानी ल्हासामा रहने भए तापनि भोटका आवासीय प्रतिनिधि नेपालमा रहने कुनै व्यवस्था थिएन।

नेपाल–भोटको दौत्य सम्बन्ध सातौं शताब्दीमा स्थापना भएको थियो, तर पनि नेपालका कूटनीतिक प्रतिनिधि भोटमा रहने प्रबन्ध काठमाडौंका राजा प्रताप मल्लले सत्रौं शताब्दीमा प्रारम्भ गरेका थिए। काठमाडौंका ल्हासास्थित आवासीय दूतलाई नायक (नायो) भन्ने गरिन्थ्यो।[1] जुन परिपाटीलाई पृथ्वीनारायण शाहले पनि कायम राखे। १७८९ ई. मा नेपाल–भोटबीच भएको केरूङ्ग सम्झौता अनुसार नेपालले भोटमा नायकको बदलामा उच्चस्तरीय भारदार नियुक्त गर्ने अधिकार पायो। तर नेपालले यो अधिकार दीर्घकालसम्म उपयोग गर्न पाएन। १७९२ ई. को नेपाल–चीन सन्धिद्वारा नेपालले पाएको सबै विशेष अधिकार गुमाउनु पऱ्यो।[2] १८५६ ई. को थापाथली सन्धिबाट नेपालले भोटमा व्यापारिक र राजनीतिक विशेष अधिकार प्राप्त गर्न सफल भयो र यसैद्वारा नेपालले भोटमा उच्चस्तरीय भारदारलाई आवासीय दूत नियुक्त गर्न पायो।[3] 'वकील' भनिने यी कूटनीतिज्ञहरूको कार्यक्षेत्र नायकको तुलमा विस्तृत र व्यापक हुँदै गयो। १८५६ देखि १९५६ ई. सम्म नेपालका बीस वकीलहरूले भोटका राजधानी ल्हासामा रही आफ्नो कार्य सम्पादन गरे। यीनै बीस वकीलहरूमध्ये एघारौं वकील जीतबहादुर खत्री छेत्री

१) चित्तरन्जन नेपाली– 'नेपाल र तिब्बतको सम्बन्ध', **प्रगति**, संख्या १० (वि. सं. २०१४) पृ. १०५–०६।

२) १७९२ को सन्धि विषयमा हेर्नुहोस्, लियो ई. रोज– **नेपाल स्ट्रेटेजी फर सरभाइभल**, दिल्ली: अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९७३, पृ. ६४–६५।

३) **उही**, पृ. ११४।

थिए जसको कार्यकाल १९०१ देखि १९१२ ई. सम्म थियो। सबैभन्दा लामो समय ह्लासाको वकील हुने जीतबहादुरको कौशल, कार्यक्षमता तथा उनको कार्यकाल-मा भएका महत्त्वपूर्ण घटनाहरूको संक्षिप्तरूपमा समीक्षा गर्ने उद्देश्य प्रस्तुत लेखले लिएको छ।

जीतबहादुर ह्लासा वकीली अफिसमा तल्लो दर्जा-बाट पदोन्नति भै वकील भएका थिए। उनी ह्लासा वकीली अफिसमा श्री ३ रणोद्दिप सिंहको राज्यकालमा सुवेदारमा नियुक्त भएका थिए र श्री ३ वीरशमशेर सत्तामा आए-पछि इन्सायिन भै लप्टन हुन पुगे। श्री ३ देवशमशेर-को राज्यकालमा आएर मे १९०१ मा जीतबहादुर वकीलमा नियुक्त भए।[4] यस प्रकार जीतबहादुर लामो समयसम्म ह्लासामा रहेका हुनाले अन्य वकीलहरूको तुलनामा ऊ भोटका मर्मज्ञ थिए। भोटमा रहने नेपाली वकीलहरूले नेपाल सरकारको आदेश, निर्देशन, र सवाल, सनद अनुरूप कार्य गर्नु पर्दथ्यो। नेपालका वकील जुद्ध विक्रमलाई कार्य गर्न जङ्गबहादुरले १७ सवाल भएको निर्देशन दिइएका थिए जसमा भोटले तिर्नु पर्ने (वार्षिक १०,०००) सिर्तोलाई तरतागिता गरी समयमा नै बुझा-उन पठाउने, नेपाली व्यापारीलाई भोटबाट कुनै जगात महसूल लिन नपाउने व्यवस्था गर्ने, भोटका नेपालीहरू बीच भएका मुद्दा मामिला निरोपण गर्ने, नेपाली र भोटका बासिन्दाबीच भएका मुद्दाहरूमा नेपालको तर्फ-बाट भाग लिने, भोटका अधिकारी र चिनियाँ अम्बाहरू-संग सम्पर्क राख्ने, भोटमा पाएका गोप्य खबरहरू जाहेर गर्ने जस्ता निर्देशनहरू थिए।[5] यस बाहेक नेपाल-बाट समय समयमा पठाइएका आदेश अनुसार वकीलले कार्य सम्पादन गर्नु पर्दथ्यो। तत्कालीन शासकहरूका व्यक्तिगत स्वार्थ पूरा हुने खालका कार्यहरू पनि वकील-बाट भएको पाइन्छ।

जीतबहादुर वकीलमा नियुक्ति भएको समयमा भोट-रूसको गोप्य साँठगाँठ भएको प्रचार प्रसार भैरहेको थियो। यस अफवाहबाट नेपाल र भारत दुवै त्रसित र आशंकित थिए। वीरशमशेरको अन्तिम समयतिर भोट-रूस बीच गोप्य शिष्टमण्डलको आदान प्रदान र गोप्य सम्पर्क र सन्धि भएको आदि कुरा चर्चामा आएको थियो। वीरशमशेरले यस विषयमा समयमा नै यथार्थ जानकारी नगराएकोमा वकील इन्द्रध्वजलाई हप्काएका थिए।[6] काठमाडौंस्थित भारत सरकार (ब्रिटीश) का आवासीय दूत (रेसिडेन्ट) बाट वास्तविक तथ्य बुझ्न लगाई जानकारी दिन अनुरोध गरेका थिए।[7] यस सम्बन्धमा नेपाल सरकारको निर्देशन अनुरूप कार्य हुन नसकेको र तत्कालीन परिस्थितिमा वकील इन्द्रध्वजबाट सरकारको अपेक्षित स्वार्थपूर्ति नहुने देखेर लामो समयसम्म भोटमा रहेका र स्थानीय भाषामा पनि निपुण भएकाले उक्त संक्रमणकालमा जीतबहादुरको चयन भएको अनुमान हुन्छ।

जीतबहादुर वकील भएको केही समय पश्चात नै देवशमशेरको पदच्युत भै चन्द्रशमशेर श्री ३ महाराज र प्राइम मिनिष्टर हुन पुगे। जीतबहादुरले चन्द्रशमशेर-लाई प्रसन्न बनाउन अनेक उद्योग गर्ने थाले र चन्द्र शमशेरको निर्देशनमा भोट- रूसको गोप्य सम्पर्क विषय-मा यथार्थ जानकारी पाउन विभिन्न कार्य गरे। उनले भोटका चारकाजी (कस्याल-मन्त्रिमण्डल) संग कुरा-कानी गरी भोटको पुरानो मित्र गोर्खालाई रूससंगको सम्बन्ध विषयमा अन्धकारमा राख्न नहुने कुरा बताए।[8] उनले दोर्जेफले रूस भ्रमण गरेको र गोप्य साँठगाँठ

४) त्रिरत्न मानन्धर, **सम आसपेक्ट्स अफ राणा रूल इन नेपाल**, काठमाडौं: १९८३, पूर्णदेवी मानन्धर, पृ. ८-९।

५) उही, पृष्ठ १५-२२।

६) वीरशमशेरले इन्द्रध्वजलाई पठाएको पत्र; वि. सं. १९५७, मार्ग वदि १ रोज ४ (नोभेम्बर १९००) पोका नं. २०६, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

७) प. क. ज चन्द्रशमशेर र ब्रिटीश रेसिडेण्टबीच ४ अगष्ट १९०० मा भएको कुराकानी, उही।

८) उही।

भएको भनी प्रकाशित खबर कागज पनि चारकाजीलाई देखाए । यसै प्रयोजनकालागि उनले मासिक एक सय काला मोहोर खर्च गरी चिनियाँ र भोटे व्यक्तिलाई जासूसी कार्यमा खटाएका थिए । वकीलले ल्हासास्थित चिनियाँ प्रतिनिधि अम्बाहरूसंग पनि भेटघाट गरी यस विषयमा सूचना संकलन गरेका थिए । रूसबाट भोटमा हातहतियार आउँदैछ भन्ने हल्ला सुनी उत्तरतर्फ विश्वासी मानिस पनि खटाएका थिए ।[9] नेपाली वकील-का यी विभिन्न प्रयासका बाबजूद पनि रूस-भोट कुनै गोप्य सम्झौता भएको र रूसको भोटमा प्रभाव क्षेत्र बन्न सक्ने संभावनाका सूत्रहरू फेला पर्न सकेनन् ।

भोट-रूसको सम्बन्धमा नेपालले चनाखो हुने विभिन्न कारणहरू थिए । भोटमा रूसको प्रभाव विस्तार भएमा नेपालले उपभोग र उपयोग गरी आएका परम्परा-गत सुविधा र अधिकारमा आघात पर्न जाने बलियो संभावना थियो । नेपालले भोट सदैव निर्बल भएको हेर्न चाहन्थ्यो । अर्कोतिर ब्रिटीश सरकार पनि रूसको प्रभाव भोटमा रोक्न कटिबद्ध थियो र अंग्रेज सरकारलाई गोप्य सूचना दिन नेपाल सरकारको निर्देशनमा जीतबहादुरले उपर्युक्त विविध कार्यहरू गरेका थिए । चन्द्रशमशेरले जीतबहादुरलाई रूस—भोट सन्धि भएको प्रलेख फेला पार्न ४५ हजारसम्म खर्च गर्न अख्तियार दिएका थिए ।[10] चन्द्रशमशेरले पठाएको एक पत्रमा "पक्का षवर जाहेर गर्न सकेमा तिमीलाई सापटी गएको ५०००।- अब १।२ वर्षलाई निर्व्याजी बक्सन्याछौं"[11] भन्ने उल्लेख छ । नेपालको स्वार्थ रक्षा गरी अंग्रेजको साधुवाद प्राप्त गर्न चन्द्रशमशेर प्रयत्नशील थिए ।

कालान्तरमा भोटमा रूसको विस्तार र प्रभाव रोक्ने उद्देश्यले १८९० र १८९३ को सन्धि (दुवै सन्धि भोट विषयमा चीन र अंग्रेज सरकारबीच संपन्न भएको थियो) पालना गर्ने वहानामा अंग्रेज सरकारले फ्रान्सीस योङ्गहसवैण्डको नेतृत्वमा सशस्त्र फौज ल्हासा पठाउने निर्णय गऱ्यो । नेपाल-भोटबीच संपन्न १८५६ को सन्धि अनुसार तेस्रो मुलुकबाट भोटमा आक्रमण भएको खण्डमा नेपालले सहयोग गर्नु पर्ने प्रावधान थियो । तर निर्बल भोटको पक्ष लिई सबल अंग्रेज सरकारलाई रुष्ट पार्ने नीति चन्द्रशमशेरको भएन । राष्ट्रिय हित र राणाहरू-को स्वार्थका लागि पनि अंग्रेज सन्तुष्ट गराउनु पर्ने तत्कालीन परिस्थिति थियो । अर्कोतिर अंग्रेजको पकड भोटमा मजबूत भएमा पनि नेपालको स्वार्थमा आघात पुग्ने संभावना थियो । यस पृष्ठभूमिमा भोटमा रूसको प्रभाव रोक्न र अंग्रेजले पनि भोटलाई आफ्नो पक्षमा मिलाउन नसकुन् भन्ने मनसाय नेपाल सरकारको थियो । यसै मनसायलाई ध्यानमा राखेर जीतबहादुरले आफ्नो कौशल प्रयोग गरे । उनले भोटका चारकाजीलाई अंग्रेज सरकारसंग शान्तिपूर्ण तवरले सम्झौता गर्न बारम्बार अनुरोध गरे । तर भोटले अंग्रेजसंग सम्झौता गर्ने कुनै चासो देखाएन । उता योङ्गहसवैण्डको फौज भोटका सेनालाई पराजित गराउँदै ल्हासा पुग्यो । अंग्रेज फौज ल्हासा प्रवेश गर्नुभन्दा एक दिन पहिले दलाई लामा ल्हासा छाडी मङ्गोलियातर्फ लागे ।[12]

दलाई लामाले भोट छाडेपछि र अंग्रेजी फौज ल्हासा पुगेपछि भोटको परिस्थिति नाजुक हुन गयो । भोटे अधिकारीहरूले नेपाली वकीललाई मध्यस्थ भई विवाद समाप्त गर्न अनुरोध गर्न थाले । चिनियाँ अधि-कारीहरूले पनि जीतबहादुरलाई भोटलाई उद्धार गर्नलाई अंग्रेजसंग कुरा मिलाउन अनुरोध गरे । योङ्गहसवैण्डले पनि नेपाली वकीललाई योग्य कुशल कूटनीतिज्ञ भएको र

९) जीतबहादुरको जाहेरी, वि. सं. १९५८, पौष शुदि ५ रोज ३, उही ।

१०) उही, वि, सं. १९६१ पौष १५ रोज ५, उही ।

११) चन्द्रशमशेरले जीतबहादुरलाई पठाएको पत्र, वि. सं. १९५९ वैशाख वदि ३ रोज ६, ई. १०, पो. क, ख, ग, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

१२) तीर्थप्रसाद मिश्र– पोलिटिकल रिलेसन्स विटविन नेपाल टिवेट,१९०१–१९२९, विधावारिधी शोधप्रबन्ध, पटना विश्वविद्यालय,१९८६, पृ. ११३–१५ ।

आफ्नो शुभेच्छु ठानी सहयोग गर्न याचना गरिरहे ।[13] यस परिस्थितिमा जीतबहादुर नै भोट र अंग्रेज सम्पर्क-का मुख्य माध्यम हुन पुगे । उनले भोट र अंग्रेज दुवैलाई सहयोग गरी विवाद सुल्झाउन अथक प्रयास गरे । उनले अंग्रेजी दललाई स्थानीय कारोबारमा सहयोग पुऱ्याउन ७४००० काला मोहर उधारो दिए भने अर्कोतिर अंग्रेज फौजका घोडाहरूले भोटका रैतिहरूको बालीनाली नष्ट गरेकोमा क्षतिपूर्ति पनि गराई दिए ।[14] जीतबहादुरले शीघ्र सन्धि गरी अंग्रेज फौज फर्काउन भोटलाई सहमति दिंदै ल्हासामा अंग्रेजका आवासीय दूत राख्न दिने कुरामा विरोध गर्न पनि गोप्य मन्त्रणा गरे ।[15]

जीतबहादुरकै सत्प्रयास र कौशलबाट १९०४ मा ल्हासा कन्भेन्सनमा हस्ताक्षर भयो जसमा उनी साक्षी बसे । नेपाली वकीलको सहयोग, कूटनीतिको प्रशंसा अंग्रेज अधिकारीहरूले गरेको पाइन्छ । योङ्गहसबैण्डले आफ्नो सरकारलाई सम्मान प्रदान गर्न अनुरोध गरेर भारत सरकारले उनको सहयोगको कदर गर्दै सि. आई. ई. को सम्मान र तरवार प्रदान गऱ्यो ।[16] वास्तवमा अंग्रेजले नेपाली वकीलको सहयोग नपाएको भए भोटमा उनीहरूले अपेक्षित फाइदा लिन सक्ने थिएनन् । भोट र चिनियाँ अधिकारीहरूले पनि जीतबहादुरले गरेको सहयोगमा कृतज्ञ भए । यस प्रकार राष्ट्रिय स्वार्थलाई दृष्टिगत गरी सबै सम्बन्धित पक्षलाई जीतबहादुरले प्रसन्न गराउन सक्नुमा उनी सक्षम कूटनीतिज्ञ भएको प्रमाण मिल्दछ ।

नेपाली वकील जीतबहादुर १९०८–१३ को चीन भोट सङ्घर्षमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह रहेको थियो । तर उक्त विवाद नटुङ्गिदै उनको खोसुवा भएका-ले १९०३—०४ को अंग्रेज–भोट विवादमा जस्तो उनको अहं भूमिका भने हुन सकेन । १९०५ पश्चात चीनको पकड भोटमा मजबूत बनाउने उद्देश्यले अम्बाले ल्हासामा चीनबाट दसहजार फौज झिकाउने विचार गरे जुन कदमको भोट सरकारले विरोध गरे ।[17] जीतबहादुर अम्बालाई शान्ति सुरक्षाको दृष्टिकोणले थोरै फौज ल्याउन अनुरोध गरे तर यो स्वीकार्य भएन । उनी भोटमा रहेका नेपाली व्यापारीहरूको स्वार्थ रक्षाका लागि पनि चिनियाँ फौज नआउन् भन्ने पक्षमा थिए । तर जीतबहादुरको जोड चलेन, चिनियाँ फौज ल्हासा आयो । भर्खरै आएका दलाई लामा हिन्दूस्थानतर्फ घुसे । दुवै देशका फौजहरूबीच मूठभेद भयो । कालान्तरमा ल्हासामा चिनियाँ फौजले नियन्त्रण गर्न सफल भयो ।[18]

ल्हासा चिनियाँ फौजको नियन्त्रणमा आएपछि भोटमा नेपालले प्रताप मल्लको पालादेखि उपभोग गर्दै आएका सुविधाहरू तथा १८५६ को अहदनाट प्राप्त अधिकारहरूको दखल हुन थाल्यो । ल्हासास्थित नेपाली-लाई झारा श्रम लगाउने, पसलहरूमा कर लगाउने, नेपाली र भोटेबीच तथा नेपाली–नेपाली बीचका झै-झगडामा हस्तक्षेप गर्ने जस्ता कार्यहरू चिनियाँ पुलिस विभागले गर्न थाल्यो । नेपाली वकील जीतबहादुरले चिनियाँका प्रत्येक हस्तक्षेपमा विरोध जनाए । चिनियाँ अम्बाले नेपाली वकीलको अनुरोधात्मक विरोधको कुनै वास्ता नै गरेनन् ।[19] नेपाल र भोटबीच भएको सन्धि

१३) जीतबहादुरको जाहेरी, वि. सं. १९६१ श्रावण २८, पो. नं. २०६, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।
१४) उही ।
१५) उही ।
१६) योङ्गहसबैण्डले डेनलाई पठाएको पत्र, ३ नोभेम्बर १९०४, फोरेन्डिपार्टमेण्ट, एक्सटरनल वि. सं. १३२–१४३; राष्ट्रिय अभिलेखालय, नयाँ दिल्ली, भारत ।
१७) मिश्र, पूर्ववत, पा. टि. १२, १३५-४० ।
१८) उही, पृ० १४१–५१ ।
१९) उही, पृ. १५७–५९ ।

पालना गर्न चीन बाध्य भएको जानकारी दिए। तर जीतबहादुरले नेपालको विशेष अधिकार हनन भएकोमा प्रतिवाद गरी नै रहे। यस प्रकारको विरोधबाट रुष्ट भै "साविकका गोरखाली वकिल रित दस्तुर नजान्ने भएकाले तुरून्त वदला गर्नु" भन्ने पत्र अम्बाले नेपालका श्री ५ लाई पठाए[20] र जीतबहादुरलाई बर्खास्त गर्न सक्ने चेतावनी पनि दिए। यस प्रकार भोट-चीन सङ्घर्षमा जीतबहादुर र चिनियाँ अधिकारीहरूको अंग्रेज–भोट सङ्घर्षमा जस्तो राम्रो समन्वय हुन पाएन। नेपाली वकील भोटका पक्षधर सम्झेकाले पनि चिनियाँहरूको कडा दृष्टिकोण रहेको अनुमान हुन्छ।

भोटका अधिकारीहरूको अनुरोधमा र नेपाली रैतिहरूको स्वार्थरक्षा गर्ने उद्देश्यले समेत जीतबहादुर सङ्घर्ष अन्त्य गर्न प्रयास गरिरहे। दलाई लामालाई ल्हासामा फर्काउन आवश्यक कार्य गर्न भोटका अधिकारीले उनलाई अनुरोध गरेका थिए। दलाई लामा ल्हासा फर्केमा सङ्घर्ष अन्त्य हुने विचार गरी लामालाई लिन दार्जिलीङ्ग जाने बिचार जाहेर गरे।[21] चन्द्रशमशेरले सङ्कटको घडीमा नेपालीहरूको ज्यू धनको सुरक्षामा पूर्ण ध्यान दिने आदेश दिदै दलाई लामालाई लिन जाने धृष्टता नगर्ने आदेश दिए। सदा स्वामीभक्त जीतबहादुर सङ्घर्षको दौरानमा नै सरकार नसाधी ग्याङ्चे आए। यसमा चन्द्रशमशेरले उनलाई तुरून्त ल्हासा पठाए। केही समय यी दुवै कूटनीतिज्ञहरूले साथै काम गरेको पाइन्छ, तर पछि १९१२ को अन्त्यतिर उनको खारेजी भयो।

ल्हासास्थित नेपाली वकीलहरूमध्ये जीतबहादुरको कार्यकालमा धेरै नै कार्य भएको पाइन्छ। नेपाल र नेपाली वकीलको मान प्रतिष्ठा बढाउन उनले गरेको प्रयास प्रशंसनीय छ। उनको कार्यकालमा सर्वप्रथम नेपालीहरूले भोटमा उपभोग गरी आएका परम्परागत अधिकारहरूको सूची बनाई सरकारमा जाहेर गरेका थिए। यसका अतिरिक्त ल्हासा वकीली अदालतमा आई पर्ने कार्यहरू विषयमा विस्तृत टिपोट गरी जँसी कोठामा पठाएका थिए। नेपाली वकीलले ल्हासामा पालना गर्नु पर्ने मर्यादा वर्ष भरिमा वकीलले गर्नु पर्ने अनौपचारिक कार्यहरू, भोटको रीत दस्तुर आदि विषयमा 'ल्हासाको दस्तुर किताब' तर्जुमा गरी श्री ३ समक्ष पेश गरेका थिए।[22]

नेपाली वकीलहरूले भोट–चीन विषयक गोप्य सूचनाहरू सङ्कलन गरी नेपाल सरकारलाई जानकारी दिने गर्दथे। भोट सैनिक दृष्टिले सुदृढ नहोस् भन्ने नेपालको चाहना थियो। त्यसैले त्यसतर्फ चनाखो हुन वकीललाई सदैव सचेत गराइन्थ्यो। चन्द्रशमशेरले जीतबहादुरलाई "ल्हासा टिप मेगजिनमा बनेको कार्तोसवाल बन्दुक कुन हिसावसंग कस्तो मालवाट बनेको रहेछ. प्राइभेटसंग बुझी जाहेर गर्नु" भन्ने आदेश दिए।[23] तर नेपाली वकीलहरूले पठाएका अधिकांश सूचनाहरू गलत साबित हुन गए। जीतबहादुरले रूस-भोट सम्बन्धमा जाहेर गरेका गोप्य सूचना गलत देखिए। योङ्गहसबैण्ड दलबल सहित ल्हासा पुग्दा उनले रूसको कतै गन्ध पाएनन्। तर यस बाहेक ल्हासाको गोप्य खबर जाहेर गर्दा साँचो निस्केकोमा उनले स्याबासी पनि पाए। १९०८ मा जीतबहादुरले भोट-चीन सङ्घर्ष हुने बलियो सम्भावना भएको जाहेरी गरेकोमा दुई वर्ष पश्चात सङ्घर्ष प्रारम्भ भयो। यसबाट पनि उनको सुझबुझको परिचय पाइन्छ।

ल्हासास्थित नेपाली वकीलहरू राणाहरूका व्यापारिक एजेण्टको रूपमा पनि कार्य गर्दथे। श्री ३ र कमाण्डर–इन–चिफहरूले अफिम, मोति र अन्य निषिद्ध

---

२०) अम्बाले नेपालका श्री ५ लाई पठाएको विना मितिको पत्र, पोका नं. १८, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

२१) चन्द्रशमशेरले लालबहादुरलाई पठाएको पत्र, वि० सं० १९६९ भाद्र १ गते, उही।

२२) ल्हासाको दस्तुर किताब, परराष्ट्र मन्त्रालय, अभिलेखालय, काठमाडौं।

२३) चन्द्रशमशेरले जीतबहादुरलाई पठाएको पत्र, वि. सं. १९६५ आश्विन १५, रोज ४, पोका नं. ५०, उही,।

वस्तुहरूको व्यापारमा संलग्न थिए । भोटका व्यापारी मार्फत वकीलले ती वस्तुको व्यापार गर्दथे । यस कार्यमा चुकेको खण्डमा शासकको कोपभाजन हुनु पर्ने भएकोले वकीलहरू त्यस्ता अनैतिक व्यापारमा संलिप्त हुन बाध्य हुन्थे । जीतबहादुरले पठाएको एक जाहेरीमा "वडापत्र बमोजिम सुन खरिद गर्न अदालतका डिठ्ठा दश थकाली साक्षी राखी सेवक्ले सकेसम्म भरमगदुर कसाकस गरी बराबर खरिद गर्न लागेको छु "[24] भन्ने कुरा परेको छ । उनले श्री ३ को लागि घोडा, खच्चड, गलैंचा, कस्तुरी, बिना आदि बारम्बार पठाएको दृष्टान्तहरू पाइन्छन् ।

यस प्रकार राणाहरूको व्यक्तिगत सेवामा समर्पित; राष्ट्रिय स्वार्थ गर्न प्रयत्नशील, भोट, चीन र अंग्रेजहरूले मन पराएका जीतबहादुरको बर्खास्ती अचानक रहस्यमय ढङ्गले भएको पाइन्छ । उनलाई खारेज गर्नाको खास कारण पत्ता लाग्न सकेको छैन न त उनलाई अभियोग पत्र नै दिइएको थियो । तत्कालीन कागजपत्रहरूको अध्ययन गर्दा उनलाई खारेज गर्नाका कारणहरूका केही आधार-हरू देखिन्छन् ।

प्रथमतः चीन-भोट सङ्घर्षमा चिनियाँ र भोट दुवै पक्षका अधिकारीहरूले आफ्नो शत्रुपक्षलाई साथ दिएको आरोप जीतबहादुरलाई लगाएका छन् । चिनियाँ अम्बाले उनलाई रित दस्तुर नजाने भएकोले अर्को वकील पठाउन श्री ५ मा पत्र पनि पठाएका थिए । भोटका चार काजीहरूले नेपाली वकीलले घूस (८ डोस्टेड चाँदी) लिएर पनि चिनियाँ फौजको प्रवेश रोक्न नसकेको आरोप लगाए ।[25] तर यसकारणबाट उनको बर्खास्ती भएको अम्बाको पत्र पश्चात नेपालबाट पठाएका पत्रहरूमा अम्बाप्रति गरेको उनको कार्यवाहीको समर्थन नै गरेको देखिन्छ । भोटसंग घूस लिएको कुरा जीतबहादुरलाई सोधनी हुँदा उनले इन्कार गरे र यस विषयमा श्री ३ ले कुनै चासो पनि देखाएनन् ।

१९०४ मा ल्हासास्थित ७५ नेपाली खचडाहरू-ले जीतबहादुरको विरोधमा श्री ३ महाराज समक्ष उजुरी गरेका थिए र त्यसमध्ये नोर्बु छिरिङ र काजीमान काटमाडौं आई वकीलले खचडाहरूलाई दुःख दिएको, अनावश्यक रूपमा भारा लगाएको आदि शिकायत गरेका थिए । यसमा चन्द्र शमशेरले पठाएको पत्रमा[26]

> वकिलका मित मानवहादुर आउदा ल्हासा देखि १५ पाऊ सम्म ५० भारी जिन्सी वेदाम वेकाय भन्ने नुर्बु छिरिङ र काजीमान षचराले उजुर गर्दा तिमीलाई सोधनी भै गएकोमा ५।६ भारी देखि थिएन भनेउ तर ५० भारी कै ज्याला भराई दिनु... भोट मुलुकमा हाम्रा रैयत हुनाले वकिली अड्डाको तालुकमा राखी चलि आएको तिरो भरो लि षुसीसंग काम चलाउनु पर्छ ज्यादा करकाप गरी चिढाई जलाउन हुदैन... आफ्ना रैती षचरालाई सल्तनत्मा राखीका गर्नुमा चिढाई काम गर्न लाग्यो भने तिम्रो कसरी रवाफ रहला.....

उल्लेख भएको छ । यो घट्ना १९०४ मा भएको र उनको बर्खास्ती १९१२ को अन्त्यतिर भएकाले यो कारणबाट पनि उनको तानादाना गएको देखिदैन ।

जीतबहादुर खारेज हुनमा चीन-भोट सङ्घर्षको समयमा सरकार नसाधी ग्याङ्चे आएको कारणबाट भएको हो भन्ने भनाइ छ । तर त्यतिबेला नै उनलाई बर्खास्त नगरी ल्हासा जान आदेश दिइयो र साथै ग्याङ्चीका थकाली लालबहादुर बस्नेतलाई पनि ल्हासा पठाइयो । जीतबहादुर ल्हासा फर्के पछि पनि उनको नेपाल सरकारसंग पत्राचार भैरहेको देखिन्छ । यसको केही समय पश्चात लालबहादुरले वकील भएर कार्य गरेको पाइन्छ । यस सन्दर्भमा विचार गर्दा चीन-भोट सङ्घर्षमा जीतबहादुरबाट अपेक्षित कार्य हुन नसकेको कारणबाट

---

२४) जीतबहादुरको जाहेरी, वि. सं. १९५८ चैत्र वदि ३० पोका नं. ई. १० क, ख, ग, उही ।

२५) भीमशमशेरले जीतबहादुरलाई पठाएको पत्र, वि. सं. १९६७ श्रावण १८ (अगष्ट १९१०) पोका नं. ८०, उही ।

२६) तीर्थप्रसाद मित्र- 'भोटमा नेपाली खचडा' प्राचीन नेपाल, संख्या ११९(अगस्ट-सेप्टेम्बर १९९०), पृ. ११ ।

उनको बर्खास्ती भएको देखिन्छ। तर 'वात लागि षोसिएका' भन्ने मात्र उल्लेख तत्कालीन कागजपत्रमा भएको र कुन वात लागेको कुरा प्रष्ट हुनसकेको छैन। यसकारण उपर्युक्त बाहेक अरू नै कारणबाट, जसको उल्लेख गर्न नमिल्ने, पनि उनको बर्खास्ती भएको हुन सक्छ। राणा शासकहरूले भोटमा वकीलहरू मार्फत विनिषिद्ध व्यापार गर्ने गर्दथे र यस्तो व्यापार फष्टाउन नसके नोक्सानी भएमा वकीलहरूले राणाहरूको कोप-भाजन हुनु पर्ने कुराको चर्चा भैसकेको छ। वकील मालिकाप्रसादले अफिम समयमा नै ठीक दरभाऊमा बेच्न नसकेकोमा रणोद्दिप सिंहको हप्की खानु परेको थियो। जङ्गबहादुरले वकील जीतमान सिंहलाई नैन शोभा नाम गरेकी केटी बेच्न पठाएको प्रमाण पनि पाइन्छ।[27] यस्तै कुनै गोप्य कार्य सम्पादन गर्न नसकेको कारणबाट पनि जीतबहादुरको बर्खास्ती भएको हुन सक्छ।[28]

जीतबहादुर खत्री क्षेत्री नेपालको कूटनैतिक इतिहासमा एक महत्त्वपूर्ण व्यक्तित्व हुन्। उनले अंग्रेज-भोट विवाद र चीन-भोट सङ्घर्षमा मध्यस्थता गरी नेपालकै छविमा सकारात्मक प्रभाव पारेका थिए। अंग्रेज सरकारबाट सम्मानित प्रथम गैर राणा व्यक्ति जीतबहादुर स्वदेशबाट सम्मानित नभै तिरस्कृत भए।

---

२७) मानन्धर, **पूर्ववत**, पा. टि. ४, पृ. २३।

२८) चन्द्रशमशेरको राज्यकालको शुरूमा दण्डित भएका जीतबहादुर खत्रीलाई नै ल्हासास्थित वकील जीतबहादुर भनी टिप्पणी गरिएको पाइन्छ, तर यी दुई जीतबहादुर बेग्लाबेग्लै हुन्।

नाट्यशास्त्रको आवाहमा आवास पाठ खाँचो हो कि, सच्याएको हो ?

–ज्ञानमणि नेपाल

जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन नामक मेरो अनुसन्धानात्मक कृति नेपाल र एशियाली अनुसन्धान केन्द्रबाट त्रिभुवन विश्वविद्यालयको रजयजयन्ती– प्रकाशनको रूपमा वि. सं. २०४० मा प्रकाशित भएको थियो । ग्रन्थ प्रकाशित भएपछि पाठकहरूले यसलाई पढेर मनन गरेर उहापोह गर्ने आफ्नो विचार व्यक्त गर्ने संशोधन गर्ने गर्दछन् । विद्याको क्षेत्रमा हाम्रो देशमा यस्तो परम्परा ज्यादै कममात्रामा पाइन्छ । उक्त मेरो पुस्तक प्रकाशित भएपछि पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का सम्पादक महेशराज पन्तले ६८ पूर्णाङ्कमा 'रामाङ्कनाटिकाको प्रसङ्गमा आएको केही कुरा' भन्ने लेख प्रकाश गरी पाटनका क्वाठनायक जस–कीर्तिरामका बारेमा मैले लेखेका कुरामा विप्रतिपत्ति उठाई मेरो दोष देखाउने प्रयास गरेकोमा मैले अनुसन्धानद्वारा प्राप्त प्रमाणकै आधारमा लेखेको हुँ भनी भ्रमको निवारण गर्ने स्पष्टीकरण पनि दिइसकेको छु । त्यसपछि पुनः पूर्णिमा ६९ पूर्णाङ्क (२०४३ जेष्ठ) मा महेशराज पन्तले 'भारतीय नाट्य शास्त्रमा आएको आवाह शब्दलाई आवास भनी संशोधन गर्नु ठीक होइन' भन्ने लेख लेखी मैले लेखेको अर्को कुरामा खोट खुट्याउने अर्को जमर्को गरेको देखियो । जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययनमा कस्ता–कस्ता वेलामा नाटक देखाइन्छ भन्ने प्रसङ्गमा भरतमुनिले भनेको दुई श्लोक उद्धृत गरी त्यहाँ आएको आवाह भन्ने पाठमा आवास भन्ने अर्को पाठ पनि पढी दुवै पाठ राखी मलाई चासो परेको आवास पाठको चाहिं अर्थ मैले गरेको थिएँ । त्यसमा आवास पाठ ज्ञानमणि नेपालको उपज्ञात हो, तर त्यो पाठ शुद्ध होइन, नाट्यशास्त्रको आवाह पाठलाई आवास भनी संशोधन गर्नु ठीक होइन भनी महेशराज पन्तले व्याख्या गरेको हुनाले त्यस पाठको सम्बन्धमा पनि मैले आफ्नो तर्फबाट सप्रमाण स्पष्टीकरण दिनुपर्ने भएकोले यो सानो निबन्ध लेख्ने प्रयास गरेको हुँ, अब यसमा पहिले महेशराज पन्तको लेखाइतर्फ अलिकता दृष्टि दिउँ–

'पाटनको उत्तर विहारका प्रधानाङ्ग महापात्र जयशीह मल्लको आज्ञाले राता मच्छिन्द्रको जात्रामा खेलाउन भनी राजा अरि मल्लको पालामा वि. सं. १३९४ मा जयत भन्ने कुनै कविले महीरावणवध भन्ने नाटक लेखेका थिए भन्ने कुरा वीरपुस्तकालयमा रहेका लेखोट-पुस्तकहरूको हरप्रसाद शास्त्रीको सूचीपत्रको दोस्रो भाग वि. सं. १९७२ मा प्रकाशित भएपछि प्रचार-मा आएको हो । यस नाटकको विषयमा प्रसङ्गवश

विभिन्न विद्वान्हरूले चर्चा गर्दै आए तापनि नेपालमा लेखिएका नाटकहरूमध्ये पाइएसम्ममा सबभन्दा पुरानो त्यस महीरावणवधको सम्पादन गर्ने साहस कसैले गरेको थिएन । वर्षौंपरिश्रम गरी श्रीज्ञानमणि नेपालले त्यस नाटकको सम्पादन, चाहिएको ठाउँमा संशोधन र उल्थासमेत गर्नुभयो र उहाँको त्यो पुस्तक उहाँकै पाण्डित्यमय उपोद्घातले समेत सिंगारिएर जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन भन्ने नाउँले दुइ वर्ष जति अघि प्रकाशमा आयो ।

महीरावणवधको विषयमा मैले पनि वि. सं. २०३२ देखि केही परिशीलन गरिआएकोले त्यस विषयमा आफूले जानेबुझेका कुरा कुनै वेला प्रकाश गर्ने मेरो विचार छ । अहिलेको लागि श्रीज्ञानमणि नेपालको विद्वत्तामय त्यस पुस्तक हेर्दै जाँदा आफूलाई चित्त नबुझेको एउटा सानो कुरा स्पष्ट पार्ने विचार गरी यो निबन्ध लेखेको छु । कस्तो-कस्तो अवस्थामा नाटक खेलाइन्थ्यो भन्ने विषयमा लेख्दै जाँदा श्री ज्ञानमणि नेपालले एक ठाउँमा यस्तो लेख्नु भएको छ—

> 'यस अतिरिक्त जनसाधारणलाई मन पर्ने सबैको मङ्गल पनि गर्ने नाटक विवाहोत्सव जन्मोत्सव नवगृहप्रवेशोत्सव हुँदा अरू खुशीको कुरा सुन्दा विजयोत्सवमा पनि मन बहलाउन प्रदर्शित गरिने कुरा पनि भरतले लेखेका छन् ।'

आफ्नो यस कुराको पुष्टिको लागि श्रीज्ञानमणि नेपालले भारतीय नाट्यशास्त्रबाट तलका श्लोकको उद्धरण गर्नुभएको छ—

> प्रायेण सर्वलोकस्य नृत्तमिष्टं स्वभावतः ।
> मङ्गल्यमिति कृत्वा च नृत्यमेतत् प्रकीर्तितम् ।।
> विवाहप्रसवावाह (वास) प्रमोदाभ्युदयादिषु ।
> विनोदकारणं चेति नृत्तमेतत् प्रकीर्तितम् ।।

भारतीय नाटकशास्त्रमा विवाहप्रसवावाह भएकोमा श्रीज्ञानमणि नेपालले विवाह प्रसवावास भनी पाठ सच्याउनु भएको यतावाट देखिएको छ । आवासको अर्थ बस्ने ठाउँ अर्थात् घर भन्ने भएकोले नाटक 'नवगृहप्रवेशोत्सव हुँदा' प्रदर्शित गरिने कुरा पनि भरतले लेखेका छन् भनी श्रीज्ञानमणिले लेख्नुभएको देखिन्छ ।

भारतीय नाट्यशास्त्रको सम्बद्ध अंशको मैले पाँच थरी संस्करण देखेको छु । तर कुनैमा पनि श्रीज्ञानमणि नेपालले गरे जस्तो संशोधन नभई विवाहप्रसवावाह पाठ नै भएकोले र पाठान्तर दिंदा पनि त्यो पाठ नदेखिएकोले उहाँको उपज्ञा स्वीकार गर्न मैले सकिन । यसैले भारतीय नाट्यशास्त्रका लेखोट पुस्तकबाट यस विषयमा प्रकाश पर्छ कि भनी मैले नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका ६ वटा लेखोट पुस्तक पल्टाई हेरें । तिनमा पाँचवटामा विवाहप्रसवावाह नै पाठ र एउटामा चाहिं विवाहप्रसवोत्साह भन्ने पाठ देखियो । यतावाट धेरैजसामा विवाहप्रसवावाह पाठ भएकोले प्रामाणिक पाठ विवाहप्रसवावाह नै भनी मैले ठहऱ्याएँ' । (महेशराज पन्तको 'भारतीय नाट्यशास्त्रमा आएको आवाह शब्दलाई आवास भनी संशोधन गर्नु ठीक होइन' भन्ने निबन्ध-पुस्तिका, ६९ पूर्णाङ्क (२०४३ ज्येष्ठ) बाट उद्धृत) ।

महेशराज पन्तको उपर्युक्त लेखाइबाट नाट्यशास्त्रको विवाहप्रसवावाहमा विवाहप्रसवावास भन्ने अर्थात् आवाहका ठाउँमा आवास भन्ने पाठान्तर कहीं पनि छैन, सो मेरो उपज्ञा (सर्वप्रथम ज्ञानमणिले बनाएको) मात्र हो, र सो पाठ सच्याउनु ठीक होइन भन्ने कुरा बुझिन आयो । आवास भन्ने पाठान्तर नभएपछि मैले पाटनका क्वाठनायक जसकीर्तिरामले आफ्नो नवपुर प्रवेशोत्सवमा देखाइएको रामाङ्कनाटिकाको विवेचना गर्दै घरपैंचोमा पनि नाटक देखाइन्थ्यो र भरतमुनिले पनि त्यस्तै उत्सवमा नाटक लेखिन्छ भनेको कुरा देखाउन उनको नाट्यशास्त्रबाट उपर्युक्त श्लोक उद्धृत गर्नु पनि प्रकारान्तरबाट व्यर्थ हुने देखियो र रामाङ्कनाटिका प्रदर्शनमा मिल्ने गरी भरतको उक्तिमा मैले सच्याएको आरोप पनि लाग्न आयो । यसैले मैले यस विषयमा विश्लेषण गरी सप्रमाण स्पष्टीकरण प्रस्तुत गर्नु आवश्यक हुन आएको हो । महेशराज पन्तले हेरेका प्रकाशित नाट्यशास्त्रका पाँचवटा संस्करण निम्न प्रकारका छन्—

१) वि. सं. १९५१ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा

प्रकाशित शिवदत्त र पाण्डुरङ्ग परवको द नाट्य-शास्त्र अफ् भरतमुनि ।

२) वि. सं. १९८५ मा बनारसबाट चौखम्बा संस्कृत सिरिज अफिसद्वारा प्रकाशित बटुकनाथ शर्मा र बलदेव उपाध्यायको श्रीभरतमुनिप्रणीतं नाट्यशास्त्रम् ।

३) वि. सं. २०२४ मा कलकत्ताबाट मनीषा—ग्रन्थालय प्राइभेट लिमिटेडद्वारा प्रकाशित मनोमोहनघोषको द नाट्यशास्त्र अस्क्राइब्ड् टु भरतमुनि ।

४) वि. सं. २०२८ मा काशी हिन्दू विश्वविद्यालयद्वारा प्रकाशित मधुसूदन शास्त्रीको श्रीमद्भरतमुनि प्रणीतं नाट्यशास्त्रम्, श्रीमदाचार्याभिनवगुप्तोपज्ञा भिनवभारतीविवृत्या ... श्रीमदाचार्य मधुसूदन शास्त्रिणा विरचिताभिः प्रौढभूमिका मधुसूदनी बालक्रीडाभिसमुद्भासितम् ।

५) वि. सं. २०३८ मा दिल्ली र अहमदावादबाट परिमल पब्लिकेशनद्वारा प्रकाशित रविशङ्कर नागरको भरतमुनि प्रणीतं नाट्यशास्त्रम् श्रीमदभिनवाचार्यविरचितया अभिनवभारतीसंस्कृतव्याख्यासमुद्भासितम् ।

यी पाँच प्रकाशित संस्करण र हाम्रा राष्ट्रिय अभिलेखालयमा रहेका पाँचवटा हस्तलिखित प्रति हेरेपछि आवास पाठ सच्याएको र आवाह पाठ नै शुद्ध भन्ने निष्कर्ष निकालिएको छ । (हस्तलिखित ग्रन्थको संक्षिप्त परिचय–द्रष्टव्य उही पूर्णिमा ६८ पूर्णाङ्क ।)

कलकत्ता, बम्बई, दिल्ली, बनारसमा रहेका प्रसिद्ध प्रकाशन संस्थाबाट प्रकाशित संस्करणमा करीब हजार वर्ष पहिलेका काश्मीरी आचार्य अभिनवगुप्तले बनाएको अभिनवभारती टीकामा र नेपालको राष्ट्रिय अभिलेखालयका पाँच वटा हस्तलिखित ग्रन्थमा पनि आवाह पाठ नै लेखेको पाएपछि आवाह पाठ नै शुद्ध हो र आवास पाठ आफूले देखेको सम्पादन गरेको पढेको नाटक देखाउने प्रसङ्ग घरपैंचोको उत्सवमा परेको र सो कुरा मिल्दो गरी प्रमाण परिपुष्ट पार्ने ध्येयले शास्त्रकार भरतमुनिकै उक्तिलाई सच्याएर ज्ञानमणि नेपालले आवास पाठ बनाए भन्ने निर्णयमा पुग्न महेशराज पन्तलाई गाह्रो परेन र निर्धक्कसंग भारतीय नाट्यशास्त्रमा आएको आवाह शब्दलाई आवास भनी संशोधन गर्नु ठीक होइन भनी लेख्न पनि असजिलो लागेन ।

आवाह शब्दको पाठ नै शुद्ध हो भन्ने कुरा सबै तर्फबाट निश्चित गरेपछि यसै शब्दको विभिन्न उदाहरण पैल्याई अर्थको खोजतलास गर्ने काममा नै महेशजीको ध्यान केन्द्रित भएको देखिन्छ र त्यस लेखमा त्यसकै लामो प्रसङ्ग जोडिएको छ ।

वह प्रापणे धातुबाट भावार्थमा घञ् प्रत्यय भई वाह रूप बन्दछ र यसमा वि उपसर्ग लाग्दा उत् विवाह उपसर्ग लाग्दा उद्वाह आङ उपसर्ग लाग्दा आवाह रूप हुन्छन् । यिनको अर्थ सामान्यतः विहे गर्नु भन्ने हुन्छ । नाट्य शास्त्रमा आवाह विवाह दुबै शब्द संगसंगै प्रयोग भएका छन् र यिनको अर्थ गर्दा अभिनवगुप्तले विवाहको विहे र आवाहको अर्थ दुरान फर्काउनु भन्ने गरेका छन् । अशोक-को अभिलेखमा पनि आवाह विवाह शब्द यसै गरी संगसंगै प्रयोग भएका देखिन्छन् । तिनको अर्थ गर्दा आधुनिक विद्वान्हरूले आवाहको अर्थ छोराको विहा र विवाहको अर्थ छोरीको विहे भन्ने गरेका छन् । पुराना संस्कृत कोशमा आवाह शब्द प्रायः पाइँदैन, आधुनिक कोशमा पाश्चात्य विद्वान्ले पनि यसरी नै अर्थ गरेका छन् । अन्त प्रयोग हेर्दा पालि प्राकृत भाषाको प्रभाव परेको बौद्ध सङ्कर संस्कृत भाषामा लेखिएको मूल सर्वा-स्तिवाद बिनयवस्तुमा पनि यसरी नै दुइ शब्द संगसंगै प्रयुक्त छन् । महाभारत अनुशासन पर्व १४५ अध्याय २२० श्लोकमा पनि यी शब्द संगै प्रयोगमा छन् । सबै प्रयोग उद्धृत गरेर विद्वान्हरूले गरेका अर्थ देखाउने प्रयास गरे पनि महाभारतको प्रयोगको चाहिं यही अर्थ हो भनेर महेशराज पन्तले खुट्याएको देखिंदैन । महा-भारतको टीकाकारले चाहिं आवाहको अर्थ आवाहन अर्थात् आमन्त्रण हो भन्ने गरेका छन् । प्राकृत कोषमा चाहिं विहा गर्नु भन्दा पहिले पानसुपारी दिने उत्सवमा आफन्त बोलाउने अर्थमा आवाह प्रयोग हुने कुरा लेखिएको छ । (यी उदाहरणहरू महेशराज पन्तको पूर्णिमा ६९ पू. मा उद्धृत गरिएका छन् ।) यति अर्थ केलाएर महेशराजजीले

निम्न लिखित निष्कर्ष निकालेको देखिन्छ—

"यतासम्मका कुराबाट प्राचीन र मध्य भारतीय भाषाहरूमा आवाह शब्द विहेको अर्थमा चलेको देखिएको छ। आवाह शब्दको विकार अवाव शब्द विहेको अर्थमा नव्य भारतीय भाषा सिंहलीमा चलेको छ भनी राल्फ लाइलिटर्नरले लेखेको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ।

यसकारण भारतीय नाट्यशास्त्रको माथि उद्धरण गरिएको श्लोकमा भएको विवाहप्रसवावाह पाठलाई विवाहप्रसवावास भनी श्रीज्ञानमणि नेपालले गर्नुभएको संशोधन ठीक छैन र आवाहको ठाउँमा आवास पाठ पढेर नाटक नवगृहप्रवेश हुँदा प्रदर्शित गरिने कुरा पनि भरतले लेखेका छन् भनी उहाँले व्याख्या गर्नु भएको पनि ठीक छैन भन्ने कुरा स्पष्ट भएको छ।"

यतिसम्मका कुराबाट घरपैंचो हुँदा नाटक प्रदर्शन गर्ने कुरा भरतमुनिले लेखेको भनी देखाउन आवाहको ठाउँमा आवास पाठ सच्याएको दोष ज्ञानमणि नेपालमाथि लाउन महेशराज पन्तले यो लेख लेखेको हो भन्ने कुरा बुझियो। भरतमुनिले आवाह पाठ लेखेकि आवास भन्ने लेखे भन्ने निर्क्यौल गर्नु कठिन कुरा छ, त्यसतर्फ म अहिले जान्न, सो पाठ ज्ञानमणिकै उपज्ञात हो कि होइन पाठ सच्याउने दोषभागी म छु कि छैन, आवास भन्ने पाठ पुराना हस्तलिखित प्रतिमा छ कि छैन यति मात्र यहाँ विचार गर्नु आवश्यक अनुभव गर्दछु।

हरेक अनुसन्धानको क्षेत्रमा चाहे इतिहासमा होस् चाहे पुरातत्त्वमा होस्, चाहे अरू विभिन्न संस्कृति सभ्यता लौकिक स्थिति पत्ता लाउने काममा होस् आज अग्रपंक्तिमा गनिने विद्वान्को नाम लिंदा पहिले पाश्चात्य कै नाम लिनुपर्दछ। भारतमा इष्टइण्डिया कम्पनी मार्फत् अंग्रेजको राज्य स्थापना भएपछि नै एशियाटिक सोसाइटी नामक अध्ययन अनुसन्धान गर्ने संस्था खोली एशियाको विशेषतः हिन्दूहरूको धर्म दर्शन संस्कृति सभ्यताको बारेमा सोध खोजको काम प्रारम्भ गरियो। पुराना अभिलेख पुस्तक पढेर प्रकाश गरेर हरेक विषयमा नयाँ नयाँ अन्वेषणको परम्परा चल्यो। यसै प्रसङ्गमा भारतको मात्र होइन नेपालका अभिलेख हस्तलिखित पुस्तक पनि प्रकाशमा आए। नेपालमा यस्तो सोधखोजको परम्परा त संशोधनमण्डलले नै सर्वप्रथम प्रारम्भ गरेको भने पनि हुन्छ। हाल केही वर्ष यता नेपालमा अनुसन्धानको बाढी त आएको छ। तर सत्यतत्थ्य पत्ता लाउने उद्देश्यले नभएर केवल प्रमाणपत्र लिने उद्देश्यमै सीमित भएको देखिन्छ। उदाहरणको लागि विश्वविद्यालय प्रज्ञाप्रतिष्ठान पुरातत्त्व विभाग आदिलाई लिन सकिन्छ। यी संस्थाले नेपालसम्बन्धी विविध पक्षको गहन अध्ययन अनुसन्धान पट्टि विद्वद्वर्गलाई उत्प्रेरित गर्दै लगेर ज्ञानविज्ञानको नयाँ अध्याय थप्दै लानु पर्ने हो। विशेषतः संस्कृत वाङ्मयको विविध पक्षको गहन अध्ययन र अनुसन्धानकको उद्देश्य लिएर खोलिएको महेन्द्र संस्कृतविश्वविद्यालय र इतिहास, संस्कृति, साहित्य, सङ्गीत, कला र ज्ञान विज्ञानको उत्थान र विकासको लागि खोलिएको प्रज्ञाप्रतिष्ठानले यसतर्फ विशेष जोड दिनुपर्नेमा मूल उद्देश्य हृदयङ्गम गर्न नसकेर हो वा उदार कार्यक्षमताको अभावले हो यी संस्था पनि अहिलेसम्म यसतर्फ अघि बढ्न असमर्थ देखापरिरहेका छन्, प्रज्ञाप्रतिष्ठान पनि प्रायः सामान्य ग्राम्य मनोरञ्जनमै आफ्नो कार्यक्षेत्र सीमित पारेर कर्त्तव्य पूरा भएको ठानिरहेको देख्दा त अहिलेभन्दा दुई शय वर्ष पहिलेदेखि संस्कृत वाङ्मयलाई खोतलेर हेर्न कटिबद्ध भएर लागिपरेका पाश्चात्य विद्वान् र तिनकै प्रविधिमा पारङ्गत भएका भारतीय विद्वान्लाई पनि बाध्य भएर हामीले सम्झना गर्नु परिरहेछ।

भारतमा रहेका हस्तलिखित ग्रन्थ र शिलापत्र ताम्रपत्रमा कुँदिएका अभिलेख प्रकाश गराएर त्यहाँको अतीतको सत्य इतिहास संस्कृतिलाई उद्घाटन गराउने उनीहरूको देन प्रशंसनीय त छँदैछ। विद्याको लागि अनूर्वर भइरहेको राणाकालको नेपालमा पनि आएर नेपालका अभिलेख खोज्ने पढ्ने प्रकाश गर्ने हाम्रा अभिलेखालयमा पडिरहेका हस्तलिखित ग्रन्थको सूचीपत्र अप्राप्त महत्त्वपूर्ण पुस्तक प्रकाश गर्ने काम पनि उनीहरूबाटै भएको थियो। अहिले मैले भरत नाट्यशास्त्रको 'विवाहप्रसवावास' भन्ने पाठ पुरानै हो कि ज्ञानमणि

नेपालले बनाएको हो भनेर निर्णय गर्न पनि त्यस्तै विद्वान्हरूले नेपाल र भारतको विभिन्न ठाउँमा अभिलेखालयमा रहेका हस्तलिखित ग्रन्थ हेरेर प्रकाश गरेका विभिन्न संस्करणलाई पल्टाएर देखाइदिनु परेको छ र मैले आफ्नो अनुसन्धान धर्मलाई कतिको पालना गरेको छु भनेर पनि प्रमाणित गर्नु परेको छ।

अरू अनेकौं वैदिक लौकिक संस्कृत वाङ्मयका हस्तलिखित पुस्तक पढ्ने अनुसन्धान गर्ने प्रकाश गर्ने काम गर्नेमा अघिसरा पाश्चात्य विद्वान् हुन् भनी चर्चा गर्नु परेको सन्दर्भ भरतको नाट्यशास्त्रको पाण्डुलिपि पैल्याएर पढ्ने अनुवाद गर्ने प्रकाश गर्ने काम पनि उनीहरूले नै पहिलो गरेका थिए भन्ने देखाउनलाई हो। वि. सं. १९२२ मा अमेरिकाली विद्वान् फिट्ज् एडवार्ड हलले भरत नाट्यशास्त्र प्रकाशित गरेका थिए। त्यो संस्करण सम्पूर्ण चाहिं थिएन। वि. सं. १९३७ मा फ्रेन्च विद्वान् पाउल् रेनो उड्ले नाट्यशास्त्रको समीक्षात्मक संस्करण प्रकाश गरे। ८ वर्षपछि अर्का विद्वान् ग्रोशेट्ले नाट्यशास्त्रको फ्रेन्च भाषामा अनुवाद गरी प्रकाशमा ल्याए।

यसै सन्दर्भमा जर्मन विद्वान् हाइमनले पनि नाट्यशास्त्रमा निकै अनुसन्धान गरेका थिए। यी विद्वान्हरूले छापेका संस्करण फ्रेन्च जर्मन भाषामा गरेका अनुवाद पनि मैले देखेको छैन। भारतीय विद्वान् मनमोहन घोषले अंग्रेजीमा गरेको अनुवाद सहित मनीषा ग्रन्थालय कलकत्ताबाट प्रकाशित भएको संस्करण चाहिं मैले देखेको छु। त्यसमा उनले आवाह पाठ नै पढेका छन् र त्यसको अर्थ जुवाइँलाई गरेको निमन्त्रणा भन्ने गरेका छन्। यिनीहरूले कहाँको पाण्डुलिपिको प्रयोग गरेका थिए भन्ने कुरा पनि निर्क्योल गरेर भन्न सक्तिन। कसै कसैले लण्डनमा रहेको नाट्यशास्त्रको पाण्डुलिपिलाई प्रशंसा गरेका छन्। आफूले नदेखेको हुनाले तिनमा कस्तो पाठ छ भनेर भन्न पनि सक्तिन। वि. सं. १९५१ मा भारतीय विद्वान् शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको सम्पादकत्वमा काव्यमाला ४२ संख्यामा निर्णय सागर प्रेस बम्बईबाट नाट्यशास्त्र प्रकाशित भयो। यसको केही वर्षपछि अर्थात् वि. सं. १९८६ मा बटुकनाथ शर्मा बलदेव उपाध्यायको सम्पादकत्वमा काशी चौखम्बा संस्कृत सिरिजद्वारा नाट्यशास्त्र सम्पूर्ण ३६ अध्याय प्रकाशमा आयो। यो संस्करण काशीकै सरस्वती भवन भण्डारमा रहेका दुइटा हस्तलिखित प्रतिका आधारमा प्रकाशित भएको थियो।

यी उपर्युक्त संस्करणहरू धेरैवटा हस्तलिखित प्रति पैल्याएर पाठभेद दिएर प्रकाशित नभएर अगाडि देखापरेका पाण्डुलिपिकै आधार लिएर प्रकाशित गरिएका थिए भन्ने कुरा निश्चित छ। भारतवर्षभर छरिएर रहेका संस्कृत वाङ्मयका पुराना पुराना पाण्डुलिपिहरू पैल्याएर समीक्षात्मक संस्करण (क्रिटिकल एडिशन) प्रकाश गर्ने उद्देश्यले स्थापित ओरियन्टल इन्स्च्युट बडौदाबाट अनेकौं विद्वान्हरूको सहयोगले संस्कृत वाङ्मयका धेरै ग्रन्थहरू शुद्धरूपले प्रकाश हुँदै आएका छन्। विद्वान् रामकृष्ण कविले उत्तर भारत र दक्षिण भारतका विभिन्न ग्रन्थालयमा रहेका चालीस थरी पाण्डुलिपि पैल्याएर तिनमा आएका पाठ भेदसमेत हाली अभिनवगुप्तको अभिनव भारती टीकासमेत गरी वि. सं. १९८३ मा गायकवाड ओरिन्टल सीरिज बडौदाबाट एक क्रिटिकल एडिशन्को रूपमा एकदेखि सात अध्यायसम्मको पहिलो भाग प्रकाशमा ल्याए। यसको १० वर्षपछि दोस्रो भाग र त्यसको अठार्‌ह वर्षपछि तेस्रो भाग प्रकाशित भए।

वि. सं. २०१२ मा के, एस् रामस्वामी शास्त्रीले समीक्षात्मक संस्करणको पहिलो भागलाई पुनः संस्कार गरी दोस्रो संस्करण ओरियन्टल इन्स्च्युट् बडौदाबाट प्रकाशमा ल्याएका छन्। यसमा पचासवटा पाण्डुलिपिको उपयोग गरिएको कुरा उनले उल्लेख गरेका छन्। रामस्वामीले उत्तरी भारतका र दक्षिणी भारतका सम्पूर्ण पाण्डुलिपि मध्ये विशेष पाठ भएका पुराना पुराना चारवटा पाण्डुलिपिलाई चाहिं विशेष महत्त्व मानेर अ, ब, म, त संकेतले चिन्हिने गरी तिनको पाठ भेद समेत टिप्पणीमा दिएका छन्। तिनमा पहिलो उत्तरी भारतको हिमाल काखमा रहेको अलमोडा शहरमा प्राप्त हाल ओरियन्टल इन्स्च्युट बडौदाको ग्रन्थालयमा रहेको करीब ५०० वर्ष

पुरानो २३ अध्यायसम्मको पाण्डुलिपि 'अ' चिन्हले संकेतित छ, दोस्रो पाण्डुलिपि पनि करीब ३०० वर्ष पहिले लेखिएको सम्भवतः उज्जयिनीबाट प्राप्त भई बडौदाकै ग्रन्थालयमा रहेको 'ब' चिन्हले संकेतित छ। तेस्रो ताडपत्रमा लेखिएको पूरा ३६ अध्याय भएको पुरानो पाण्डुलिपि मद्रासको सरकारी अभिलेखालयमा रहेको छ। अनुसन्धानका लागि त्यसबाट सारिएको प्रति चाहिं बडौदाकै ग्रन्थालयमा राखिएको छ र त्यसलाई 'म' चिन्हबाट चिनाइएको छ। चौथो पनि त्यस्तै करीब ४।५ शय वर्ष पहिले लेखिएको ३२ अध्यायसम्म भएको पाण्डुलिपि पनि दक्षिण भारतको त्रिवेन्द्रम्को ट्रावन्कोरका महाराजको दरबार लाइब्रेरीमा रहेको छ। त्यही लाइब्रेरीमा अलि पछि लेखिएको अर्को प्रति पनि रहेको छ। त्रिवेन्द्रम्को प्रतिलाई चिनाउन 'त' संकेत दिइएको छ। यिनबाट पनि अनुसन्धाताले सारिएको प्रति बडौदाको लाइब्रेरीमा पनि राखिएको छ। त्रिवेन्द्रम्को महाराजको दरबार लाइब्रेरीमा धेरै महत्त्वपूर्ण अप्राप्य हस्तलिखित ग्रन्थहरू पनि सुरक्षित रहेका पाइए। कौटलीय अर्थशास्त्र जस्तो अत्यन्त महत्त्वपूर्ण ग्रन्थ उत्तर भारतका ग्रन्थालयमा पाइएन। सो ग्रन्थ पनि सोही दरबार लाइब्रेरीमा प्राप्त भएकोले यसलाई र यस्तै अरू संस्कृतका महत्त्वपूर्ण ग्रन्थलाई पनि महामहोपाध्याय गणपति शास्त्रीले सम्पादन गरी प्रकाशमा ल्याएका थिए। यहीं पाइएको नाट्यशास्त्रको पुरानो पाण्डुलिपिमा पनि धेरै महत्त्वपूर्ण पाठ भेद पाइएका छन्।

उपर्युक्त चारवटा पुराना पाण्डुलिपि र यस्तै अरू प्रकाशित धेरै प्रतिलाई अवलोकन गरी विशेष पाठ भेद पनि पैल्याई रामकृष्ण कविले गरेको पहिलो संस्करणमा पुनः समीक्षा गरी रामस्वामी शास्त्रीले १ अध्यायदेखि ७ अध्यायसम्मको नाट्यशास्त्रको प्रथम भागको वि. सं. २०१२ मा दोस्रो संस्करण निकाले। बडौदा ओरियन्टल इन्स्च्युटबाट प्रकाशित शुद्ध समीक्षात्मक संस्करण (रिभाइज् क्रिटिकल् एडिशन्) नहेरी नाट्यशास्त्रको पाठ यहीं मात्र शुद्ध हो भनेर ठोकेर भन्न सकिंदैन।

माथि उल्लेखित 'विवाहप्रसवावाह' भन्ने पाठमा ओरिन्टल इन्स्च्युट् बडौदाको लाइब्रेरीमा रहेको ताडपत्रको हस्तलिखित 'व' चिन्ह अङ्कित प्रतिमा चाहिं 'विचार्य प्रसवोद्वाह' भन्ने पाठ भेद पाइन्छ भने त्रिवेन्द्रम्को महाराजको दरबार लाइब्रेरीमा रहेको पुरानो पाण्डुलिपिमा चाहिं 'विवाहप्रसवावास' भन्ने पाठ पाइन्छ। मैले आफ्नो पुस्तकमा यो पाठ ठीक यो पाठ बेठीक भन्नेतर्फ नलागी दुवै पाठ दिएर रामाङ्कनाटिका नयाँ पुरप्रतिष्ठाको उत्सवमा देखाइएको हुनाले त्यस सन्दर्भको मिलान खातिर 'आवास' को चाहिं नेपालीमा अर्थ दिएको हुँ। जे भए पनि 'विवाहप्रसवावास' भन्ने पाठ मेरो स्वोपज्ञात नभएर पुराना आचार्यसम्मत नै थियो र त्यसैलाई चाहिं मैले स्थान दिएको हुँदा मेरो अर्घेल्याइँ औल्याउनुसट्टा महेशराज पन्तले त्यति धेरै प्रकाशित अप्रकाशित प्रति पल्टाउँदा बडौदा ओरिन्टल् इन्स्च्युट्बाट प्रकाशित प्रसिद्ध संस्करण प्रति पनि एकपल्ट आँखा लाइदिएको भए यस्तो परिभ्राट्तिर लाग्नु पर्न्यै थिएन। बडौदाबाट प्रकाशित ती संस्करणहरू कुनै अप्राप्य पनि थिएनन्। जतातते छ्यासछ्यास्ती नै पाइन्छन्। संशोधनतर्फ लाग्दा संशोधकले यतापट्टि चाहिं आँखा चिम्लिदिएको हो कि ? नभए डा. रामकृष्ण कविले नेपालका समेत उत्तर भारतका र दक्षिण भारतका चालीसवटा हस्तलिखित ग्रन्थ हेरी पाठ भेद समेत दिई समीक्षात्मक संस्करण (क्रिटिकल् एडिशन्) को रूपमा बडौदाको गायकवाड ओरिन्टल सीरिज्बाट छापेका नाट्यशास्त्रका प्रथम संस्करणका प्रति हाम्रो राष्ट्रिय पुस्तकालयमा पनि रहेका छन्। डा. रामस्वामी शास्त्रीले पुन. पचासवटा पाण्डुलिपि हेरेर महत्त्वपूर्ण पाठ भेद दिएर अझ शुद्ध संस्कृत गरी २०१२ मा ओरिन्टल् इन्स्च्युट् बडौदाबाड प्रकाशित दोस्रो संस्करणको प्रथम भाग त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालयमा र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको पुस्तकालयमा पनि राखिएका छन्। जिज्ञासु पाठकले त्यहीं गएर हेर्दा पनि यथार्थ कुरा बुझिनेछ। सर्वसाधारणलाई हेर्न सजिलो होस् भन्नाका लागि पाठ भेद दिएको पत्रको उतार पनि यहीं तल दिएको छु। यति कुरा भन्नु पर्ने र पाठ भेद भएको उतार प्रकाशित गर्नुपर्ने कारण

पनि पाठनका क्वाठनायक जसकीर्तिरामको अभिनवपुर प्रतिष्ठाको उत्सवमा देखाइएको रामाङ्कनाटिकाको व्याख्या गर्दै विवाहोत्सव जन्मोत्सव नवगृहप्रवेशोत्सवमा पनि नाटक देखाइन्छ भनेर भरतमुनिले पनि भनेका थिए भन्ने देखाउन भारतीय नाट्यशास्त्रको 'विवाहप्रसवावाह' का ठाउँमा विवाहप्रसवावास भन्ने पाठ सच्याउन पनि ज्ञानमणिलाई आवश्यक परेको हो भनी महेशराज पन्तले लाएको दोष मेटाउनलाई हो। यति भएपछि सो आवास भन्ने पाठ ज्ञानमणि नेपालले आफ्नो कुरा सिद्ध गर्ने हेतुले सच्याएको पनि होइन रहेछ, सो पाठ पनि प्राचीन आचार्यहरूले मान्यता दिएको पुराना हस्तलिखित ग्रन्थ-हरूमा उल्लिखित भएकै रहेछ र त्यस्तो पाठ पढेर अर्थ गर्नु पनि ठीक रहेछ भन्ने कुरा पनि सबैले स्पष्टसंग बुझ्न सक्नेछन्। यसबाट महेशराज पन्तले 'भारतीय नाट्य-शास्त्रमा आएको आवास पाठलाई आवास भनी सच्याउनु ठीक होइन' भनी लेखेको चाहिं बेठीक रहेछ भन्ने पनि स्पष्ट हुन्छ।

परिशिष्ट

१७८ नाट्यशास्त्रे

मङ्गल्यमिति कृत्वा च नृत्तमेतत्प्रकीर्तितम् ।
विवाह[1]प्रसवावा[2]हप्रमोदाभ्युदयादिषु ॥२६५॥
विनोदकारणं चेति नृत्तमेतत्प्रवर्तितम् ।
अतश्चैव प्रतिक्षेपाद्भूतसङ्घैः प्रवर्तिताः॥२६६॥

उक्तं -"यानि वाक्यैस्तु न ब्रूयात्" इति "यत्तु काव्येन नोक्तं स्यात्" इति । ध्रुवायास्तु सम्पाठमात्रमेवास्तु । अलं वर्णालङ्कारयोजनात्मकगानक्रियादिप्रसारायासेन ।

ननु रामरावणादिगत (ता) ग्राम्यत्याज्यरूपचरितार्थडम्बरस्य हृदयानुप्रवेशद्वारभूतं हृद्यं तत्सूचीकल्पं स्वयं हृदयानुप्रवेशित्वादित्युक्तं प्राक् । स एव तर्हि नृत्तस्य वलनावर्तनादेरन्तरङ्गेऽस्य नाट्य उपयोगः । विशेषतो हि तद्विनाऽलातचक्रप्रतिमत्वे तैर्बुद्धिग्राह्यमेव नाट्यं न स्यात् । तत एव विमलाभिनयमाणिक्यगुम्फविधायिसूत्रस्थानीयं वलनादिरूपनृत्तसजातीयत्वान्निकटत्वादन्तरङ्गगीतादिव्यापि नाट्यम् ।

तदेतदाह—**किन्तु शोभां प्रजनयेदिति** । नृत्तं प्रवर्तितं प्रकृष्टमत्रुटितं वर्णनाविलासवलनादिदक्षिणं यद्गणितं कायावयवानां कायस्य च विलासचेष्टावस्थानात्मकं वर्तितं तदात्मकं यन्नृत्तं तच्छोभां रञ्जनायोग्यत्वं शोभानान्तरीयकचमत्कारं प्रकर्षेण गानादिना वैलक्षण्येन जनयेदिति नृत्तं प्रवर्तितमित्यन्तेनाभिसम्बन्धः । हेतौ लिङ् ।

ननु रञ्जकत्वं भोजनादीनामप्यस्ति । तत्तदनुप्रवेश नियमोऽत्रेत्याशङ्कां मध्येऽपाकरोति **-प्रायेणेति । विवाहप्रसवावाहादिषु** सर्वस्य लोकस्य स्वभावतः स्वभावेष्वात्माभिमतेषु स्वदेहेनात्मना नर्तनमिष्टं वल्लभम् । सर्वोऽपि जनो विवाहादौ नृत्यति योऽपि वादयन्नृत्यति तेनापि । दर्दुरूढेनापि (दरिद्रेणापि) **मङ्गल्यमिति । विवाहो** वध्वा आनयनम् । तत्पूर्वकः सर्व उत्सवः । पुत्रजन्म **प्रसवः** । ततो जामातुः सवधूकस्य सर्वत्र श्वशुरभवनगमन**मावाहः । प्रमोदा** राज्ञामर्थकरणादयः । **अभ्युदयो** मनोरथप्राप्तिरभिलषितस्योदय इति । आदिग्रहणेनानाकाङ्क्षितशुभप्राप्त्यादि ।एतेन निनिमिति (विनोदनमिति) श्लोकत्रयस्य सम्बन्धः । एतच्च "कैशिकीमपि योजय" (ना. शा. १-४२) इत्यत्र दर्शितम् ।

कं स्वभावमपेक्षत इति प्रतिसमाधातुमाह— **अतश्चैवेति** । अतश्च कारणान्नृत्तं प्रवर्तितम् । प्रारम्भे पूर्वरङ्गे लक्षणवर्तितं योजितमिति सम्बन्धः । एवकारो

(मू) १. ब. विचार्य प्रसवोद्वाह । २. त. वावास ।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

ढेवा– २
झुगाका लेनदेन– १ केरु षाम्साम वाम्दी १

गोदामघर बनाउन्या राजमान्– १
वैद मनिसुन्दर– १
नाउवैद– १
मनिनारान्– १ लालसिं– १

नाजीर रामपलत्– १
डिठा– २
नन्दराम ढुंग्याल १ अडा जांच अमान अधिकारी– १

टटारीमुन्सी लक्ष्मीनन्द– १
चित्रकारी भान्नारा– १
घडीवाल– ४
नौसिन्दा– ६०
सुवा धनसुन्दर मार्फत– ४७
मुषिया भिमरुद्रध्वज जोसिकासाथ जान्या– १०
ऐ– रघुनाथका साथमा– ६
प्रोहित चतुर्भुजदत्त अर्ज्याल मार्फत– १६
पाचमान्यादेखि केरुसम्म अडा जांच गर्न्या– ११

सिपाहि पांच मान्यादेषि केरुसम्म अडा जांच गर्न्या– ४०

भरीया– १४
नाउवैद मार्फत– ८
मनिनारान के– २ लालसिंके– २
रामनारानके– २ मनिमा धौके– २

अरू वैद मार्फत– ४
सिहनारन् मनिसुन्दरके– २ मनवैदके– २

स्यामवन्हे मार्फत– १
भाजु मचा चित्रकारी मार्फत– १

जगाजगामा थप– ३०
रसद ताकितिको मुषिया गुरूदत्त पाध्या– १
नौसिन्दा– २६
कंपुका दफदर षानामा– १४ षर्दार देवनसिंङ मार्फत– २
राइटर भक्तवीर मार्फत– १० सुवा कासिनाथ पाध्या ऐ– २
षर्दार दौलतसिं मार्फत– ४ थापाथलि नया घरमा– १
रामदल १२ टोपका हाजिर के– १ षर्दार गोविन्द पाध्या मार्फत– १

षर्दार देवनारान पाध्या ऐ दशरथ मार्फत– २
मार्फत– ४
लेफ हिकमत अधिकारी– १ लगन सांलषानाके– १

षजांचि शिवप्रसाद अर्ज्याल मार्फत काठमाडौंका रसद
चलानके– १२
मुषिया जगनाथ पाध्या– १ नौसिन्दा– ११

सुवा धर्मानन्द झा मार्फत मधेसका धोवा वुझन्या
कामके– १६
मुषिया– २
दुर्गादत्त– १ केसवनारान– १

नौसिन्दा– १७
दुर्गादत्त तरफ ८ केसवनारान– ६

मीर सुवा राजमानसि राजभंडारी मार्फत मधेसवाट
आयाका काम के नौसिन्दा– ४
पाटन रसद चलानके– ५
मुखिया– १ नौसिन्दा– ४

भाडगाउँ रसद चलानके– ११
सुवा हरिभक्त मिश्र– १ मुषिया राजमानसि– १

नौसिन्दा– ६

कपतान मलेजुं पडि मार्फत धैवु भैस्या गोदामके– ५
मुषिर हरीदत्त पाध्या– १ नौसिन्दा– ४

चिसापानि हेटौडा तरफको रसदके– ६७
मुषिया– ३
मेजर कपतान महारुद्र षतृ मार्फत– २
चक्रपानी अर्ज्याल १ लालदास– १

षजांचि सिद्धिमानसि राजभंडारी मार्फत किर्तिमान– १

नायेक मुषिया– ३
नौसिन्दा– ६१
मेजर कपतान महारुद्र षतृ मार्फत– ५४
अधिका– ३६ पछीका– १८

षजांचि सिद्धिमानसि राजभंडारी मार्फत– ५
मीरसुवा रत्नमानसि राजभंडारी मार्फत गाडा वयेलमा
रसद चलानके– २

छाउनी तोपषानाका कामके दर्जी– १३
भर मुलुकका रसद जांचन्या काम के जमा जवान– ४६५

आसामी–	डिठा	मुषी	राइट	वही	सुवे	हव	अम	सिपा	टहल	जमा
सोधसाधनी कनारिपैसारी गर्न्या अडोक	१	१	×	१	×	१	१	१०	१	१६
काठमाडौंका अडाके	×	×	१	२	१	१	१	२३	×	२६
पाटनका अडाके–	×	×	१	२	१	१	१	२४	×	३०
भाडगाउँका अडाके–	×	×	१	२	१	१	१	२२	×	२८
चेच्यां मर्स्यादी कालि मोदि पूर्वका अडाके–	१	१	३	८	२	३	३	६६	×	६०
काहुल्या भिम ढुंगा पश्चिम चेप्या मर्स्यादि पूर्वका अडाके–	१	१	२	६	१	२	२	४६	×	६१
कालिमाटि पश्चिम सल्याना पूर्वका अंडाके–	१	१	३	८	२	३	३	६६	१	६०
अरूण पश्चिम दुदकोसि पूर्वका अडाके–	१	१	२	६	१	२	२	४६	×	६१
दुंदकोसि पश्चिम सागासिधु पूर्वका अडाके–	१	१	३	८	२	३	३	६६	१	६०
	६	६	१६	४३	११	१७	१७	३७८	१	४६५

मुलुकी षानामा असुल तहसिल गर्न निमित्त थप
जवान— ३१
हवल्दार— १ अमल्दार— १
सिपाहि— २९

ह्लासामा वसी वाजकाम गर्न्या— २०
कर्णेल जुद्धविक्रम थापा— १ असिसटंट चन्द्रमान कार्की— १
राइटर— २ तहविल्दार— १
विचारी— १ ज्मादार— १
हवल्दार— १ अमल्दार— १
सिपाहि— १० टहलुवा— १

दान भन्सार कामको कामदार— ५
डिठा— २ नौसिन्दा— १
तहविल्दार— १ टहलुवा— १

ठाडी गोदामके— ७
डिठा— १ नौसिन्दा— १
तहविल्दार— १ सिपाहि— ४

पानसये जोला तहसिल गर्न्या कामदार— ४
विचारी— १ वहिदार— १
सिपाहि— २

प्यूठाना मेगजिनमा सालिक वर्ष दिनमा तयार हुन्या नाल ५०० वाहेक ५०० नाल ६ मैल्लामा तयार गर्नु पर्दा थप
भयाका कालीगढ ज्मा जवान— ९६
मुलमिझार— २ चाप्या मिझार— २
अरू कालीगढ— ९२

श्री विर्गेडियेर जनरल षड्गवहादुर कुवर राणाजी मार्फत— ८
डिठा— १ षरीदार— १
राइटर— २ वहीदार— १
तहविल्दार— १ वैद १ नाउवैद १ ज्मा— २

भडरुवा मेगजिमा वसि लडाञीको कार्षानालाई चाहिन्या
जंगि षजाना वनाउन्या कामके जवान— १७४
काजि सम्सेरजं षत्री मार्फत— १६८

कालिगढ— ११७
वंगाली— २५ नकर्मी— २६
डकर्मी— ३६ सिकर्मी— ५
ढागर— २५

ज्मादार— १
हवल्दार— २
अमल्दार— २
सिपाहि— ४६

दफदर षाना श्री कुमारी चोकवाट— ६
मुषिया— १ तहविल्दार— १
नौसिन्दा— ४

श्री नाथ कंपूका कोतमा जंगी काम निमित्त रह्याका
राढिपाषि कम्वल सह्यारगर्न्या····· जवान— ४
कपतान ह्वकसि वस्न्यात मार्फत लडाञीमा छोड्न्या
वात्मा मसला भर्न्या मधेस्या जना— ४
चिसापानि गढीमा वसी जंगि असवाफव सार्न्या— ३०८
कोत्या— १ वहीदार— १
नाइक्या— ६ पिपा— ३००

सेतो पगरिमा थप र अरू काम काममा थप जना— २२
श्री माहिला साहेवज्यू— १ श्री जवाइं साहेव— २
काजी रणसिर साह— १ सुवा— ४
डिठा— १ कालिदास वैद— १
राज मेहेर— १ रुद्रदत्त पाध्या— १
हुमलामा— १ विष्णुदास वैरागि— १
वाका थापा— १ धर्मानन्द झा— १

तहविल्दार रणविर षत्री १ विचारी— २
कटुवाल वागवीर— १ लक्ष्मीकान्त वराल— १
श्री मैना साहेवका वैठक्या— ४ टिकावल्ल भषनाल— १
मोठ तहविल टहलुवा १ लैनमा काम गर्न्या सिकर्मी १

वैशाख वदी १ रोज ३ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट चह्राई पठायाको लामाहरूका गुम्वा र झुगा वस्न्या गुम्वाको तायदात गर्नलाई राष्याको छ भनि लेष्याको

कुरालाई तायेदात ठहर्दैन लुट ठहर्छ. यो कुरा भन्या साह्रै वेमनासिव ठहर्छ भनि लेषि वक्स्याको अर्थलाई मुनासिव मर्जि भया तर मैले लायाको काम सुना चादि घ्यु चावल नगत जिनसि तायेदात गर्न लायाको होइन ताहा हाम्रो गुठी मठ सदावर्त जस्तो हो उस्तै घ्याङ गुम्वाका लामा भन्याको रहेछ इनैका तालुकमा गाउ मानिस चौरी भेडा गदाहा षचर रहदो रहेछ. हामी केरू पुग्यापछि सवै लामा घ्याङ गुम्वा झुगाका गुम्वाका मानिस भेट गर्न आउदा ढेवाले ल्यायाको मोहर दस्षत वाचि सुनाउदा र आधि माफ हुदामा षुसि भै घोष हाली हामीले क्या गर्नु पर्छ भनि उनिहरूले सोद्धा तिमीहरूले छिफेरा गुहार दिनु-पर्छ चौरी भेडा घोडा गदाहा षचरले केरू को रसद झुगामा पुऱ्याई दिनु मानिसहरूले टिमुऱ्याको रसद केरू-मा ल्याई दिनुपर्छ भन्दा हवस् भनि कवुल गऱ्या र तिमीहरू-का तालुकमा मानिस कति छन चौरी भेडा गदाहा घोडा षचर कति छन भनि सोद्धा उनिहरूका मुष जवानले दियाको तायेदात गऱ्याको हो हजुरको ऋन र मलाई नसियेद गरिवक्स्याको मसंग छंदा छदै कसो गरि चमक पार्न्या गरि नगद जिनिसमा तायेदात गर्न लाउथ्या श्री च्याग्रासि देवताको र सांजसम्मको आरति गर्न्या भाडा संदुसमा हाली पूजाहारीको जिम्मालाई ढेवा गयेछ. हामी आउंदा श्री च्यांग्रासि देवताको पूजा वन्द रहेछ भाडा भन्या हाम्रो जिम्मा छ भन्यो र जाहाको कारवारी भोट्या र पूजाहारी लामा नेवार महाजन केरूका भला मानिस हाम्रो ढेवा राषि तायेदात गरि पूजाहारीका जिम्मा दिनु वेहान वेलुकाको पूजा चलोस सवैलाई यति रहेछ भन्या थाहा हवस भनि लायाको हो पूजा वंद हुनाले पूजाको भाडा तायेदात गरि पूजाहारीको जिम्मा लायाको छ. हाम्रा मानिसको जिम्मा केहि छैन सिपाहिलाई सहर-मा देरा पनि गर्न दियाको छैन वेजाजी पर्न जाला भन्या उसले सिपाहिलाई गाउंमा समेत पठायाको छैन. आफुले जान्यासम्म हजुरलाई रीझाउला भन्याले गऱ्याको हो मुकाम केरू शुभम्—

वैशाष वदी १ रोज ३ मा

श्री मिनिष्टर जनरलका हजुरमा झुगाका ढेवाले भोट्या अक्षरको चिठी लेषि चह्राई पठायाको जाहा तेसतर्फको समाचार सुन्याका कुरा साहेवान फौज सवै केरूंका जगामा पालनु भै आइ सक्यो भन्या समाचार सुन्यौ तस अर्थ वडाकाजी साहेव आफु सवै जानु हुनुहुन्छ. हामीले विन्ति गर्नु पर्न्या होइन गोर्षा भोटका मिलाप वन्दोवस्त गर्ना निमित्त सिभुका पूजाहारी धर्माका लामा र केरूंका ढैवा चेटुहरू भोट तरफ गै सलुक वन्दोवस्त गर्न्या कुरा विन्ति गर्न गयाको हो गोषाले नरम गरमको काम जस्तो गर्नु भयान पनि हामी भोटले चिन भोटका हुकुम ननाघी काम गरिरह्याका हौ जस्तो पर्न आयाता पनि सही रह्याका छौ. अर्घ्यालो षडवड काम तिलको गेडा जति पनि गऱ्याको छैन. हजुरलाई मालुमै छ चीन श्री ५ वाद-शाहका हुकुमले सिवानामा ढुंगा गाडी ढुंगाको थोप्रा राष्याको सिवाना नाघी भोटको अम्वल ऊङकोटमा तेस तरफको फौज सवै सरासर पठाई वक्सनु भयो भन्या सिभुका लामाहरूले सलतन वन्दोवस्त गर्न्या कुरा चिन भोटका साहेवान सित कुरा कहानि गर्न असजिलो होला भन्या अर्थले विन्ति गरी पठायाको हो. सिभुका लामा फर्कि यसो गर्नु भन्या उत्तरा नआउज्याल चिन भोटका अम्वलमा फौज पठाइनवक्सनु हवस हजुरवाट मेहरवान-गी राषि वक्स्या जाला वडा मिनिष्टर साहेवका हजुरमा विन्ति पर्नु पर्छ पर्दैन हजुरवाट वुझी वक्सनु होला शुभम-

वैशाष वदि २ रोज ४ मा

तेस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल धीर सम्सेर जङ कुवर राणाजीले चह्राई पठायाको अकास्यासाघुर वाइस्या भन्याङ भत्कायाको अघि विन्ति चह्राई पठायाका पत्रले जाहेर भयो होला. फेरी फटक्या हाली छोस्यांदेवी माथिसम्म वुझनु पठाउदा काठका सांघु १ फल्याकका साघु १ कोठ् या साघु १ ज्मा सांघु ३ भत्कायेछ. अव माथितिर झन वाटो विगारि देलाकि भन्या जस्तो मनमा लाग्यो कोनै जुगति सित १ पल्टन कुतिसम्म पठाइ वाकि पल्टनलाई रसद वोकाउनाको चांजो मिलाई फर्कन्या काम गरूंला वाटो साह्रै विकट रहेछ. ढुंगान भै तोप जानु सकतैन मुकाम वालुवा शुभम—

तस्तै विचमा श्री गोर्खा सरकारमा ह्लासाका तुंतारिन अम्वाले चह्राई पठायाको यो साल फागुन मैंह्राका २१ दिन जांदा आफु वाङ्वाट विन्ति गरि लेषी पठायाका चिठीमा भोट झुगाका पजनी तिमी वाङका राज्येमा चौरी गोठ गोठालाका मालिक र उस्का साथीहरू मन्याका र घाइत्या लुटपिट गरी चौरी र आलमाल लुटीयो भनि तिमी वाङका द्वान्याले विन्तिपत्र र फर्द लेषि आफु वाङ्लाई चह्राई पठाउदा सोहीसारी हामी ताठिन छेउ आइपुग्यो फेरी भोट अम्वल केरूंका प्रजा उजिकुङकाले आफना परियारली आफु वाङका राज्येमा वसै गयो भनि त्यो ढेवाले थाहा पाउन्या वित्तिकै मानिस षटाई पछेडा लागि त्रिशुलगङ्गाको सांघुसम्म जांदा केरूंका झुपनले षटाई पठायाको मानिसले उजीकुङकालाई फेला पारी पक्री कुटपिट गर्दा आफुवाङका राज्यका ढेवाले पान सये षोलामा लैंगी राष्याको रहेछ. फेर भोटले धेरै पल्ट विजाई जवरजस्ति गन्यो भनि भोटसंग चह्राई गर्ना निमित्त फौज विदा गन्यौ भन्या वेहोराको विन्ति हामी ताठिनले विचार गर्दा भोटका अम्वल सार्षै ढेवाका जगामा अघी परापूर्वदेषि चौरीका गोठ राषि सामा गाउं लोहो गाउं २ ठाउंका प्रजाले सालवसाल षर्चरि तिर्दा घट्याको छैन भोटको मुलुक झुगा तरफवाट घोडा चढ्न्या सवार र पैदल मानिस ज्मा जना २५ अकस्मात आई ११ साल पौष मैंह्रामा सवै वाटुला भै गोठमा झै गोठका मालिक र उस्का साथीलाई मन्याका र घाइत्या धेरै जना र फेरी लुटि लैंगयाका चौरी र मालमत्ता लुटाहा मिचाहाले यस्तो जवरजस्ति गन्यो भनि आफु वाङ्ले अघी नै विन्ति गन्याको भया हामी ताठिनवाट भारादार षटाई सोझबुझ षसोषास गरि छुट्याई राज्यका निति थितिमा भयाको डंड सासना गर्नु पर्न्या हो. अघी आफु वाङ्ले अकस्मात श्री ५ वादसाहका पिछा परि आयापछि भोटसंग तिमीले झगडा गर्नुपन्यो भन्या हामी ताठिन छेउ विन्ति गरि पठाउनु पर्न्या हो. हामी ताठिनवाट जाहेर भै ठूलो काम भयादेषि अर्जि चह्राई पठाउला हुकुम वक्सनु भया सानु काम भया लगतै नजिकका भारादार षटाई काम छिनि दिउंला अघीदेषि गोठ राषी दुईतीरको मिलाप भैरह्याको ढेरै वर्ष भयो दुईतीरको वेपारीले आउदा जादा केही कुरा थीयेन पोरसाल १० मैंह्रामा आफुवाङ्वाट विन्ति गरी पठायाको चिठी हामी ताठिनले मनोग्य गरी विलम्व गन्याको होइन. हामी ताठिनले त्यो अर्जिको वेहोरा सवै लेषि चह्राई पठाउन्यु आफुवाङ्लाई पनि उत्तरा नआउज्याल पर्षनुपर्छ भनि चिठी पठायाको छ जो हुकुम मानि गन्याका काम दफदरमा पनि छदैछ. आज झुगाका भोट्याले गन्याका काममा आफुवाङ्ले त्यो झगराको वृत्तान्त अघी नै हामी ताठिनलाई लेषि पठायाको भया हामी ताठिनले उत्तरा नपठानज्याल पर्षनु पन्या हो अकस्मात भोटसंग चढाई पठाउछौ भन्या कुरालाई हामीले नजर गर्दै अचम्म भयौ विचार गर्दा भोट पनि श्री ५ वादसाहका अम्वल हो अस्ति आफुवाङ्वाट विन्ति गरी पठायाका चिठीमा हामीले श्री ५ वादसाहका हजुरमा अर्जि चह्राउदामा येक थोक लेषि चह्राउन्या मनले अर्को थोक गरि चोरी ढटिलुकि कपटी गरि काम गर्न्या होइनौ भन्या कुरालाई हतियार षजाना तयार गन्याका क्या कारण हो पोरका सालमा गुहार गर्न सिपाहि पठाउछौ भनि चह्राई पठायाको अर्जि गै सकियापछि षजाना तयार गन्यौ भन्याको अर्थ मनमा पाप चिताइ नभयाको कुराको फरेव उठाई गोर्षालिले भोटसंग लडन लाग्यो भनि भोटका ठाउंठाउंमा रह्याका कारिन्दाले लेषता ठाउंठाउंमा उर्दि गरि फौज तयार गर्न लाग्दा र आफुलाई संखा पर्न जांदा येस पटक विन्ति गरी पठायाका चिठीमा श्री ५ वादसाहका हकमा आषाले पनि हेर्न सक्तौन हात जरीनुह्याकाछौ भनि सवै कुरामा आफुवाङ्ले शरण पिछा परि मानि रह्याको वहुतै वढीया गन्याको रहेछ. आज यसो गरि मुर्ष मानिस भोट्यासित नमिल्याको काम पन्या छुटी गरि काम छिनि दिन्या हो निहु गरि चाडै भोटसंग सिपाहि चढाई गर्नाको मनसुवा गन्यौ आफुवाङ्ले यसो गन्या आकाश समान श्री ५ वादशाहसंग लाग्याको होइन भन्या मनमाता होला तर भोटले पिछा पन्याको पनी धेरै वर्ष भयो आफुवाङ पनि श्री ५ वादशाहका मेहरले रजाइ गरि रह्याको हो तिमी सवै श्री ५ वादशाहका मन्त्री हौ. आफ्ना स्वामीको हुकुम नसुनी नपर्ष्यादेखि आफ्नु मनोग्य

गरि अर्ध्याली गऱ्या. आकाश समान श्री ५ बादसाहको मेहरवानगि छाड्या पछि वेर्थहोला. श्री ५ बादशाहबाट आफुवाङ्लाई ठुलो मेहेर भयाको छ बाकि सिपाहिले हतियार ली तुजुक गर्दा अघीका पुरानीया बुंयादीले विचार गरि साह्रै सङ्कट पऱ्यो भन्या तव चह्राई गर्नु पर्न्या हो. आज आफुवाङ्ले गऱ्याका काममा आफ्ना राज्येका पर्जाले दु.ख पाउन्या र धनको षति हुन्या भोटका रैयतले पनि किराले हिरा विगाऱ्या जस्तो मात्रै हो दुईतिर पनि मिलाप गरिरह्याका हौ. आज मिलाप छुट्यापछि परंतु कसो गर्न्या हो मनले विचार गर्नुपर्छ. हामी ताठिनले विचार गर्दा यस्तो ता गर्न्या होइन. भोट र गोर्षा इ दुईका प्रजाका कामको विन्ति गरी पठायाको अर्थ २ तिरका प्रजाले वर्स सन्र्या अघिदेखि चली आयाको रीत थियो. त्यो उजिउङ्काले अघी वर्स नसर्दै आफ्ना झुपनलाई विन्ति गर्नु पर्न्या हो. वर्स गै सक्यापछि मानिस षटाई पछेडा लाग्न पठायाको क्यान हो. भोट्याले केरूंमा वस्ताषेर पनि दिनहु हिमायेत गर्दथ्यो सवैले देष्याको छ. आफुवाङ्ले त्यो मानिसलाई ताहा राष्याको क्यान हो पछेडा लागि पक्री लैजान्दा येसलाई यसो गऱ्याको क्यान हो भोट अम्वलका भोट्याले पनि षलवल गर्नन्. आफुवाङ्वाट जो भयाको वेहोराको विन्ति गरी पठाउंदा हामी ताठिनले पनि श्री बादशाहका हजुरमा अर्जि चह्राई पठाउनु आफुवाङ्वाट चह्राई पठायाको चिठी र फर्दको नकल सारि दस्षत लेषि वायुको चाल गरि टिगरिमा गै सोझवुझ विचार गर भनि षटाई पठायाका चिनिया भारादार भोट्या भारादारलाई दस्षतको वेहोरा वुझी काम गर भनि लेषि पठायाको छ औ झुगा तरफवाट लुटपिट गर्न आउन्या मानिस ज्मा जवान २५ लाई चांडै पक्री जालले छोप्या जस्तो येकलाई नउमकाई ल्याउनु र सवै समाति सक्यापछि जरादेषि छुट्याई जस्ताको तस्तो सोझवुझ गर साचो ठहऱ्या वित्तिकै आफूका राज्येका मानिस मऱ्याका र घाइत्या लुटीलीयाका चौरी र माल मत्ता सवै फर्काई दिनुपर्छ भनि चिठी लेषि पठायाको छ. यस्को उत्तरा आयापछि आफुवाङ्लाई पनि चिठी लेषि पठाउला यो चिठी ताहा पुग्या वित्तिकै आफ्ना सिपाहि फर्काउनु. हामी ताठिनवाट विचार गरी यो काम नछिनज्याल आफुवाङ्ले पर्षनु पर्छ अस्ति आहावाट चह्राई पठायाका अर्जिको उत्तरा प्रमान पनि यो साल लाग्दै २ मैन्हामा आइपुग्या छ आई पुग्या वित्तिकै छुट्टा छुट्टै गरी सवै भारादारलाई दस्षत लेषि पठाउला. अैल्हे सवै वाहि टिगरामा वाटुला भै संगै वसि आफुवाङ्ले चह्राई पठायाको चिठी र आहावाट पठायाको जर्माको वेहोरा हेरि हुकुम मानि येक येक गरि छुट्याई कत्ति अलमल नगरि जस्ताको तस्तो गरी छिनिछिन् र औ राज्य राज्यको कामकाज वेस गर्नलाई हामी ताठिनलाई श्री ५ बादशाहको हुकुम मेहर भै ह्लासामा वसि सवैलाई दयामाया गर भनि हुकुम भै आयाको हुं गोर्षा र भोट दुवैतिरलाई काष र पोल्टा गऱ्याको छैन. आज आफुवाङ्लाई क्रोध उठ्यार दस्तुर छोड्दा हामी ताठिनले आफुवाङ्लाई अति सिक्ष्या दियाको हो तिमी हामी चित्त मिलिरह्याका हुनाले आफुवाङ्ले वेस गरि चित्तमा राषि चाडै विचार गर्नु होला अघीता आफुवाङ्ले वढीयै गऱ्याको थियो अघी नीमकको सोझो गऱ्याको हो. आज वेर्थै हुनलाग्यो तस्कारण यो चिठीको वेहोरा समझी रहनु होला. तस अर्थको चिठी पठायाको हो हाङ्फोङ ५ साल २ महिनाका ३ दिन जांदा ह्लासा यामन शुभम—

वैशाख वदी ३ रोज ५ मा

श्री गोरखा सर्कारवाट ह्लासाका ट्युटारुन अम्वालाई लेषि गयाको भोटले हामिमाथि विजाइ विहुत गरि ज्यू मारि चौरीमाल आसवाफ गैह्र लुटी लैगयाका कुरामा आफुहरूवाट लेषि आयाको येक येक गरि हेरी सवै विस्तार वुग्यौ झुगा तरफवाट २५ जना मानिस आई मानिस मारी चौरी माल असवाफ लुटियाका कुराको अगावै आफुवाङ्ले विन्ति गऱ्याको भया डंड शासना गर्नु पर्न्यालाई डंड शासना गर्दाहुं भनि लेषनु भयाका कुरालाई यो मानिस मारि असवाफ लुटीयाका कुरा सुनी २।४ मैन्हा चुपलागी रहि ढीलो गरि आफुहरूलाई विन्ति गरि पठायाको भया आजसम्म यस्तो ढील गरि किन विन्ति गरी पठायौ भनि आफुहरूवाट लेषि आउनु पर्न्या हो सम्वत् १९११ साल पौष महिनामा मानिस मारि चौरी

असवाफ लुटियाको फर्द आई पुग्नी वित्तिकै उसै घडी लेषि पठायाको हो. हामीले ढील गरी लेषि पठायाको होइन भोटवाट वसै आउन्या उजीकुङगालाई थाम्याको क्या कारण हो भनि लेषनु भयाका कुरालाई आफ्ना खुसिले गोर्षा रैयतहरू वसै गया पनि वस्न दिनु भोटका रैयतहरू गोर्षाका मुलुकमा आफ्ना खुसिले वसै आउन्या-लाई पनि वस्नु दिनु भनि अघि वन्दोवस्त भै सहिछाप भयाका कागज हुनाले थाम्याको हो. अघि भोटले विजाइ विद्दत गरि ज्यू मान्याका सवै कुराको विस्तार लेषि यस्तो विजाइ विहुत गन्यापछि सहन सक्यौन. भोटमाथी चढाई गर्छौं भनि आफुवाङ छेउ लेषि पठायाको हो आफुहरूवाट जरादेषि निर्मल गरी षर्च लाग्यो भन्याका कुरा विचार गरी आफुवाङको चित्त वुझन्या गरि पठाउला भन्या लेषि आउदा घ्यालुङ ५७ साल देषि हाम्रा १९११ साल फागुन मैन्हासम्म भोटवाट भयाका विजाइ विहुत गन्याको सह्याकै थिऱ्युँ पछि भोटले आफुहरूको भय नराषि हाम्रो भोटका मुलुकमा षर्चरी तिरी वस्याकोलाई अकस्मात् भोटवाट मानिसहरू आई ज्यू मारी चौरी धनमाल लुटी लैजादा अचम्म मानि सहन नसकी भोटसंग चढाई गर्न निमित्त फौज रवाना गन्याको हो जस्तो हामी श्री ५ वादशाहलाई मान्याहुं उस्तै भोट हुन् हामी माथि अर्घ्यालो गर्न आउन्या भोटलाई कि त उन्को राज्ये हामि लिउला कित हाम्रो राज्य उनले लिनन् हतियार षजाना तयार गन्याको क्या कारण हो भनि लेषनु भयाको कुरालाई श्री ५ वादशाहलाई लेषि चह्राइ पठायाका अर्जिमा भोटले विजाई विद्दत गर्दा भोटसंग लडाञी गर्छौं भनि रामसुन्दर हस्ते चढाई पठायाको श्री ५ वादशाहका अर्जिमा भोटसंग लडाञी गर्छौं भनि लेषि चह्राया पछि मुषले येक थोक वोलन्या कामले अर्को थोक गर्न्या हामी होइनौ भनि आफुलाई लेष्याको हो. श्री ५ वादशाहका हकमा अघि पनि मुष पेतले येकन्च गरि मानि श्री ५ वादशाहको सोझो टहल गरि आयाको हो अव पनि मुष पेटले येकन्च गरि ज्यू धन लगाई टहल गर्न्यैछौ भोट मुलुक पनि श्री ५ वादशाहको हो गोर्षा पनि श्री ५ वादशाहको हो भोटले नेपाल जितना तापनि श्री ५ वाद-शाहका तावेमा छन् नेपालले भोटलाई जितौला तपनि श्री ५ वादशाहका तावेमा छदैछौ. आज भोटसंग लडन भनि केरू कुति झुगासम्म गयाका फौज फर्काउनु श्री ५ वादशाहवाट उत्तरा नआउजीसम्म पर्षनु भनि आफुवाङवाट लेषनु भयाका कुरालाई आजसम्म हाम्रो चित्त वुझन्या गरि वन्दोवस्त भोटवाट केही नगरि केरू कुति झुगा-सम्म गयाका फौजलाई फर्काउनु भन्या लेषि आउदा हामीलाई वहुतै आसर्ज्यै लाग्यो अघी भोटमाथि हाम्रा पुर्खाहरूले लुटपिट अन्याय गर्दा श्री ५ वादसाहवाट भोटको पक्षमै हाम्रो अम्वल भयाको मुलुक भोटलाई वक्सनु भयोथ्यो आज भोटले अन्याय गन्यापछि श्री ५ वादशाहवाट हाम्रो पक्षमै भोटको मुलुक हामीतिर लगाई वक्सनु पर्न्या जोग्या हो अघीदेषि चलिआयाको निसाप पनि यही हो अघिदेषि श्री ५ वादशाहका हजुरमा हाम्रो वोल विन्ति गरी दिन्या आफुहरूले पनि येही वेहोरा गरीदिनु पर्न्या जोग्य हो. आफुहरूवाट पर्षनु भन्या लेषि आउदा अचम्म मानि केरू कुति झुगासम्म पुग्याका फौजलाई वैशाष मैन्हाका १५ दिनसम्म भोटले हाम्रो लडाञीमा लाग्याको षर्च र अघि हाम्रा गयाको मुलुकमा केहि सहलह गन्या भन्या लडाञी थामि भोटसंग घा गर्न्या छौं भोटवाट लडाईलाई लाग्याको षर्च पनि दियनन्. गयाका मुलुकमा सहलह पनि गरेनन् भन्या भोटसंग अवश्य ताहादेषि वढी लडाञी छौं श्री ५ वादशाहका हुकलाई सरण पिछा परी मानि आयाको हो अव उप्रान्त पनि येकत्व गरि मान्येछौं शुभम्-

वैशाख वदि ३ रोज ५ मा

तस्तै वखतमा श्री प्राइम मिनिष्टरका हजुरमा श्री मिनि-ष्टर जनरलवाट चह्राई पठायाको पल्टनरम केरूदेषि सवाकोस वढी पाङसितारमा आङ जाहा वन्याको छ वाहा आइ वसी रह्याछु २ दिन भयो घाम लागिरहेछ षर-षजाना गैह्र सुकाउन्या काम गरि रह्याछु. औ रसुवा-देषि पाङसि टारसम्म वाटो वनाई ढुंगा गडाई लेषाई हुलाकको अडा ठाउंठाउंमा वसाई राष्या अवर रसदको तजवीजलाई मेरो चित्तमा लाग्याको येकै ठाउमा पल्टन रह्यादेपि मैला होला. रसद पनि ज्यास्ति पर्ला गलवा पनि वढला भन्या झै लाग्दा कुकुर घाटमा दारुवा

काट्न्या श्री गोरख वक्स कंपनि १ पाँडसिटारका अडामा मसंग रहन्या श्री भैरवनाथ श्री जङ्गनाथ पल्टन २ लुनने मा श्रीनाथपुराना गोरष पल्टन २ टिमुन्यामा श्री देवीदत्त पल्टन १ राषि ५।७ दिन पल्टन र केरूंग्या रैयत षलासि पिपाले रसद वोकाउन लाउनु भन्या लागिरहेछ. जो मर्जि सो माफिक गरूंला केरूंग्या रैयत पिपा षलासिले गरि केरूंमा रसद दाषिला भयाको ज्मा मुरि २२३० दाषिल भया मु. पार्सिटार शुभम–

वैशाष वदी ३ रोजमा

श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरलके लेषि गयाको ताहाका पिपा षलासि रैति मैन्हालाई रसद वरोवर वोकाउन लाउन्या काम वहुत वेस भयेछ. झुगावाट ढेवाले तिमीलाई लेष्याको चिठी र ढेवालाई लेषि गयाका तेसै चिठीका जवाप कामसौदा पठाई दियाछौं. मुनासिफ माफिक जवाप वढिया लेष्या छौं. केरूका ज्मा वंदी तयार भयाको कागज र आडको तसवीर पठायाछौ आइपुगी सवै विस्तार वुझीयो रसद वोकन पठायाका भाग्याका पिपा षलासि जना २५ लाई ताहा पनि षोज गर्न लाउनु. फलाना पट्टिको फलानु भनि छुट्याई भागन्या पिपा षलासिका नाउ नम्येसि लेषि कागज ताहा पठाउन्या काम गर्नु कपतानका छोराले पल्टनको अैयन नमान्या वाला ज्यूमा पनि हपकायाका कपतान उनका छोरा आयाका छन्. मसंग र वालाज्यूमा देषाथ्या फेरी केरूंमा वाटामा हिडदो रहेछ. र देष्याथ्या फेरी देष्याको पनि छैन आउदा पनि आउदैन येस्कामको पनि रहेनछ. अयेनले र चुक्या कै छ जो मर्जि भनि लेष्याका कुरालाई अइन वमोजिम काममा लाउनु काममा लाउदा पनि पल्टनका अइनमा मानेनन् र गाफिलमा रह्या भन्या नेल हालि राषनु भाग्न्याहरू येक दुई लाई नझुंडाया भागन छोड्न्या छैनन् अवउप्रान्त भागन्यालाई अइन वमोजिम झुंडाउन्या काम गर्नु ताहा हिउ र पानि वरोवर पर्दो रहेछ तस निमित्त छुन्दी गाउंदेषि पश्चिमपट्टिका घरमा षालि छ भन्दा वढीयै भयो षालि छैन भन्या भोट्याहरूलाई भनसुन गरि रुपिया पैसा तिनलाई दी राजि गराई षजाना राषन्या काम गर्नु षजाना राषन्या ठाउंमा आगाको वहुतै विचार गरि राषनु केरूंका षालि घ्याङको तजवीज गरि ताहाका लामाहरूसित पनि रसद राषन्या काम गर्नु घ्याङ देवदेवताका स्थानमा ढेवाले दिनु पर्न्या पाउंमा ढेवावाट दिन्या कुरा रैयेतवाट दिलाई दिनु आजसम्म चलिआया वमोजिम षातिर तसल्लहका दस्षतहरू गरि राजिसंग राषन्या काम गर्नु ह्लासाका अम्वावाट आयाको चिठीको नकल येसै चिठिको जवाफ गयाका मसौदाको नकल पठाई दियाको छ. विस्तार तेसैले वुझीयेला शुभम–

(क्रमशः)

ABOUT THE AUTHORS

Dr. Niels Gutschow	—German Research Scholar
Dr. Gotz Hagmuller	—Co-ordinator, Patan Durbar Keshab Narayan Chowk Restoration Project (Austria)
Dr. Franz-Karl Ehrhard	—Co-ordinator, Nepal-German Manuscript Preservation Project, Nepal.
Mr. Ratnakar Devkota	—Research Scholar, Nepal.
Dr. Tirtha Prasad Mishra	—Reader, Central Department of History, Kritipur Campus, T. U., Nepal.
Mr. Gyan Mani Nepal	—Research Scholar, Nepal.

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field -archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be n double space and one side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.